अंक - ९
Volume – 9


THE VOICE OF TRUTH INTERNATIONAL- NEPAL

# सत्यवाणी

## नेपाल

येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ।"
(यूहन्ना १४:६)

# पुरानो करारको मन्दिरको संरचना



# मण्डलीहरुबारे इतिहासका वाणी

प्रमुख धार्मिक अंगहरुका स्थापनाबारे बिगत २००० वर्षको अभिलेखले यी तथ्यहरु देखाउँछ।

| मण्डली | संस्थापक | स्थान | समय |
|---|---|---|---|
| खीष्टको मण्डली | येशू खीष्ट | यरुशलेम | इ.सं. ३३ |
| रोमन क्याथोलिक | बोनिफेस-३ | रोम | इ.सं. ६०६ |
| लुथरन | मार्टिन लुथर | जर्मनी | इ.सं. १५२० |
| इपिसकोपलियन | हेर्नरी-८ | इङ्गल्याण्ड | इ.सं. १५३४ |
| प्रेसबिटरियन | जोन क्यालभिन | स्विटजरल्याण्ड | इं सं. १५३६ |
| कनग्रिग्रेसनल | रोबर्ट ब्राउनी | इङ्गल्याण्ड | इ.सं. १५५० |
| ब्याप्टिस्ट | जोन स्मिथ | होल्याण्ड | इ.सं. १६०७ |
| मेथोडिस्ट | जोन वेस्ली | इङ्गल्याण्ड | इ.सं. १७३९ |
| लाटर डे सेन्टस् (मोमर्न) | जोसेफ स्मिथ | अमेरिका | इ.सं. १८३० |
| एडभान्टिस् | विलियम मिलार | अमेरिका | इ.सं. १८३० |
| खीष्टियान साइन्टिस्ट | मेरी बेकर इडि | अमेरिका | इं सं. १८६६ |
| योहोवाका साक्षीहरु | चाल्स टि. रसेल | अमेरिका | इंसं १८७२ |

# ख्रीष्ट- सबैभन्दा महान हुनुहुन्छ।

**येशू ख्रीष्ट**
**मोशाभन्दा**
**महान हुनुहुन्छ।**
(हिब्रू १२:१–१९)

**येशू ख्रीष्ट**
**अगमवक्ताहरू**
**भन्दा महान हुनुहुन्छ।**
(हिब्रू १:१–३)



**येशू ख्रीष्ट**
**सबै मानिसहरूभन्दा**
**महान हुनुहुन्छ।**
(हिब्रू १:१–३)

**येशू ख्रीष्ट**
**स्वर्गदूतहरू**
**भन्दा महान हुनुहुन्छ।**
(हिब्रू १:४)

**येशू ख्रीष्ट**
**हारूनभन्दा**
**महान हुनुहुन्छ।**
(हिब्रू ५:१–८)

**येशू ख्रीष्ट**
**यहोशू भन्दा**
**महान हुनुहुन्छ।**
(हिब्रू ४:१–१६)

# The Voice of Truth International


**Staff:**

Editor : Louis Rushmore
Associate Editor : Jerry Bates
Editor Emeritus : Byron Nichols
Founding Editor : J.C. Choate

**ENGLISH EDITION IN INDIA AND BRAILLE EDITION:**
***Managing Editors:***
Philemon Rajah & Kingsly Rajah

**TELUGU EDITION:**
***Managing Editor, Translator:***
Joshua Gootam

**TAMIL EDITION:**
***Managing Editor, Translators:***
Benny Martin, S. Rajanayagam

**HINDI EDITION:**
***Managing Editor:***
Earnest Gill

**PAITE EDITION:**
***Managing Editor:***
Thang Lien

**NEPALI EDITION:**
***Managing Editor, Translators:***
Gajendra Deshar

**MARATHI EDITION:**
***Managing Editor:***
Amul Bansod



**Printed and Published in Nepal by:**

**Nepal Center for Biblical Study**
**Chapagaun Church of Christ**
**Seraphat, Chapagaon,**
**Godawori Municipality-11,**
**Lalitpur, Nepal**

**Publisher:**
The Voice of Truth Nepal
P.O.Box: 25999
Kathmandu, Nepal


Please send Nepali articles for publication to
**<votinepal@gmail.com>**

कृपया आफ्ना लेखहरु छन भने प्रकाशनको निम्ति माथीको इमेल र पोष्ट बक्समा पठाउनु हुन विनम्र अनुरोध गर्दछौ ।


**THE VOICE OF TRUTH INTERNATIONAL** is published by churches of Christ as non-profit effort. Write to us at World Evangelism, P.O.Box 72, Winona, Mississippi, 38967, USA. Phone: 662-283-1192; Email address: Choate@worldEvangelism.org.


**THE CHURCHES OF CHRIST SALUTE YOU** (Romans 16:16)

# विषयसूची


## परमेश्वर

परमेश्वर सक्षम हुनुहुन्छ............................................................ ६
चील जस्तै............................................................ १०
येशू परमेश्वर हुनुहुन्छ............................................................ १२
येशूको बलिदान............................................................ १४
के तपाई पवित्र आत्माको कुरा सुन्दै हुनुहुन्छ?.................................. १६

## प्रमाणहरु

बाइबलमा केही बैज्ञानिक तथ्यहरु............................................ १८

## परमेश्वरको वचन

उपयुक्त लुक्ने स्थान............................................................ २२
के हामीले बाइबललाई एकै किसिमले नबुझेकोमा परमेश्वर दोषी हुनुहुन्छ? २६
पवित्र धर्मशास्त्रको मूल्य............................................................ २८

## मुक्ति

नामानको त्रुटि............................................................ ३०
मानिसको विभाजित स्वभाव ............................................................ ३४

## मण्डली

परमेश्वरको राज्य र प्रभु येशू खीष्टसँग सम्बन्धित विषयहरु............... ३७

## शिक्षाद्धारा जीउने

चोट लाग्दा पनि............................................................ ३९
अरु कुनै शिक्षा होइन्............................................................ ४१
अधिकार............................................................ ४३
सत्य बोल्दै (प्रेममा)............................................................ ४५
खमीर फैलिन्छ............................................................ ४७

## खीष्टियानिटी कार्यमा

मार्था वा मरियम............................................................ ४९
सेवाको कामको निम्ति सुसज्जित होऊन्........................................ ५२
चुपचाप कष्ट सहनु............................................................ ५४

## आराधना

के एक जना व्यक्ति आफैले आराधना गर्नु धमशास्त्रीय हो? त्यहाँ कम्तिमा दुई वा तीन हुनु पर्दैन? (मत्ती १८:२०)........................................ ५७

किन मानिसहरुले भेटी दिनुपर्छ?.................................................. ५८
किन बाइबलको मण्डली प्रत्येक आइतबार प्रभुभोजमा सहभागी हुन्छ?... ६०

## दैनिक खीष्टियान जीवन

कठिनाइहरु सामान्य अस्तित्वका हिस्सा हुन्.................................... ६७
के म मण्डलीमा जानुपर्छ?........................................................ ६८
मण्डली वृद्धिको निम्ति मैले के सहायता गर्न सक्छु?.......................... ६९
विवेकहीन सुन्दरी स्त्री.............................................................. ७१
एउटा उदाहरण हुनु................................................................ ७३

## खीष्टियान घर

सकारात्मकरुपमा प्रशिक्षण......................................................... ७९
आफ्ना बालबच्चाहरुलाई माया गर्नुहोस्......................................... ८२

## पाठ्य अध्ययन

१ तिमोथी ४:१.......................................................................... ८५
पवित्र आत्मासित बप्तिस्मा......................................................... ८७

## बाइबल चरित्र

येशूले प्रेम गर्नुभएको चेला....................................................... ८९
नयाँ  नियमका केही महत्वपूर्ण व्यक्तिहरु........................................ ९१

## बाइबल प्रश्न

के मैले किन दिनुपर्छ?............................................................ ९३
के एउटा अर्को जत्तिकै राम्रो छ?.................................................. ९५
सुसमाचार पालन गर्नु को अर्थ के हो?........................................... ९७
जबसम्म आफ्ना पिताको राज्यमा तिमीहरुसँग नयाँ गरी पिउँदिनँ......... ९८

## प्रवचन रुपरेखा

सुसमाचार प्रचार अहिले र पछि.................................................. ९९
भोजमा आउनुहोस्.................................................................. १००
पदको खोजी......................................................................... २४
तपाई कसरी नाप्नुहुन्छ?.......................................................... ४८
पाँच मिनेट बाइबल अध्ययन...................................................... ५६
प्रसन्न हृदय असल औषधी हो- हितोपदेश १७:२२.............................. ६५
महत्वपूर्ण पदहरुका छिटो टिप्पणी.............................................. ६६
म को हुँ?............................................................................. ७७
म कहाँ छु?.......................................................................... ७८

# परमेश्वर सक्षम हुनुहुन्छ ।

– जेरी बेट्स



एफिसी ३:२० मा हामी एउटा रोचक वाक्यांश पढ्न पाउँछौं । हामीले सोध्न वा सोच्न सक्ने भन्दा अझ धेरै कुरा गर्न परमेश्वर सक्षम हुनुहुन्छ भनी यो पदले पुष्टि गर्छ । “सक्षम” शब्दको लागि ग्रीक शब्द दुनामाइ हो, जुन शब्दबाट हामीले डाइनामाइट शब्द प्राप्त गर्छौं । यसको अर्थ शक्ति हुनु हो । परमेश्वरमा ठूलो शक्ति छ, तर कति शक्ति छ भन्ने प्रश्न हो? प्राय मानिसहरुले सोच्छन् कि परमेश्वर मानिस जस्तै, ठूलो र “सामान्य” मानिस भन्दा धेरै शक्तिशाली हुनुहुन्छ, तर पनि मानिस जस्तै हुनुहुन्छ । तापनि, केही मानिसहरुले अचम्मका कामहरु गर्न सक्छन् । केही समय अगाडी “अदभूत मानव” नामक टिभी कार्यक्रम चलेको थियो । यसले अनौठो क्षमता भएका संसारभरका मानिसहरुका कथाहरु देखाउँछ । यस्तै एउटा कथामा एकजना मानिस सामेल थियो जो कुनै न कुनै रुपमा आफूलाई कुनै हानि नगरी २२० भोल्टभन्दा बढी बिजुलीको ढ्डकन निकाल्न सक्ने क्षमता राख्थ्यो । धेरैजसो व्यक्तिहरुलाई मार्ने बिजुलीको

करेन्टले उनलाई कुनै हानि पुऱ्याएन् । साँच्चै त्यहाँ केही "अदभूत शक्ति र क्षमाता भएका मानिसरु" छन् ।

के परमेश्वर मात्र "अलौकिक" शक्ति हुनुहुन्छ? यशैया ४०:१८ मा यशैयाले एउटा महत्वपूर्ण प्रश्न सोध्छन् । "तब तिमीहरु परमेश्वरलाई कससित तुलना गर्नेछौ? अथवा केको प्रतिरुपसित उहाँको तुलना गर्नेछौ?" समान अभिव्यक्ति यशैया ४०:२५ मा पनि पाइन्छ । के हामी परमेश्वरलाई एक अदभूत मानिससँग तुलना गर्न सक्छौं? परमेश्वरको शक्ति कति छ भनेर हामी कसरी निर्धारण गर्न सक्छौं? उहाँको शक्तिलाई निर्धारण गर्ने एउटा तरिका भनेको उहाँको नामद्धारा हो । उत्पति १४:१८ मा, हामीलाई मल्कीसेदेकसँग परिचय गराइन्छ, जसलाई "सर्वोच्च परमेश्वर" को पूजाहारी भनेर वर्णन गरिएको छ । यो हिब्रू शब्द, "एलियोन" बाट आएको हो, जसको मूल अर्थ बलियो व्यक्ति भन्ने हुन्छ । परमेश्वरलाई पूर्ण सार्वभौमसत्ताको रुपमा प्रतिनिधित्व गरिएको छ । उत्पति २१:३३ मा परमेश्वरलाई "अनन्त परमेश्वर" भनिएको छ । हामी साधारणरुपमा सोच्दछौं कि यसमा समय समावेश छ, जुन यसले स्पष्ट रुपमा भन्दछ, तापनि यसले त्यो भन्दा पनि बढी समावेश गर्दछ । परमेश्वर अनन्त हुनुहुन्छ भन्ने केवल अर्थमा मात्र होइन् कि त्यहाँ कुनै सुरु व अन्त्य छैन्, उहाँ प्रत्येक अभिलेखमा पनि असीमित हुनुहुन्छ । हरेक गुण (जस्तैः प्रेम, दया, महिमा, सत्य, धार्मिकता, आदि) असीमित छ । उहाँको प्रेम ज्ञानभन्दा माथि छ भनी पावलले गवाही दिए (एफिसी ३:१९) । उत्पति १७:१ मा, परमेश्वरलाई "एल शदाइ", सर्वशक्तिमान परमेश्वर भनिएको छ । सन्दर्भ इसहाकको जन्मको घोषणाबारे थियो । अब्राहामलाई विश्वस्त पार्नको लागि उसले छोरा जन्माउनेछ, परमेश्वरले अब्राहामलाई उहाँ सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ भनेर सम्झाउनुभयो । जब सारा हाँसिन्, परमेश्वरले सोध्नुभयो, "के परमप्रभुको निम्ति कुनै कुरो कठिन छ?" (उत्पति १८:१४) । परमेश्वर जत्तिकै ठूलो अरु शक्ति छैन् । निस्सन्देह, यी नामहरुले कुनै मानिसलाई वा "अदभूत मानिस" लाई वर्णन गर्न सक्दैनन् । परमेश्वरको शक्ति उहाँका कर्महरुद्धारा प्रदर्शन भएको देखिन्छ ।

परमेश्वर सृष्टिकर्त्ता हुनुहुन्छ । "आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ । र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ" (भजनसंग्रह १९:१) । हिब्रू लेखक घोषणा गर्दछ कि संसार नदेखिने चीज अर्थात, शून्यताबाट बनेको थियो । कुनै मानिसले त्यसो गर्न सक्दैन् । मानिसले केही

अचम्मका चीजहरु सही तरिकाले राख्न सक्छ, तर तिनीहरु सधै केही कुराबाट सुरुवात हुन्छन्, र यसलाई पूर्ण फरक रुपमा परिवर्तन गर्छन् । सन् २०१०, मे २० को विज्ञान पत्रिकामा, एक जीव वैज्ञानिकहरुले टेस्ट ट्युबमा कृत्रिम जीवनलाई "सृजना" गरेको दाबी गऱ्यो । यद्यपि, सोही लेखले यो पनि बताएको थियो कि उनले प्रशोधन गरिएको सिन्थेसाइजबाट चार बोतल रसायनलाई कम्प्युटरमा राखेर प्रयोग गरेका थिए । साँचो "सृष्टि" भनेको शून्यबाट केही बन्नु हो; त्यसैले, यो "सृष्टि" शब्दको लागि योग्य हुनेछैन् । विपरित शानदार दावीहरुको बावजुद कुनै मानवले सिर्जना गर्न सक्दैन ।




परमेश्वरको शक्ति उहाँको वचनमा पनि प्रदर्शन गरिएको छ । संसारलाई अस्तित्वमा ल्याउन केवल परमेश्वरले बोल्नुभयो । "अनि परमेश्वरले भन्नुभयो, उज्यालो होस् । तब उज्यालो भयो" (उत्पति १:३) । ख्रीष्ट पृथ्वीमा हुनुहुँदा पनि बोल्नुभयो, र लाजरस मृत्युबाट बौरी उठ्यो । एउटा घटनामा ठूलो आँधी बेहरी आउँदा ख्रीष्ट गालीलको समुन्द्रमा आफ्ना चेलाहरुसित हुनुहुन्थ्यो । तिनीहरु बाँच्दैनन् भनी चेलाहरुले सोच्न थाले, येशूले आँधीलाई हर्कानुभयो, बतास र छालहरुले पनि उहाँको वचन माने । "त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ । त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ" (यशैया ५५:११) । निस्सन्देश, कुनै मानिसहरुमा त्यस्तो शक्ति छैनन् ।

मानिसको विपरित, परमेश्वर सक्षम हुनुहुन्छ । सक्षम भनी अनुवाद गरिएको ग्रीक शब्द एफिसीमा अन्य चार पटक प्रयोग गरिएको छ, हरेक पटक मानिसले केही गर्न सक्षम भएको सन्दर्भमा उल्लेख गरेको छ । यद्यपि, यो चाखलाग्दो कुरा हो कि प्रत्येक अवस्थामा, हामी यो गर्न सक्षम छौं किनभने परमेश्वरले हामीलाई पहिले केही दिनुहुन्छ । एफिसी ३:४ मा पावलले पुष्टि गर्दछ कि हामी परमेश्वरको रहस्य बुझ्न सक्छौं, यद्यपि हामी

यसलाई केवल उहाँले मानिसलाई प्रकट गर्नुभएको कारणले बुझ्न सक्छौं । हामीले परमेश्वरको हात-हतियार धारण गरेका छौं भने मात्र हामी शैतानलाई जित्न सक्छौं भनी पावलले एफिसी ६:११ मा गवाही दिन्छ । त्यसको दुई पद पछि, पावल भन्दछ, "...परमेश्वरका सम्पूर्ण हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खडा हुन सक्ने होओ ।" परमेश्वरको हात-हतियार लगाएर मात्र हामी शैतानको विरुद्धमा खडा हुन सक्छौं । हामीले परमेश्वरको सम्पूर्ण हातहतियार लगायौं भने, हाम्रो विरुद्धमा शैतानले ल्याउने जुनसुकै शक्तिलाई हामी जित्न सक्षम हुनेछौं । एफिसी ६:१६ मा, हामीलाई विश्वासको ढाल लिन आग्रह गरिएको छ, जसद्वारा हामी शैतानको आगो निभाउन सक्षम हुन्छौं । ध्यान दिनुहोस् कि प्रत्येक अवस्थामा हामी केही गर्न सक्षम छौं किनभने परमेश्वरले हामीलाई सक्षम बनाउनुहुन्छ ।

माथिको छलफलको तात्पर्य के हो? आत्मिक रुपमा, हामी एक्लै केही गर्न सक्दैनौं । परमेश्वर सक्षम हुनुहुन्छ, र उहाँको सहायताले हामी सक्षम हुन्छौं । उहाँ बिना, हामी केही गर्न सक्दैनौं । हाम्रो आफ्नै शक्तिमा जीवन बिताउनु पर्दैन । हामीले उहाँमा भरोसा गरेको परमेश्वर चाहनुहुन्छ, र हामीले गर्नुपर्छ, किनभने उहाँमा अपार शक्ति छ । स्वार्थी पापी हृदय लिएर उहाँले यसलाई आफ्नै स्वरुपमा बनाउन सक्नु हुनुहुन्छ । उहाँले हामीलाई जे गर्न चाहनुहुन्छ त्यो गर्न सक्नुहुन्छ । पावल भन्दछ, "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु" (फिलिप्पी ४:१३) । कोही-कोही यस पदलाई सन्दर्भबाट बाहिर निकाल्छन् र हामीले ख्रीष्टमा विश्वास गरुञ्जेलसम्म हामी जे गर्न चाहन्छौं त्यो गर्न सक्छौं भनी जोड दिन्छन् । तर पावलले त्यो सिकाउँदैनन् । यद्यपि, उनले सिकाउँदैछन् कि हामी कुनै पनि परीक्षा सहन सक्छौं वा कुनै पनि प्रलोभनको सामना गर्न सक्छौं किनभने अनन्त र सर्वशक्तिमान ख्रीष्टले हामीलाई जित्ने शक्ति दिनुहुनेछ । उहाँसँग, हामी यो गर्न सक्छौ; उहाँ बिना, हामी केही गर्न सक्दैनौं । परमेश्वर सक्षम हुनुहुन्छ, र उहाँले हामीलाई सक्षम बनाउनुहुन्छ ।

❀

**"उहाँलाई, जसले हामीभित्र कामगर्ने उहाँको शक्ति अनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ" (एफिसी ३:२०) ।**




पर्यावरणविद्हरुले आज चीलको बारेमा धेरै कुरा गरिरहेका छन् । तिनीहरु चीललाई लोपोन्मुख प्रजातिको रुपमा संरक्षण गर्न चाहन्छन् । आउनुहोस् बाइबलले चीलबारे जे भन्दछ, त्यसलाई हेरौं र त्यसबाट ख्रीष्टियानहरुले धेरै कुरा सिकौं ।

"...तिनको वास्ता गर्नुभयो, उहाँले तिनलाई आफ्नो नानीझैं रक्षा गर्नुभयो- गुँडलाई हल्लाएर आफ्ना बचेराहरुमाथि हावामा उडिरहने, पखेटा, फैलाई बचेराहरुलाई थाम्ने, र आफ्ना प्वाँखमाथि ती बोक्ने गरुडले झैं । परमप्रभु एक्लैले तिनलाई अगुवाई गर्नुभयो..." (व्यवस्था ३२:१०-१२) ।

"मैले मिश्रीहरुलाई के गरें, र तिमीहरुलाई कसरी गरुडका पखेटामा झैं बोकेर मकहाँ ल्याएँ, सो तिमीहरुले देखेका छौ" (प्रस्थान १९:४) ।

"तर परमप्रभुको आशा गर्नेहरुको बल फेरि नयाँ हुनेछ । तिनीहरु गरुडझैं माथि-माथि उड्नेछन्..." (यशैया ४०:३१) ।

चील संसारको सबैभन्दा ठूलो र शक्तिशाली चरा हो । केही चीलहरु पाँच देखि छ किलो सम्म हुन्छ र तिनीहरुको पखेटा लगभग सात फिट लामो हुन्छ । टाउको देखि पुच्छरसम्मको लम्बाइ ३०-४० इन्ची हुन्छ । तिनीहरु १०,००० फिटको उचाइसम्म पुग्न सक्छ । तिनीहरु प्रतिघण्टा ३०

किलो मिटरको गतिले उड्न सक्छन् भने प्रति घण्टा १०० किलो मिटरको गतिमा तल झर्न सक्छन् । तिनीहरु जंगलमा ३० वर्ष सम्म बाँच्न सक्छन् । आँखाको शक्ति मानिसको भन्दा आठ गुणा तेज हुन्छ । नर चीलहरु पोठी भन्दा सानो हुन्छन् । तीन महिनामै तिनीहरु उड्न सिक्छन् ।

प्राय जसो अग्लो रुखहरु वा चट्टानहरुमा चीलले गुँड बनाउँछन् । चीलहरुको गुँडलाई आइरी भनिन्छ । गुँड मुख्यतया लट्ठीहरुबाट बनेको हुन्छ र तिनीहरु बनाउँदै गर्दा प्रायः ताजा हरियो पातहरुले लाइन लगाइन्छ । वर्षमा एक पटक, पोथीले एउटा वा दुईवटा अण्डा दिन्छन्, र तिनीहरुलाई होसियारीपूर्वक हेरचाह गरिन्छ । लगभग चालीस दिनमा बच्चा ननिस्किएसम्म कहिलेकाहीँ नर चीलले पनि हेरचाह गर्छन् । त्यसपछि आमाबाबु दुवैले गुँडको रक्षा गर्छन् र बच्चाहरुलाई खाना ल्याउँछन् ।

लगभग एघार वा बाह्र हप्तामा, एउटा जिज्ञासाका कुरा हुन्छ । यदि चीलहरु आफै बाहिर निस्केका छैनन् भने, अभिभावक चीलले गुँडलाई हल्लाइदिन्छ, बच्चा चीलहरुलाई बाहिर निकाल्छ । जवान चीलहरुलाई खुल्ला हावाको त्रासमा फ्याँकिदिन्छन्, अझै पनि यो उडान अभ्यासमा नौलो हुन्छन् । अभिभावक चील महत्वपूर्ण क्षणको प्रतिक्षा गर्दै सावधानीपूर्वक घुम्छ । पखेटा फराकिलो भएकोले, चीलले ती बच्चाहरुको मुनि तल झरेर तिनीहरुलाई आइरीमा सुरक्षितसाथ फर्काएर ल्याउँछन् ।

हाम्रो परमेश्वर शक्तिशाली कोमलताको हुनुहुन्छ । हाम्रो एउटै परमेश्वर हुनुहुन्छ जसको समय सिद्ध छ । अभिभावक चील जस्तै, उहाँ हाम्रा आवश्यकताहरुप्रति संवेदनशील हुनुहुन्छ । उहाँ जान्नुहुन्छ कि जब उपयुक्त समय आएपछि हामी खुल्ला रुपमा जिउन सकोस् भनेर परमेश्वरले हाम्रो स्थानलाई हलचल गराउनुहुन्छ । तकि हामी आफ्नो स्थानबाट बाहिरी आएर जिउन सकोस् । यो जीवनको राम्रो प्रशिक्षण परमेश्वरले दिनुहुन्छ । उहाँले पनि होसियारीपूर्वक हेर्नुहुन्छ, र हामी नखसोस् भनेर पखेटा फैलाएझै हामीलाई समात्नुहुन्छ, र उहाँकहाँ ल्याउनुहुन्छ । हाम्रो फडफड र फटकोबाट हामीले सिकेको चाहनुहुन्छ । उहाँ चाहनुहुन्छ कि हामीले हाम्रो त्रासलाई छोडेर उहाँमा भरोसा गर्न सिकोस् । त्यसपछि, हाम्रो अभिभावक चीलमा हाम्रो आँखा जुडाएर, हामीले चीलको पखेटामा उड्नुको अर्थ के हो भनेर जान्न थाल्नेछौं ।

❀

# येशू परमेश्वर हुनुहुन्छ ।

- ग्यारी सी ह्याम्पटन



आज, कसैको छोरा उसको पुरुष वंशज हुन्छ वा उसलाई धर्मपुत्रको रुपमा स्वीकार गरेको हुन्छ । यद्यपि, ख्रीष्टलाई अर्को कारणले "परमेश्वरको पुत्र" भनिएको थियो । पक्का हुनको लागि, उहाँ जन्मद्धारा परमेश्वरको पुत्र हुनुहुन्थ्यो (लूका १:३४,३५), तर "परमेश्वरको पुत्र" शीर्षकले प्रायः येशूलाई परमेश्वरको जस्तै स्वभाव भएको जनाउँछ । जब येशूले परमेश्वरलाई आफ्नो पिता भन्नुभयो, यहूदीहरुले बुझे कि उहाँ परमेश्वर नै हुनुहुन्छ भनेर दाबी गर्दै हुनुहुन्छ (यूहन्ना ५:१७-२४) । तिनीहरु सही थिए । येशू परमेश्वर हुनुहुन्छ ।

## येशू आदिमा हुनुहुन्थ्यो ।

येशूले प्रेम गर्नुभएको प्रेरित, यूहन्नाले हामीलाई बताउँछ कि येशू पृथ्वीमा आउनुभएको परमेश्वर हुनुहुन्थ्यो । "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । उहाँ आदिमा

परमेश्वरसँग हुनुहुन्थ्यो । सबै थोक उहाँद्धारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन" (यूहन्ना १:१-३) । आदिमा वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो भनी यूहन्ना भन्दछ ।

सबै चीज उहाँद्धारा बनाएको हो भन्ने प्रमाणले नै उहाँ परमेश्वर हुनुहुन्छ, किनकि परमेश्वर सृष्टिकर्त्ता हुनुहुन्थ्यो । "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो" (उत्पति १:१; कलस्सी १:१६,१७ तुलना गर्नुहोस्) । वचन परमेश्वर हुनुहुन्थ्यो, यूहन्नाले स्पष्ट रुपमा येशू नै वचन हुनुहुन्छ भनी देखाउँछ । "अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो" (यूहन्ना १:१४) ।

## येशू परमेश्वरको चम्किलो स्वरुप हुनुहुन्छ ।

हिब्रू लेखकले येशूलाई परमेश्वरको रुपमा प्रकट गरेका थिए । "उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरुप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्हाल्नुहुन्छ । पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो" (हिब्रू १:३) । डब्लु. इ. भाइनको भनाइले येशू परमेश्वरको महिमाको चम्किलो र उहाँको स्वभावको प्रतिरुप हुनुहुन्थ्यो भनी बताउँदछ ।

पद ८ मा हिब्रू भाइहरुलाई सम्बोधन गर्दै अभिप्रेरित लेखकले भजनसंग्रह ४५:६,७ बाट उद्धघृत गरेका छन् । उनी भन्दछन् कि परमेश्वर, पिता येशूसँग बोल्दै हुनुहुन्छ जब उहाँले भन्नुहुन्छ, "हे परमेश्वर, तपाईको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ, र न्यायको राजदण्ड तपाईका राज्यको राजदण्ड हुनेछ ।" अर्को शब्दमा भन्नुपर्दा, परमेश्वर पिताले ख्रीष्टलाई पुत्र, परमेश्वर भनिरहनुभएको छ । ❀

**"आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो । सबै थोक उहाँद्धारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन"**

**(यूहन्ना १:१-३) ।**

# येशूको बलिदान

- एन्ड्रयू हाउस



तपाईको जीवनको कुनै बिन्दुमा, आशा छ कि तपाईले कम्तिमा कसैबाट येशूले गर्नुभएको बलिदान बारे सुन्नुभएको हुनुपर्छ । चाहे त्यो प्रचारकले प्रवचनमा उल्लेख गरेको होस् वा साथीहरुसितको कुराकानीमा होस्, येशूको बलिदानबारे विगत दुई हजार वर्षदेखि चर्चा गरिएको छ । म स्वीकार गर्छु, कहिलेकाहीँ जब म येशूको बलिदानबारे सोच्दछु, म उहाँलाई क्रूसमा मर्नु भएको बारेमा मात्र सोच्दछु । उहाँले संसारलाई उद्धार गर्न के गर्नुभयो भन्ने मेरो दृष्टिकोण ती क्षणहरुमा धेरै सीमित छ, र म विश्वास गर्दछु कि हामी सबैले कुनै न कुनै समयमा येशूले गर्नुभएको पूर्ण बलिदानलाई महसुस नगरेकोमा दोषी हुनेछौं ।

मत्ती २६:४७ मा यहूदाले येशूलाई लगेको भीडको वर्णन गर्दछ । तिनीहरु तरवार र लौरा लिएर आएका थिए । के येशूलाई पकन हतियार सहितको भीड आवश्यक थियो? हामी जान्दछौं कि जवाफमा “थिएन” भन्ने हुन्छ । येशू कुनै अपराधी हुनुहुन्थिएन् । १ पत्रुस २:२१,२२ ले बताउँछ कि उहाँ पापरहित हुनुहुन्थ्यो । त्यसोभए एउटा निर्दोष मानिसलाई अपराधी जस्तै घिसार्नु कत्ति अपमानजनक हुन्थ्यो? यद्यपि, येशूले आफूलाई बचाउन केही गर्नुभएन्, किनभने यो सबै परमेश्वरको योजनाको हिस्सा थियो ।

मत्ती २६:५९,६० ले बताउँछ कि मुख्य पूजाहारीहरु, एल्डरहरुले झूटा गवाहीहरु खोजे । येशूलाई दोषी ठहराउन र उहाँलाई मृत्युदण्डको सजाय दिनको लागि महासभा (यहूदी अदालत) एकसाथ उपस्थित भएका थिए । तिनीहरुले उहाँलाई आफ्नो अदालतमा मुद्दा हाले र उहाँलाई दोषी ठहाराउनको लागि झुटो गवाही दिए । धेरैले नयाँ परीक्षणको लागि लड्ने छन्, तर येशू लड्नुभएन । उहाँ त्यसैसँग जानुभयो, किनभने यो सबै परमेश्वरको योजनाको अंश थियो ।

त्यसपछि मत्ती २७ औं अध्यायमा, येशूलाई मुख्य पूजाहारीहरु र

एल्डरहरुद्धारा पिलातसको अगाडि ल्याइयो किनभने तिनीहरुले रोमी साम्राज्यमा हस्ताक्षर नगरी मृत्युदण्डको सजाय पूरा गर्न सकेनन् । पिलातस, शासकको अघि मुद्दा ल्याएको थियो जहाँ कुराहरु ठीक गर्ने मौका थियो । येशूले कुनै गल्ती नगर्नु भएको थाहा पाएपछि येशूलाई छुटाउने शक्ति पिलातससँग थियो । तर यसको सट्टा, पिलातसले भीडलाई शान्त पार्ने प्रयास गरेर अझै पनि येशूलाई बाहिर निकाल्ने उपायहरु खोजे । उनले भन्यो कि चलन अनुसार एउटा कैदीलाई रिहा गर्नेछ, (मत्ती २७:१५)- या त येशू वा बारब्बास, जो एउटा कठोर अपराधी थिए । मूख्य पूजाहारीहरु र शास्त्रीहरुले भीडलाई येशू भन्दा बारब्बासलाई छान्न उत्प्रेरित गरे । येशूलाई कल्पना गर्नुहोस्, भर्खरै गलत रुपमा दोषी ठहरिएको छ, तपाईको भाग्य उनीहरुको हातमा राखेको भीडको अगाडि उभिएको छ, तिनीहरुले एक हत्यारा चुन्यो ।

त्यसपछि मत्ती २७:२६ मा येशूलाई कोर्रा लगाइयो । कोर्रा लगाउनेमा कसैले कैदीको ढाडमा कोर्रा हान्ने कुरा सम्लग्न थियो । तिनीहरुले प्रयोग गर्ने कोर्राहरुमा सामान्यतया काँच, फलाम, हाड र धातुका तीखो टुक्राहरु  राखेका हुन्थ्यो जसले चोटहरु अझै बढाइदिन्थ्यो । यसलाई स्मरण गर्नुहोस् कि येशू क्रूस बोकेर जानुहुँदा उहाँले बाटोमा भोग्नुभएका अरु सबै चोटहरुले अझ असहनीय बनाउँथे ।


मत्ती २७:२७-३१ अनुसार येशूलाई क्रूसमा टाँग्ने जिम्मा सिपाहीहरुले लिएका थिए । तिनीहरुले उहाँको उपासना गर्ने बहाना गरेर उहाँलाई गिल्ला र अपमान गरे । त्यसपछि उहाँलाई थुके र उहाँलाई नर्कटले हिर्काउन थाले । यो येशूलाई ठूलो चोट पुऱ्याउने उद्देश्यले गरेको थिएन्, तर अपमान गर्ने उद्देश्यले गरेको थियो । यो सायद उहाँको शरीरमा पहिल्यै घाउहरु भएको कारणले हामीले सोचेको भन्दा पनि धेरै पीडादायी थियो ।

यी घटना पछि, तिनीहरुले येशूलाई बाहिर ल्याए, उहाँ नढलेसम्म उहाँलाई आफ्नो क्रूस बोक्न लगाए । तिनीहरु आफ्नो गन्तव्य स्थानमा आइपुगे पछि तिनीहरुले उहाँलाई क्रूसमा टाँगे । क्रूसमा टाँगिनु उहाँको बलिदानको शिखर थियो, तर हामीले त्यसलाई निम्त्याएका सबै घटनाहरुलाई ध्यानमा राख्नुपर्छ ताकि उहाँ के बाट गुज्रनुभयो भनेर हामीले अझ बढी बुझ्न सक्छौं ।

येशू- वचन, परमेश्वरको पापरहित पुत्र- हाम्रो पापको निम्ति मर्नु पृथ्वीको अस्तित्वको इतिहासमा बनाइएको सबैभन्दा ठूलो बलिदान थियो । उहाँले के गर्नुभयो र हाम्रो लागि गर्नुभएको बलिदानको लागि अधिकतम कृतज्ञता हुन हामीले सक्दो प्रयास गर्नुपर्छ । ❁

# के तपाईं पवित्र आत्माको कुरा सुन्दै हुनुहुन्छ?

**– केभिन एल मूर**



अगमवक्ता दाऊदले ख्रीष्ट आउनुभन्दा करिब दशौं शताब्दीअघि आनन्द र धन्यवादका साथ यहोवाको आराधना गर्न र उहाँको प्रकट इच्छालाई नम्रतासाथ समर्पण गर्न लेखिएको भजनसंग्रह ९५ एउटा अपील हो । विगतका अनाज्ञाकारी इस्राएलीहरुलाई ध्यानमा राख्दै, पाठकहरुलाई सल्लाह दिन्छः “किनभने उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, र हामी उहाँको खर्कका प्रजा र उहाँका हातका भेडाहरु हौं । आज तिमीहरुले उहाँको शब्द सुन्यौ भने, तिमीहरुले मेरीबामा गरेजस्तै आफ्ना हृदय कठोर नपार...चालीस वर्षसम्म त्यस पुस्तासँग म क्रोधित भएँ, र मैले भने, यी त्यस्ता मानिस हुन्, जसका हृदय बरालिएर जान्छन्, र तिनीहरुले मेरा मार्ग चिनेका छैनन्, यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, मेरो विश्राममा तिनीहरु कहिल्यै पस्नेछैनन्” (पद ७-११) ।

यी प्राचीन इस्राएलीहरु किन यहोवाको मार्गबारे अनभिज्ञ थिए? तिनीहरुमा परमेश्वरको इच्छा प्रकट नभएको वा अपर्याप्त रुपमा सञ्चार गरिएको कारणले यो भएको होइन् । स्वर्गीय सन्देश बुझ्न धेरै जटिल

भएको कारणले यो भएको होइन् । त्यसको सट्टा, तिनीहरुले परमेश्वरका मार्गहरु थाहा पाएनन् किनभने तिनीहरुले खुलम खुल्ला ग्रहण गर्न सक्ने हृदयले सुन्न अस्वीकार गरे, र यसैले, प्रभुको पवित्र वचनलाई बेवास्ता गरे ।

परमेश्वर अझै पनि सुन्न इच्छुक हुने मानिसहरुसँग बोल्दै हुनुहुन्छ । हिब्रू ३:७,८ ले घोषणा गर्छ, "यसकारण पवित्र आत्मा भन्नुहुन्छ, आज तिमीहरुले उहाँको शब्द सुन्यौ भने, उजाड-स्थानमा परीक्षाको समयमा विद्रोहका दिनमा गरेजस्तै आफ्ना हृदयलाई कठोर नपार..।" ध्यान दिनुहोस् कि भजनसंग्रह ९५ लाई उदघृत गरिएको छ, तर दाऊदलाई श्रेय दिएका शब्दहरुको सट्टा (जस्तै हिब्रू ४:७), यहाँ पवित्र आत्मालाई श्रेय दिइएको छ । यो खण्डले धर्मशास्त्रको ईश्वरीय प्रेरणा मात्र होइन, धर्मशास्त्रको वर्तमान र निरन्तर सान्दर्भिकतालाई पनि पुष्टि गर्दछ । पवित्र आत्मा "आज" भन्नुहुन्छ ।

यो खण्डमा "आज" भन्ने अभिव्यक्तले स्पष्ट रुपमा दाऊदले प्रेरणाद्धारा यी शब्दहरु लेखेको दिनलाई जनाउँदछ, तर हिब्रू लेखकले यो भजन उद्धघृत गरेको दिनमा पनि लागु हुन्छ, र जुन दिन उनका पाठकहरुले यी शब्दहरु पहिलो पटक सुनेका थिए । र आजको दिन जुन तपाई र म अहिले जिइरहेका छौं । अर्को शब्दमा, हामी यस पृथ्वीमा बाँच्ने हरेक दिन हिजो वा भोलि होइन- यो सधै "आज" हो ।

प्रभुले साँच्चै नै तपाई र मेरो लागि उत्तम कुरा चाहनुहुन्छ । उहाँ हामीलाई बचाउन र आशिष दिन चाहनुहुन्छ, र उहाँको सर्तहरुमा उहाँकहाँ आउने सबैका लागि तयार गरिएको स्वर्गीय विश्रामको आनन्द दिन चाहनुहुन्छ । तर जिद्दी वा बेवास्ता गरेर सुन्न र आज्ञा पालन गर्न नचाहनेहरुको लागि उहाँले केही गर्न सक्नुहुन्न । "भाइ हो, होश गर, तिमीहरुमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरुलाई जीवित परमेश्वरबाट टाढा नलैजाओस् । जबसम्म "आजको दिन" भन्ने कुरा छ, तबसम्म एउटाले अर्कालाई अर्ती देओ, र पापको छलछ्रामले तिमीहरु कसैको हृदय कठोर नहोस् । यदि हामीले हाम्रो सुरुको भरोसालाई अन्त्यसम्मै दृढतासाथ थामिराख्यौं भने, हामी ख्रीष्टका सहभागी भएका छौं" (हिब्रू ३:१२-१४) ।

के हामी सुन्दैछौं?

❀

# बाइबलमा केही वैज्ञानिक तथ्यहरु



**(१) बाइबल र डायनासोरहरु**

परमेश्वर स्वयम् अयूवसँग “बेहेमोथ” भनिने प्राणीको बारेमा कुरा गर्नुभयो । केही टिप्पणीकारहरु भन्दछन् कि यो जलगैंडा थियो, तथापि, जलगैंडा कुनै पनि अभिलेखमा मिल्दैन् । परमेश्वरले सृष्टि गर्नुभएको यो विशाल जनावरको विशेषता देवदारको रुख जस्तै पुच्छर थियो जुन धेरै ठूलो रुख हो । जलगैंडा स्पष्ट रुपमा त्यो वर्णनसित पनि मिल्दैन् ।


अयूब ४०:१५-२४ मा यसो भन्दछ: “मैले तँसँगै बनाएको बहेमोथलाई विचार गर्, जसले गाईबस्तुहरुले झैं घाँस निल्छ । त्यसको कम्मर कस्तो बलियो हुन्छ । त्यसको पेटको मांसपेशीमा कस्तो शक्ति हुन्छ । त्यसको पुच्छर देवदारुको रुखझैं कडा हुन्छ, त्यसका तिघ्राका नसाहरु खूब कसिएका हुन्छन् । त्यसका हड्डीहरु काँसाका नलीहरुजस्तै हुन्छन्, र त्यसका हात-खुट्टाहरु फलामका आग्लाजस्तै हुन्छन् । परमेश्वरको कार्यहरुमा त्यो सबैभन्दा मुख्य छ, यद्यपि त्यसका सृष्टिकर्त्ता आफ्नो तरवार लिएर त्यसको नजिक जान सक्छ । डाँडाहरुले आफ्ना उत्पादन त्यसकहाँ ल्याउँछन् र सबै जङ्गली जनावरहरु त्यसका वरिपरि खेल्छन् । त्यो कमलको बोटमुनि बस्छ, काँसघारी र सिमसारहरुमा त्यो लुकिरहन्छ । कमलले त्यसलाई आफ्ना छायाँमुनि लकाइराख्छ, खोलाका लहरेपीपलहरुले त्यसलाई

घेरिराख्छन् । नदी उर्लेर आयो भने पनि त्यो डराउँदैन, समुन्द्रमा भल बढेर आयो भने त्यो लमतन्न पस्रिरहन्छ । के कुनै मानिसले त्यसका आँखाद्वारा त्यसलाई पक्रन सक्छ? अथवा पासो थापेर त्यसको नाक छेडन् सक्छ?”

**(२) बाइबल र क्वारेन्टाइन (संगरोध)**

चिकित्सा विज्ञानले संक्रामक रोग भएको व्यक्तिलाई अलग्गै राख्नुको महत्व थाहा पाउनु अघि, परमेश्वरले आफ्ना जनहरुलाई यसबारे बाइबलमा सिकाउनुभयो । १४ औं शताब्दीमा, महामारीले सात करोड मानिसको ज्यान लियो । किनभने तिनीहरुले बिरामीहरुलाई स्वस्थ व्यक्तिबाट अलग राख्न सकेनन् । यो १७ औं शताब्दीमा मात्र संगरोध (क्वारेन्टाइन) को कानूनको लागि उक्साएको थियो । तर आधुनिक चिकित्सा भन्दा पहिले, परमेश्वरले आफ्ना जनहरुलाई तिनीहरुका बिरामीहरुसँग यो गर्न निर्देशन दिनुभयो । “जहिलेसम्म त्यो रोगग्रस्त रहन्छ, त्यो अशुद्धै रहनेछ । त्यो एक्लै रहनुपर्छ । छाउनी बाहिर त्यसको डेरा होस्” (लेवी १३:४६) ।

**(३) जहाज आयामहरु**




सन् १९९३ मा एक दक्षिण कोरियाली अनुसन्धान केन्द्रले १.५ मिलियन घनफुट जहाज नोआले बनाएको विभिन्न आकारका १२ वटा हलहरु तुलना गर्दै एक वैज्ञानिक अध्ययन सञ्चालन गर्‍यो । तिनीहरुले पत्ता लगाए कि कुनै पनि आधुनिक संरचनाले नोआको जहाजलाई उछिन सक्दैन् । “तैले त्यो यसरी बनाउनू: जहाजको लमाइ एक सय चालीस मिटर, चौडाइ तेईस मिटर, र उचाइ चौध मिटरको होस्” (उत्पति ६:१५) ।

**(४) थर्मोडायनामिक्सको पहिलो नियम**


बाइबलले भनेजस्तै कुनै पनि कुरा विकसित भइरहेको छैन र सबै कुरा समाप्त भएर जानेछ । “यसरी आकाशमण्डल र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए” (उत्पति २:१) ।

**(५) प्रकाश तरंगहरु र रेडियो तरंगहरु**

विज्ञानले सन् १८६४ मा प्रकाश पठाउन र भाषणमा प्रकट


गर्न सकिन्छ भनेर पत्ता लगाउन अघि, बाइबलमा पहिले नै यो प्रकट गरिसकेको थियो । यो समय थियो जब परमेश्वरले अयूबलाई इ.पू. १५०० मा एउटा अनौठो प्रश्न सोध्नुभयो, “के तैले बिजुलीलाई तिनीहरुको मार्गमा पठाउँछस्? के तिनीहरुले हामी यहाँ छौं भनी तँलाई भन्छन् र?” (अयूब ३८:३५) ।

## (६) बाइबल र समुन्द विज्ञान




२८०० वर्ष पहिले, समुन्द्र विज्ञानका पिता म्याथ्यू मौरीले बाइबलको पद भजनसंग्रह ८:८ मा समुन्दका मार्गहरु बारे वर्णन गरेको याद गरे । परमेश्वरले आफ्नो वचनमा भन्नुभएका ती मार्गहरु फेला पार्ने उनले वाचा गरे । त्यसपछि उनले तातो र चिसो महाद्धीपीय धाराहरु पत्ता लगाए । उनको समुन्द्र विज्ञानको पुस्तक अझै पनि विश्वविद्यालहरुमा प्रयोग गरिन्छ । “आकाशका पंक्षीहरु र समुन्द्रका माछाहरु र समुन्द्रका मार्गहरुबाट जे पनि जान्छ” (भजनसंग्रह ८:८) ।

## (७) पृथ्वीको परिधि




ग्रीक दार्शनिकहरुले पहिलो पटक पृथ्वी गोलो छ भन्ने निष्कर्ष निकाले । इराटोस्थेनिस, एरिस्टोटल, र पाइथागोरस सबैले यस सिद्धान्तको बारेमा ५०० इ.पू.मा लेखेका थिए । यद्यपि, धेरै वर्ष पहिले, बाइबलले यस सत्यताको बारेमा खुलासा गरिसकेको छ । किनभने यशैयाको पुस्तक ७४० र ६८० इ.पू.को बीचमा लेखिएको थियो । “उहाँ पृथ्वीको परिधिभन्दा माथि विराजमान हुनुहुन्छ, र पृथ्वीका मानिसहरुचाहिँ फटेङ्ग्राजस्तै छन् । उहाँले आकाशलाई पर्दाझैं फिँजाउनुहुन्छ, अनि त्यसमा वास गर्नलाई पाल झैं त्यो फैलाउनुहुन्छ” (यशैया ४०:२२) ।

## (८) रगतमा जानकारी

हामी सबैलाई थाहा छ कि रगतको नमूना लिएर डाक्टरले व्यक्तिको स्वास्थ्य समस्या र अवस्थाहरुको मूल्याङ्कन गर्न सक्छ । रक्तक्षेपण

मार्फत निको पार्ने खोज एउटा खेलको रुपमा थियो । रगत सार्ने कामले हराएको रगत फिर्ता गर्छ । तर विज्ञानले यो जैविक सत्यको बारेमा पत्ता लगाउनुभन्दा धेरै अघि नै बाइबलले यसबारे कुरा गरिसकेको छ । "किनकि जीवधारीको प्राण त्यसको रगतमा हुन्छ । मैले रगतचाहिँ वेदीमा तिमीहरुको निम्ति प्रायश्चित गर्नलाई दिएको छु, किनभने रगतद्धारा नै मानिसका जीवनको निम्ति प्रायश्चित गरिन्छ" (लेवी १७:११) ।

**(९) आफ्नो हात धुने ।**

वैज्ञानिक खोज अनुसार, इन्साइक्लोपीडिया ब्रिटानिकाले सन् १८४५ मा एक युवा डाक्टरको विवरण दिए जसले धुलाईको महत्व पत्ता लगाए । सयौं वर्षअघि अस्पतालमा सुत्केरी गराउने महिलाको मृत्युदर बढी हुनु ठूलो समस्या थियो । केही वर्षमा बच्चा जन्माएपछि महिला मृत्युदर ३० प्रतिशत थियो । शताब्यौं सम्ममा, डाक्टरहरुले अर्को बिरामीकहाँ जानुअघि हात धुने अभ्यास गर्दैन्थ्यो । किनभने त्यतिबेलासम्म माइक्रोस्कोपिक रोगहरुको बारेमा अझै पत्ता लागेको थिएन् । हात धुनाले रागेको फैलावट रोक्न मद्दत गर्दछ भन्ने कुरा जब पत्ता लागे तब, गर्भवती महिलाको मृत्युदर २ प्रतिशतमा झर्‍यो । तैपनि, विज्ञानले पानीमा हात धुने कुरा पत्ता लगाउनुभन्दा पहिले नै मानिसहरुलाई रोगहरुको सामना कसरी गर्ने भनेर बाइबलले स्पष्ट रुपमा सिकाएको थियो । "त्यो मानिस जब आफ्नो रोगबाट निको हुन्छ, तब त्यसले आफ्नो शुद्धिको लागि सात दिन गनोस्, र आफ्ना लुगा धोएर आफ्नो जीउ ताजा पानीले नुहाओस्, अनि त्यो शुद्ध हुनेछ" (लेवी १५:१३) ।

**(१०) अन्तरिक्षमा पृथ्वी शून्यतामा झुण्डिएको ।**



खीष्ट आउनुभन्दा १५०० वर्ष पहिले, धेरै मानिसहरुले विश्वास गर्थे कि पृथ्वी ठूलो जनावर वा विशालमा बसेको थियो । यद्यपि, विज्ञानले १६५० मा सत्यता पत्ता लगाउनु अघि बाइबलले पहिले नै अन्तरिक्षमा पृथ्वी शुन्यतामा झुण्डिरहेको कुरा प्रकट गरे । "उहाँले खाली ठाउँमा उत्तरीय आकाशलाई फैलाउनुहुन्छ, र शुन्यतामा पृथ्वीलाई झुण्डयाउनुहुन्छ" (अयूब २६:७) ।

❀

# उपयुक्त लुक्ने स्थान

– बब प्लन्केट



भेट्टाउन नसकिने ठाउँमा लुकाएका चीजहरु पाउन गाह्रो हुन्छ । त्यहाँ धातु डिटेक्टरहरु र कुकुरहरु पनि छन् जुन सुगन्धहरु सुँघ्न प्रशिक्षण दिएका छन् । कतिपय ठाउँहरुले हाम्रो खजानालाई ओसिलो बनाइदिन्छ, कसैले आगो लगाइदिन्छ र कसैले चोरी गर्छन । सारा संसारमा सबैभन्दा ठूलो खजाना परमेश्वरको वचन हो । यो जस्तो पुस्तक कहिल्यै आएको छैन् । युगौंदेखि त्यहाँ मानिसहरु थिए जसले यसलाई घृणा र अपमान गरेका थिए र नष्ट गर्न खोजे । दाऊदले परमेश्वरको वचन लुकाउने उत्तम स्थान फेला परेको छ । "तपाईको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु" (भजनसंग्रह ११९:११) ।

हामी वृद्ध हुँदै जाँदा बाइबलका पदहरुलाई बिर्सने गर्छौं । मलाई एउटी वृद्ध दिदीले एउटा पद सम्झाउन खोज्दै गरेको याद आउँछ । उनले त्यो पदलाई एकै ठाउँमा राख्न सकेनन् । यद्यपि उनले त्यो पद आफ्नो जीवनमा, आफ्नो आचरण र स्वभावमा लुकाएकी थिइन् । उनी प्रेम र दयाको माध्यमबाट बाँचेकी थिइन्, जुन पद उनले उद्धघृत गर्न सकेनन् । हाम्रा कामहरुमा परमेश्वरको वचन लुकाउनको सबैभन्दा प्रभावकारी र स्थायी ठाउँ हुन सक्छ । हामीसँग एउटा मात्र शब्द हुन सक्छ जुन शब्द हामीले हाम्रो हृदयमा र आचरणमा भण्डार गरेका छौं । न कारागार, अन्धोपन, न जफतले यसलाई हामीबाट जोगाउन सक्छ ।

लुकेका शब्दहरुमा धेरै मान्यताहरु छन् । दाऊद भन्दछ कि वचनले हामीलाई परमेश्वरको विरुद्धमा पाप गर्नबाट रक्षा गर्छ (पद ११) । यसले हामीलाई हाम्रो सँगी मानिस विरुद्ध पाप गर्न र धेरै मूर्ख गल्तीहरु गर्नबाट पनि जोगाउँछ । वचन हाम्रो हृदयमा लुकेको छ, यो हाम्रो मार्गको लागि ज्योति हो (पद १०५) । यसले हामीलाई अन्धकारमा ठेस लाग्नबाट जोगाउनेछ । दाऊद भन्दछ कि वचनले हामीलाई समभ्रूशक्ति दिन्छ । “तपाईको आदेशहरुद्धारा म समभ्रूशक्ति प्राप्त गर्छु, यसकारण हरेक भुटा मार्गलाई म घृणा गर्दछु” (पद १०४) ।

हामी वचनलाई कसरी भण्डार गर्छौं? हामीले वचनलाई प्रेम गर्नुपर्छ । दाऊद भन्दछ, “आहा! तपाईको व्यवस्थालाई म कति प्रेम गर्दछु! दिनभरी म तिनैमाथि मनन गर्दछु” (पद ९७) । हामीले पनि वचन अध्ययन गर्नुपर्छ । “आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर” (२ तिमोथी २:१५) । हामी यसमा जिउनुपर्छ र यसलाई प्रयोग गर्नुपर्छ । यो खजाना तपाईले आफ्नो हृदयमा र आफ्नो आचरणमा कति लुकाउनु भएको छ? त्यसोभए कसले परमेश्वरको वचनलाई धेरै लुकाउनु भएको छ? जो सबैभन्दा धेरै येशू जस्तै देखिन्छ, येशू नै वचन हुनुहुन्छ (यूहन्ना १:१४) । ❁

## बाइबलमा कतिवटा स्वर्गहरू उल्लेख गरिएको छ?

**बाइबलमा स्वर्ग शब्दलाई तीनवटा अर्थमा प्रयोग गरेको छ:**

**(१) चराहरू उड्ने वातावरण (उत्पति १:२०) ।**

**(२) बाहिरी अन्तरिक्ष जहाँ हामी चन्द्रमा र ताराहरू देख्छौं (उत्पति १:१६-१७) ।**

**(३) परमेश्वरको बासस्थान: “परमप्रभुले आफ्नो सिंहासन स्वर्गमा स्थिर गर्नुभएको छ, र उहाँको प्रभुत्वले सबैमाथि शासन गर्दछ” (भजनसंग्रह १०३:१९) ।**

**यद्यपि, हामी जान्दछौं कि परमेश्वर कुनै विशेष स्थानमा सीमित हुनुहुन्न् (१ राजा ८:२७) । यो पदको बारेमा चाखलाग्दो कुरा के छ भने यसले “स्वर्गहरू, स्वर्गभन्दा पनि उच्च स्वर्गमा” भन्ने वाक्यांश प्रयोग गरेको छ । कुनै पनि बाइबल शब्दलाई हामीले सन्दर्भको उद्देश्यलाई प्रयोग गरेको कुरा बुझ्नुपर्छ ।**




(१) दण्डको आज्ञा कसलाई छैन भनिएको छ? (पद १)

(२) जो ख्रीष्ट येशूमा छन्, तिनीहरु जो.......................अनुसार चल्दैनन्, तर ......................अनुसार चल्दछन् (पद २)।

(३) व्यवस्थाले के गर्न सकेन् र किन? (पद ३)।

(४) येशू..............................................को लागि पापमय शरीरमा आउनुभयो (पद ३)।

(५) पाप-स्वभावमा मन लगाउनुचाहिँ..............................हो, तर पवित्र आत्मामा मन लगाउनु.......................र..................हो (पद ६)।

(६) माथिको भनाइ किन सत्य हो? (पद ७)।

(७) यदि हामी ख्रीष्टका हौं भने, हामीमा को बस्नुहुन्छ? (पद ९)।

(८) हामी किन ऋणी हौं भनी पावल भन्दछ? (पद १२)

(९) आत्मिक तवरमा जिउने हो भने हामीले के गर्नुपर्छ? (पद १३)

(१०) परमेश्वरको आत्माद्धारा अगुवाइ गर्नेहरु.................हुन् (पद १४)।

(११) हामीले ............................को आत्मा पाएका छैनौं, तर हामीले ................................आत्मा पाएका छौं। (पद १५)।

(१२) माथिको भनाइ सत्य भएकोले, हामीले के भनि चिच्याउनु पर्छ? (पद १५)

(१३) हामी परमेश्वरको सन्तान हौं भन्ने तथ्यका दुइ साक्षी को हुन्? (पद १६)।

(१४) हामी परमेश्वरका सन्तान भएकाले हामी परमेश्वरका................. हौं र ख्रीष्टसँग.....................................हौं (पद १७)।

(यसको जवाफ पुस्तकको पछाडी पानामा छ।)

१ यसकारण अब ख्रीष्ट येशूमा भएकाहरुलाई दण्डको आज्ञा छैन् । २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ । ३ पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरुपमा पापबलिझैं पठाउनुभयो । यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, ४ यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभाव अनुसार होइन्, तर पवित्र आत्मा अनुसार चल्दछौं ।

५ किनभने पापमय स्वभाव अनुसार चल्नेहरुले शरीरका कुरामा मन लगाउँछन्, तर आत्मा अनुसार चल्नेहरुले आत्माका कुरामा मन लगाउँछन् । ६ किनभने, पापमय स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो । ७ किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो । परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन सक्छ । ८ पापमय स्वभावको वशमा हुनेहरुले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन् ।

९ यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरुमा वास गर्नुहुन्छ भने, तिमीहरु पापमय स्वभावमा होइन्, तर पवित्र आत्मामा हुन्छौं । तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न् भनेता त्यो उहाँको हुँदोहोइन् । १० यदि ख्रीष्ट तिमीहरुमा हुनुहुन्छ भने, पापको कारणले तिमीहरुका शरीर मरेका भए तापनि तिमीहरुका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन् । ११ तर यदि येशूलाई मरेकाबाट जीवित पानुहुनेका आत्मा तिमीहरुमा वास गर्नुहुन्छ भने, खीष्ट येशूलाई मरेकाबाट जीवित पानुहुनेले नै तिमीहरुमा वास गर्नुहुने उहाँका आत्माद्धारा तिमीहरुका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ ।

१२ यसैले त भाइ हो, पापमय स्वभाव अनुसार जिउनलाई हामी पापमय स्वभावप्रति बाध्य छैनौं । १३ किनकि पापमय स्वभाव अनुसार जिउँछौ भने, तिमीहरु मर्छौ, तर यदि पवित्र आत्माद्धारा शरीरका कार्यहरु तिमीहरुले निमूर्ल पार्‍यौ भने, तिमीहरु जिउनेछौ । १४ किनभने सबै, जो परमेश्वरका आत्माले डोर्‍याइएका हुन्छन्, तिनीहरु नै परमेश्वरका सन्तान हुन् । १५ किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरुले पाएका छैनौं, तर तिमीहरुले धर्मपुत्र हुने आत्मा पाएका छौं । यसले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकाछौं, १६ त्यो चाहिँ हामी परमेश्वरका सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे- उत्तराधिकारी । उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं । ❀

**नोटः** यस खण्डबाट सबै ख्रीष्टियानहरुले ख्रीष्टमा बिताउनु पर्ने जीवनको चर्चा गर्दछ । अब, हामी पापबाट मुक्त भएकोले, ख्रीष्टको आत्माले हाम्रो हृदय र दिमागलाई नियन्त्रण गर्नुपर्दछ ताकि हामी पवित्र र शुद्ध जीवन बिताउन सकौं । हामी ख्रीष्टमा जिउँछौं र हामीलाई परमेश्वरको सन्तानको रुपमा ग्रहण गरिएको छ । त्यसैले, परमेश्वरको सन्तान भएर जिउनुहोस् ।

# के हामीले बाइबललाई एकै किसिमले बुझ्न नसकेकोमा परमेश्वर दोषी हुनुहुन्छ?

– केरी होल्टन



"धार्मिक एकता एउटा ढुङ्ग्रोको सपना जस्तै हो...।" कोही भन्छन्, "ख्रीष्टमा विश्वास गर्नेहरु कहिल्यै एकजुट हुने कुनै तरिका छैन किनभने त्यहाँ सधै बाइबलको अर्थमा असहमति हुनेछ । बाइबललाई फरक तरिकाले व्याख्या गर्न सकिन्छ । यस्तो भनाइ दिने व्यक्तिले धार्मिक विभाजनको लागि परमेश्वरलाई दोष लगाएको होइन र? जब हामीले बाइबललाई एकै किसिमले बुझ्न नसक्दा परमेश्वरको दोष छ भनी के उनले भनिरहेको होइन् र?

आउनुहोस् यसरी विचार गरौं । उहाँका मानिसहरु एकताबद्ध भएको परमेश्वर चाहनुहुन्छ भन्ने कुरालाई स्थापित गरेर यसलाई सुरुवाट गरौं । पावल यस्तो लेख्दछः "अब भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म

तिमीहरुलाई आग्रह गर्दछु, कि तिमीहरु सबै एक-अर्कासँग सहमत होओ, र तिमीहरुको माभ्रमा केही फूट नहोस् । तर तिमीहरु एकै मन र एकै विचारका होओ" (१ कोरिन्थी १:१०) ।

अब, मसँग यसरी सोच्नुहोस् । परमेश्वरले कस्तो प्रकारको धार्मिक एकताको आदेश दिनुहुन्छ र त्यसपछि विभिन्न व्याख्याहरुलाई अनुमति दिने सन्देश प्रकट गर्नुहुन्छ? परमेश्वरले कस्तो प्रकारको एकतामा जोड दिनुहुन्छ, जहाँ आफ्नो सन्देश प्रदान गर्न चुक्नुहुन्छ जसको अर्थमा हामी सबै एकजुट हुन सक्छौं? केवल एउटै परमेश्वर जसले इमानदारीपूर्वक एकताको वास्ता गर्दैनन्, वा उहाँका मानिसहरुलाई एकताबद्ध हुनको लागि मार्ग प्रदान गर्न असक्षम हुनुहुन्थ्यो ।

जब उहाँले साँचो एकता चाहनुहुन्छ भनि भन्नुहुन्छ भने परमेश्वर निष्पक्ष हुनुहुँदैन् । परमेश्वर भ्रुटो हुनुहुन् । त्यसोभए, के उहाँ स्पष्ट रुपमा बुभ्रन सकिने मार्गदर्शन प्रदान गर्न असमर्थ हुनुहुन्छ? के उहाँ एकजुटको निम्ति सन्देश दिन पर्याप्त विवेकशील व्यक्ति वा शक्तिशाली हुनुहुन्?

होइन, धार्मिक मानिसहरु बाइबलको अर्थमा सहमत छैनन् भने यो परमेश्वरको गल्ती होइनन् । अन्यथा, उहाँले दाबी गर्नुभए अनुसार उहाँ सर्वशक्तिमान परमेश्वर हुनुहुन्न । परमेश्वर एकता चाहनुहुन्छ र उहाँसँग उहाँको इच्छा स्पष्ट रुपमा प्रकट गर्ने क्षमता छ । यदि हामीले बाइबललाई समान रुपमा बुभ्रेनौं भने, यसमा हाम्रो गल्ती हुनुपर्छ ।

जब दुई व्यक्तिहरुले धर्मशास्त्रलाई फरक-फरक तरिकाले व्याख्या गर्दछन भने, एक वा दुवैको व्याख्या गलत हुनुपर्छ । यी दुवैको व्याख्याहरुले सही मान्यता नपाउन सक्छन् । यदि त्यसो हो भने, हामीले हाम्रो वरिपरि देखेको धार्मिक विभाजनको लागि परमेश्वरलाई दोषी ठहराउनुहुन्छ । परमेश्वरले आफ्नो इच्छा यसरी प्रकट गर्नुभएको छ कि उहाँका छोराछोरीहरुको एकता सम्भव छ । हामी बाइबललाई समान रुपमा बुभ्रन सक्छौं । मानिसहरुले बाइबललाई फरक तरिकाले व्याख्या गर्न सक्छन्, तर त्यसो गर्नु गलत हो ।

❀

**"अब भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म तिमीहरूलाई आग्रह गर्दछु, कि तिमीहरू सबै एक-अर्कासँग सहमत होओ, र तिमीहरूको माभ्रमा केही फूट नहोस् । तर तिमीहरू एकै मन र एकै विचारका होओ" (१ कोरिन्थी १:१०) ।**

# पवित्र धर्मशास्त्रको मूल्य

- वेन ज्याक्सन

ब्रम्हाण्डको सृष्टिकर्त्ता परमेश्वरले आफैलाई उल्लेखनीय तरीकाद्धारा प्रकट गर्नुभएको छ । उहाँको उपस्थिति उहाँको सृजनात्मक प्रतिभाका कार्यहरुमा प्रकट भएको छ (भजनसंग्रह १९:१; रोमी १:२०), उहाँको ईश्वरीय भलाइका कार्यहरुमा पनि परमेश्वर देखिन्छ जसले मानिसलाई अचम्म तरिकाले आशिष दिन्छ (मत्ती ५:४५; प्रेरित १४:१७) । मानिसको अन्तस्करण, जसले सही र गलत छ भन्ने गवाही दिदै तर्क गर्दछ कि सृष्टिमाथि नैतिक शासक हुनुहुन्छ (रोमी २:१४,१५) । यी सबै कारकहरु, तथापि तिनीहरु जति उज्यालो छन्, परमेश्वरको वचन ज्ञान प्रदान गर्न पर्याप्त छ । उद्देश्यपूर्ण प्रकाश, अर्थात, बाइबलले त्यो कार्य पूरा गर्दछ । यसरी परमेश्वरले हामीलाई पवित्र धर्मशास्त्रहरु उपलब्ध गराउनु भएर मानव जातिलाई अनुग्रह दिनुभएको छ ।

परमेश्वरको वचनबिना, मानव जीवनको अर्थ दु:खदायक हुन्छ । यस तथ्यको लागि डेभिड ह्युम भन्दा राम्रो टिप्पणीकार अरु कोही पाउन सकिँदैन । ह्युम, एक अंग्रेजी शंकास्पद, सायद सबैभन्दा प्रभावकाली प्रतिद्वन्द्वी थिए, जुन ख्रीष्टियान धर्मले अहिलेसम्म पाएको छ । तथापि, जीवनको बारेमा, उनले निराशाजनक शब्दहरु लेखे: "म कहाँ छु वा को हुँ? म आफ्नो अस्तित्व कुन कुराबाट प्राप्त गर्छु, र म कुन अवस्थामा फर्कन्छु?....म यी सबै प्रश्नहरुमा अलमल्ल परेको छु, र आफूलाई सबैभन्दा दयनीय अवस्थामा कल्पना गर्न थाल्छु, गहिरो अन्धकारको परिवेशमा, प्रत्येक सदस्य र संकायको प्रयोगबाट पूर्णतया वञ्चित छु" (मानव प्रकृतिको ग्रन्थ, खण्ड १, पृष्ठ ५४८) । अर्को दाऊद, इस्राएलका गोठालो राजाको यो शब्दसँग तुलना गर्नुहोस्: "मृत्युको अन्धकरमय घाटी भएर जानुपरे तापनि म कुनै खतरादेखि डराउनेछैनँ, किनकि तपाई मेरो साथमा हुनुहुन्छ...?" (भजनसंग्रह २३:४) । विश्वासघाटसँग जीवनको अर्थको कुनै विचार छैन । धर्मशास्त्रले यो प्रदान गर्दछ ।

केही धर्महरु विचारहरुका दर्शनमा आधारित छन् । यसरी, कसैले प्रणालीको परिसर स्वीकार गर्दछ वा उसले गर्दैन् । त्यस्ता योजनाहरु तथापि तिनीहरुको प्रकृतिबाट प्रमाणित हुँदैनन् । बाइबल यो स्वभावको होइन् । यो एउटा ऐतिहासिक दस्तावेज हो जुन वास्तविकतामा आधारित छ, काल्पनिक

अनुमानमा होइन् । यो प्रमाणित छ । आलोचनात्मक रुपमा जाँच गर्दा, यसले स्वर्गीय उत्पतिको गवाही दिने प्रकृतिलाई प्रकट गर्ने विभिन्न प्रकारका ईश्वरीय गुणहरु देखाउँछ । उदाहरणका लागि, बाइबलको ठोस एकता, यसका अचम्मका भविष्यवाणीहरु, यसको उच्च नैतिकता, यसको जानकारीको सटीक शुद्धता (इतिहास, भूगोल, आदि) सबैले धर्मशास्त्रको अलौकिक उत्पतिको लागि तर्क गर्दछ । बाइबलले मानव ध्यानको माग गर्दछ र केवल मूर्ख व्यक्तिले यसलाई बेवास्ता गर्नेछ । ❁

## पवित्र धर्मशास्त्रका केही महत्वपूर्ण वचनहरु

**हिब्रू ४:१२-** किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ ।

**मत्ती ४:४-** तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ ।

**भजनसंग्रह ११९:१०५-** तपाईका वचन मेरा गोडाको निम्ति बत्ती, र मेरो बाटाको निम्ति उज्यालो हो ।

**यूहन्ना १:१-** आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो ।

**२ तिमोथी ३:१६,१७-** सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस् ।


**यूहन्ना १७:१७-** तिनीहरुलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो ।

**मत्ती २४:३५-** स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचन बितेर जानेछैनन् ।

**कलस्सी ३:१६-** खीष्टको वचन तिमीहरुमा प्रशस्तसँग वास गरोस् । पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ, र परमेश्वप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ ।

# नामानको त्रुटि

– रूबेन एम्पेराडो



धेरै आधुनिक प्रचारकहरु आज नामानले गरेको उही त्रुटिमा फसेका छन्, जब तिनीहरुको दिमागमा पहिले नै सोचेका कुरा परमेश्वरले गर्नुहुन्छ भनी तिनीहरु सोच्छन् । नामान अश्शूरी सेनाका एक शक्तिशाली योद्धा थिए, तर उनलाई कुष्ठरोग लागेको थियो (२ राजा ५:१४) । उनको हिब्रू दासले उनलाई बताए कि इस्राएलमा एक जना अगमवक्ता हुनुहुन्छ जसले उनलाई आफ्नो रोगबाट निको हुन मद्दत गर्न सक्थ्यो । नामान आफ्नो कुष्ठरोग निको हुन अगमवक्ता एलीशाकहाँ गए । एलीशाले तिनलाई यर्दन नदीमा सात पटक डुब्न आज्ञा गरे । सुरुमा नामान रिसाए । उनले अगमवक्ताको आज्ञा पालन गर्न इन्कार गरे । हिलो खोलामा डुब्ने विचार उनको मर्यादाको अपमान थियो । आफू कसरी निको हुन्छु भनि उनले पहिल्यै कल्पना गरेको थियो । उनले सोचेका थिए कि अगमवक्ताले उनलाई भेट्नुहुनेछ र उनमाथि हात हल्लाउनुहुनेछ, र त्यसपछि उनी निको हुनेछन् । उनी आफ्नो कुष्ठरोग “सुक्खा कुरा” बाट निको हुन चाहन्थे । उनलाई यर्दन नदीमा डुब्न भनिएको बेला उनी क्रोधित भए किनभने उनलाई के गर्न भनिएको थियो र उनको रोग निको हुनु बीचको सम्बन्ध देख्न सकेन् । यस्तो कुराले उनलाई कसरी निको पार्न सक्छ? “यो अपमानजनक भयो!” भनी नामानले सोचे । तर हामी जान्दछौं कि परमेश्वर सधैं सही हुनुहुन्छ । मानिसले के सोच्छन् भन्ने कुरामा उहाँलाई कुनै फरक पर्दैन । परमेश्वरका विचारहरु सधैं मानिसका विचारहरु



भन्दा उच्च छन् । परमेश्वरका मार्गहरु सधैं मानिसका चालभन्दा फरक र उत्तम छन् (यशैया ५५:८) ।

त्यसो भए यो मुक्तिको अध्ययन र परमेश्वरको आज्ञा पालन विचको सम्बन्ध छ जहाँ यसो भनिएको छ, "पश्चात्ताप गर र तिमीहरुका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ" (प्रेरित २:३८) । पानीको बप्तिस्मा मानिसको मुक्तिसँग कुनै सम्बन्ध छैन भनी भन्नु गलत हो । किनकि मानिसले परमेश्वरको बुद्धि र हाम्रो मुक्तिको सम्बन्धमा बप्तिस्माको महत्वलाई बुझ्न सक्दैनन् । विगतमा, परमेश्वरले आफ्नो इच्छा पूरा गर्न र उहाँका जनहरुको विश्वासको जाँच गर्न फरक चिजहरु प्रयोग गर्नुभएको थियो । धेरै पटक यी चीजहरुको प्रयोग र परिणामसँग कुनै सम्बन्ध छैन् जस्तो देखिन्छ । सम्बन्धले तिनीहरुको विश्वास र आज्ञाकारिताको माग गर्छन् ।

**बप्तिस्मा मानिसलाई बचाउने परमेश्वरको योजनाको हिस्सा हो ।**

परमेश्वरले आफ्ना चेलाहरुलाई मुक्तिको लागि सुसमाचारमा विश्वास गर्नेहरुलाई बप्तिस्मा दिन आज्ञा दिनुभयो (मर्कूस १६:१६) । विश्वासी चेलाहरुले यो ईश्वरीय आज्ञालाई पालन गरे (प्रेरित २:३८) । आफूलाई परमेश्वरभन्दा बुद्धिमान ठान्ने मानिसहरुले बप्तिस्माको विरोध गरेका छन् । किनभने तिनीहरुले बप्तिस्मामा पानी र पाप क्षमाबीचको सम्बन्ध

देख्दैनन् । तिनीहरुको आफ्नै सोचमा पानीले कसरी मानिसको आत्मालाई सफा गर्छन भन्ने गहिरो विच्छेदनमा पुग्न सक्छ? उनीहरुका लागि यो मूर्खताको उचाइ, तर्क र मानव बुद्धिको विपरीत हो (१ कोरिन्थी १:१८-२१) । भौतिक पानीको डुबाई र मानिसको आत्मिक आवश्यकतासँग के सरोकार हुन्छ? पावलले हामीलाई सम्झना दिलाउँछ कि हामीमा "उच्च दिमाग" हुनु हुँदैन र "आफ्नै अभिमानमा बुद्धिमानी" हुनु हुँदैन् (रोमी ११:२०,२५) । उनी भन्दछ, "तर मानिस भएर परमेश्वरलाई जवाफ लाग्ने तिमी को हौ?" (रोमी ९:२०) ।

## "बप्तिस्माले हामीलाई अहिले बचाउँछ ।"

प्रेरित पत्रुसले आफ्नो पत्रमा बप्तिस्माले हामीलाई बचाउँछ भनी प्रष्ट रुपमा सिकाए । अहंकार र पूर्वाग्रहको भावले अन्धा भएकाहरुले मात्र यस पदको सत्यतालाई देख्न असफल हुनेछन्: "यही पानी बप्तिस्माको एउटा रुप हो, जसले तिमीहरुलाई बचाउँछ । यो शरीरको मैला हटाएजस्तो होइन्, तर शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो । यसले मृतकबाट भएको येशू ख्रीष्टको पुनरुत्थानद्धारा तिमीहरुलाई बचाउँदछ" (१ पत्रुस ३:२१) ।

बप्तिस्माले अब हामीलाई पनि बचाउँदछ भनी स्पष्ट र जोडदार रुपले बताउँछ । पत्रुसले हामीलाई पानीको बप्तिस्मा "शरीरको मैला हटाएजस्तै होइन, तर शुद्ध विवेकले निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो" भनी व्याख्या गर्छन् । यो बप्तिस्माको आत्मिक पक्ष हो । पानीको बप्तिस्मा भनेको परमेश्वरप्रति असल विवेकको जवाफ हो, शरीरलाई मात्र नछोड्ने तर मानिसको भौतिक शरीरभन्दा पनि गहिराइमा जाँदा उसको आत्माले आफूलाई परमेश्वरको व्यवस्थाको आज्ञाकारितामा समपर्ण गर्छ । निस्सन्देह, शारीरिक र पूर्वाग्रही दिमागले यो सत्यता देख्न सक्दैन् ।

न्यू इन्टरनेशनल संस्करणले यो पदलाई यसरी प्रस्तुत गर्दछ: "जुन कहिलेकाहीँ अनाज्ञाकारी थिए, जब एक पटक नोआको दिनमा परमेश्वरको सहनशीलताले पर्खिरहेको थियो, जब जहाज तयारी गरिरहेको थियो, जसमा थोरै, अर्थात, आठ आत्माहरुलाई यो पानीले बचाएको थियो । बप्तिस्माको प्रतीक हो जसले अब तपाईलाई पनि बचाउँछ- शरीरबाट फोहोर हटाउने होइन तर परमेश्वरप्रति असल अन्तरस्करणको प्रतिज्ञा हो । यसले तिमीहरुलाई येशू ख्रीष्टको पुनरुत्थानद्धारा बचाउँदछ" (१ पत्रुस ३:२०,२१) ।

के बप्तिस्माले ख्रीष्टको सुसमाचारलाई रद्द गर्छ? होइन्, यसले गर्दैन । वास्तवमा, बप्तिस्मामा एक जना व्यक्तिले परमेश्वरप्रति आफ्नो प्रतिज्ञा र निष्ठाको घोषणा गर्दछ र येशूको मृत्यु र पुनरुत्थानमा आफ्नो विश्वास देखाउँछ । सही, बाइबलीय बप्तिस्माले परमेश्वरको अनुग्रहलाई उच्च पार्छ । बप्तिस्मा भनेको प्रभुको बचाउने अनुग्रहको प्रदर्शन हो जो मर्नुभयो र चिहानबाट विजयी भएर बौरी उठ्नुभयो ।

## आंशिक दृश्यको भ्रम


धेरै मानिसहरु आंशिक दृश्यको भ्रमको दोषी छन् । प्रर्वाग्रह र घमण्डले अन्धो भएको मानिसले मुक्ति पाउनको लागि के गर्नुपर्छ भनी पहिले नै आफ्नो लागि निर्णय गरिसकेका हुन्छ । यस्तो अवस्थामा, तिनीहरु हिन्दुस्तानका ६ जना दृष्टिविहिन व्यक्तिहरु भन्दा फरक छैनन्, जसका विचारहरु कडा र बलियो थिए, किनकि प्रत्येकले हात्तीको एक विशेष भागको जाँच गरे र त्यसपछि तिनीहरुको अगाडि प्राणीको प्रकारको बारे फरक निष्कर्षमा पुगे । तिनीहरु सबै गलत थिए किनभने तिनीहरुले सम्पूर्ण भागको आंशिक दृश्य मात्र "हेरिरहेका" थिए । धार्मिक रुपमा, आज धेरै मानिसहरु "आंशिक दृष्टिकोणको भ्रम" को दोषी छन् । तिनीहरुले विश्वासलाई मुक्तिको एउटै मात्र अवस्थाको रुपमा जोड दिन्छन्, अन्य चीजहरु जो समान र सर्वोपरि महत्वका छन् ।

त्यहाँ धेरै कारकहरु छन् जसले मानिसको मुक्तिमा योगदान पुऱ्याउँछ, र ती सबैलाई एकसाथ अध्ययन गरी तौलनुपर्छ । यी चीजहरु हुन्: परमेश्वरको प्रेम, ख्रीष्टको अवतार, ख्रीष्टको मृत्यु, गडाई, र पुनरुत्थान, सुसमाचारको प्रचार, विश्वास, पश्चात्ताप, स्वीकार, आज्ञाकारिता, बप्तिस्मा, र येशू नआउन्जेलसम्म अर्थात मृत्युसम्मको विश्वास पर्दछ । हामी विश्वास गर्छौं कि यी सबै चीजहरु विश्वास जत्तिकै महत्वपूर्ण छन्, अरु बिना कुनै पनि पूर्ण हुँदैन् ।

यस लेखमा प्रस्तुत गरिएका सबै प्रमाणहरु जोख्न परमेश्वरले तपाईलाई खुल्ला हृदय दिनुहुन्छ भनी मेरो विनम्र प्रार्थना छ । मलाई विश्वास छ कि पर्याप्त रुपमा भनिएको छ र परमेश्वरको वचनमा प्रष्टसँग प्रस्तुत गरिएको छ, ताकि हेर्न चाहनेहरुले सत्य देख्न सक्नेछन् । मलाई विश्वास छ कि परमेश्वरको वचनमा मनलाई छुने र दोषी ठहराउने शक्ति छ जसले तपाईको हृदयमा काम गर्नेछ । तपाईसँग परमेश्वरको इच्छा पूरा गर्ने साहस हुनेछ भनी म पनि विश्वास गर्छु । ❁

# मानिसको विभाजित स्वभाव

– माइबल एल किंग




“डिकोटोमस” एउटा ठूलो शब्द हो, तर यसले मानव जीवनको ठूलो खाडललाई पनि वर्णन गर्दछ, किनकि उसले मरणशीलबाट अमरत्वमा परिवर्तन गर्ने प्रयास गर्दछ । परमेश्वरले मानिसलाई सृष्टि गर्नु हुँदा नै मानिसको दोहोरो स्वभावको परिचय दिनुभएको थियो । मानिसको दोहोरो स्वभावलाई ध्यान दिनुहोस् यो यसरी प्रकट हुन्छः “तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए” (उत्पति २:७) । परमेश्वरले सर्वप्रथम मानव शरीर (मरणशील) बनाउनुभयो र त्यसपछि उनमा ईश्वरीय- भाग, जीवन, भौतिक र आत्मिक दुवै सास फेर्नुभयो । किङ्ग जेम्स संस्करणमा यसरी पढ्न पाउँछौं, “मानिस जीवित प्राणी भयो ।” यी दुई आपसमा विभेद वा विरोधाभासपूर्ण छैनन् । जब मानिसको मरणशील भागलाई उचित रुपमा प्रतिक्रिया दिइन्छ र परमेश्वर सरह राख्दा संक्रमण सहजै हुन सक्छ, तर जब अर्को अधार्मिक प्रकृति मिसाइन्छ, तब युद्ध सुरु हुन्छ, र संक्रमण द्वन्द्वमा परिणत हुन्छ । हामीले हाम्रा अमरत्व आत्माहरुसँग सम्झौता गर्दैछौं भने परमेश्वर हाम्रो मरणशील शरीरमा बस्नुहुन्छ् (२ कोरिन्थी ६:१४-१७) ।

ख्रीष्टियान जीवन “आउने आकर्षणहरुको पूर्वावलोकन” हुनुपर्छ । यो

मरणशील हो, जसले हामीलाई अमरत्वसँग परिचय गराउँछ । परमेश्वरको सन्तानको लडाइको पुकार "मृत्यु" हो, किनकि यसमा साटासाट गर्ने हिसाबले पूर्ण, स्थायी र विजयी रुपमा बनाइएको छ (१ कोरिन्थी १५:५३-५७) । यो स्पष्ट छ कि "मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन" (१ कोरिन्थी १५:५०), त्यसैले अन्य प्रावधानहरु बनाउनु पर्छ । यो जीवन एउटा दौड जस्तै हो जहाँ डण्डा अर्कोलाई सुम्पिन्छ । हामी यस "माटोको भाँडो" सँग स्वर्गीय क्षेत्रहरुमा यात्रा गर्न नसकिने हुँदा, हामीले हाम्रो शरीरलाई चिहानमा सुम्पिनुपर्छ र आत्मालाई परमेश्वरको हातमा राख्नुपर्छ । पहिलो मानिस प्राकृतिक हो, तर आत्मिक शरीरमा उठाइयो, पहिलो पार्थिव स्वरुपमा बोकियो, तर हामी अन्ततः स्वर्गीय आकृतिलाई धारण गर्नेछौं (१ कोरिन्थी १५:४७-४९) । के हामी "पार गर्न" को लागी तयार छौं भन्ने प्रश्नको जवाफ दिनुपर्छ?

मरणशील र अमरत्व बीचको केही बिभेदलाई हेर्नुहोस्, जसमा एकै समयमा केही तुलनाहरु छन् । यो संसारमा हाम्रो जीवन सुन्दर छ भनी हामी जान्दछौं । परमेश्वरले संसारमा मानिस फैलिनको लागिमात्र सृष्टि गर्नुभएन (उत्पति १:१), जसका गुणहरु दाऊदले प्रशंसा गरेका थिए, "किनकि म भयानक र अदभुत रीतिले बनाइएको छु । तपाईका कार्यहरु अद्भूत छन्" (भजनसंग्रह १३९:१४) ।

परमेश्वरले स्वर्गमा हाम्रा निम्ति ठाउँ तयार गर्नुभएको कुराको तुलनामा यसका सबै सुन्दरता सहितको संसार फिक्का हुन्छ (यूहन्ना १४: १-३) । भोजनको रुपमा परमेश्वरको हातबाट दैनिक हेरचाह, दैनिक रोटी, लुगा र पानी (मत्ती ६:११, ३०-३२; ७:९-११) प्राप्त हुन्छ जुन परमेश्वरको स्वर्गीय जीवनको रुखको बीचमा छ । त्यो उहाँका आज्ञाहरु पालन गर्नेहरुले प्राप्त गर्दछ (प्रकाश २२:१४) ।

हामी यस जीवनमा घेरिएका विशेष व्यक्तिहरु, परिवार, साथीहरु र दाजुभाइहरुका (उत्पति २:१८; एफिसी ५:२१-२७; १ यूहन्ना ३:१४) बारेमा भन्न सक्दैनौं । यहाँ यी सम्बन्धहरुमा बास गरिसकेपछि, विश्वासीहरुलाई महिमाको मुकट लगाइदिन्छन् (२ तिमोथी ४:६-८; प्रकाश २:१०) । हामीले यहाँ सबै आत्मिक आशिषहरु प्राप्त गर्ने सुअवसर पाएका छौं (एफिसी १:३) । जीवन र भक्तिसँग सम्बन्धित सबै कुराहरु हामीलाई परमेश्वरसँग जिउनको लागि मद्दत गर्छ (२ पत्रुस १:३) । हाम्रो आगमनमा, हामी हाम्रो लागि सीमित वर्णन भन्दा बाहिरको सुन्दर ठाउँ

पर्खनेछौं (प्रकाश २१:१०) ।

जब हामी यस मरणशील यात्राको अशान्तिमा चालकको रुपमा हुन्छौं, त्यहाँ प्रत्येक दिनको लागि एउटा गोठालोले आफ्ना भेडाहरुलाई हेरचाह गरे झै उपत्यकाको सबैभन्दा अन्धकारमा पनि मार्गदर्शन हुन्छ (भजनसंग्रह २३; यूहन्ना १०:३-१८) । हाम्रो महान् परमेश्वरले स्वर्गमा आफ्नो संरक्षक भएर हेरचाह गर्नुहुनेछ, जहाँ उहाँले सबै रोग, पीडा, शोक र बिछोडलाई हटाउनुहुन्छ (प्रकाश २१:४) ।

जब मानिसको जीवन माथिका कुराहरु खोजेर आत्मिक अन्त्य पूरा गर्नको निम्ति बाँचिन्छ तब मरणशील मानिस उद्देश्यविहीन हुँदैन (कलस्सी ३:१; फिलिप्पी ३:१३,१४) । यो जान्नु चाखलाग्दो कुरा हो कि हामी प्रति परमेश्वरको भलाइ मरणशीलतामा समाप्त हुँदैन, तर मृत्युभन्दा बाहिरी जीवनको लागी मात्र एउटा आशा हो (१ कोरिन्थी १५:५३), मरणशीलले त हाम्रो वास्तविक गन्तव्य स्थान- स्वर्गसम्म लिएर जान्छ । अनन्तको विश्राम पाएर परमेश्वरको परिवारका सदस्यले कस्तो आशा गरेको छ (हिब्रू ४:९) । हामी यस मरणशील अस्तित्वमा बाँचेका सबै कुराहरु वास्तविकतामा परिणत हुन्छन, किनकि “अब उप्रान्त प्रभुमा मर्नेहरु धन्यका हुन्” (प्रकाश १४:१३), किनकि उनीहरुले सुन्नेछन्, “तँ आफ्ना मालिकको खुशीमा सहभागी होओ” (मत्ती २५:२१) ।


हामीले छलफल गरेका सबै कुरा हाम्रो छनोटको लागि हो भन्ने कुरा मनमा राखौं । हाम्रा प्रभुको न्यानो निमन्त्रणलाई उदारताका साथ “मकहाँ आउनुहोस्” भनी (मत्ती ११:२८-३०) विस्तार गरिएको छ । त्यसो भए, हामीलाई अमरत्व स्वागतको लागि मरणशीललाई तयार पार्नु आवश्यक छ, किनकि “पवित्र आत्मा र दुलही भन्नुहुन्छ, “आउनुहोस् ।” र जसले सुन्छ त्यसले भनोस, “आउनुहोस् ।” जो तिर्खाउँछ त्यो आओस् जसले इच्छा गर्छ त्यसले जीवनको पानी सित्तैमा लिओस्” (प्रकाश २२:१७) ।

❀

**मानिसको दोहोरो स्वभावलाई ध्यान दिनुहोस् यो यसरी प्रकट हुन्छः “तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए” (उत्पति २:७) ।**

# परमेश्वरको राज्य र प्रभु येशू ख्रीष्टसित सम्बन्धित विषयहरु

- सन्नी डेभिड



प्रेरितको पुस्तकको अन्तिम अध्यायको अन्तिम पदमा, हामी पढ्न पाउँछौं कि प्रेरित पावलले “परमेश्वरको राज्यको प्रचार गर्थे र प्रभु येशू ख्रीष्टको बारेमा शिक्षा दिन्थे” (प्रेरित २८:३१) । पावललाई रोमको कैदी बनाएको थियो, तर उनलाई सुरक्षा गर्ने सिपाहीहरुसँग भाडाको घरमा बस्न अनुमति दिइएको थियो । उनलाई आफ्नो घरमा मानिसहरु आउन र भेट्न पनि अनुमति दिइएको थियो । प्रेरितले यो अवसरलाई परमेश्वरको राज्य र येशू ख्रीष्टसँग सम्बन्धित कुराहरुको बारेमा मानिसहरुलाई प्रचार गरे । निस्सन्देश, यी दुई कुरा पावलको जीवनमा धेरै महत्वपूर्ण भएको हुनुपर्छ । उनी रोममा लगभग दुई वर्षसम्म बसे । अभिलेखले भन्दछ कि उनीकहाँ आएका सबैलाई बारम्बार त्यही कुराहरु प्रचार गरे ।

परमेश्वरको राज्यको सम्बन्धमा, अन्य चीजहरु मध्ये, पावलले आफ्ना श्रोताहरुलाई अगमवक्ता दानिएलले भनेका कुराहरु दानिएल २:४४ पनि बताएको हुनुपर्छ कि स्वर्गका परमेश्वरले राज्य स्थापना गर्ने प्रतिज्ञा गर्नुभएको थियो र त्यो सधैंभरि खडा हुनेछ । पछि ख्रीष्टले प्रेरितहरुलाई पुष्टि गर्नुभयो कि पृथ्वीमा तिनीहरुको जीवनकालमा राज्य स्थापित हुनेछ (मर्कूस ९:१) । स्वर्गको राज्य उहाँको मण्डली हो जसलाई उहाँले स्थापना गर्न लाग्नुभएको थियो (मत्ती १६:१८,१९) । यो आत्मिक राज्यमा प्रभुले उद्धार पाएकाहरुलाई थप्नुहुन्छ (प्रेरित २:४७; कलस्सी १:१३,१४) । त्यसपछि जब अन्त्य आउनेछ, तब उहाँले राज्यलाई परमेश्वर पितालाई सुम्पनुहुनेछ, ताकि परमेश्वर सबैमा हुनुहुनेछ (१ कोरन्थी १५:२४-३८) । परमेश्वरको

राज्यमा प्रवेश गर्नको लागि, पावलले तिनीहरुलाई नयाँ गरी जन्मनु पर्छ भनी बताउँछ, किनभने राजा र मुक्तिदाताले भन्नुभएको थियो, “कोही पानी र आत्माद्धारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन्” (यूहन्ना ३:३-५) ।

यसबाहेक, प्रभु येशू ख्रीष्टसँग सम्बन्धित कुराहरुको बारेमा सिकाउने क्रममा, प्रेरितले आफ्ना श्रोताहरुलाई परमेश्वरको पुत्रको चमत्कारपूर्ण जन्मको सबैभन्दा अचम्मको कथा भनेको हुनुपर्छ (मत्ती १:१८-२५; २:१-१२; लूका २१:१-२०; यूहन्ना १:१,१४) । निस्सन्देह, उनले तिनीहरुलाई पृथ्वीमा ख्रीष्टको पापरहित जीवनको बारेमा सिकाएको हुनुपर्छ, कि उहाँ हामी जस्तै सबै तरिकाद्धारा परीक्षामा पर्नु भयो तापनि उहाँले कुनै पाप गर्नुभएन (हिब्रू ४:१५) । साथै, उहाँले तिनीहरुलाई ख्रीष्टले गर्नुभएका अचम्मका कामहरु र उहाँले सिकाउनुभएका शक्तिशाली पाठहरु सिकाएको हुनुपर्छ । उनले तिनीहरुलाई ख्रीष्टको मृत्यु बारेमा पनि बताउनुभएको हुनुपर्छ, उहाँ कसरी गाडिनुभयो, र तीन दिनपछि पुनरुत्थान हुनुभयो, र स्वर्गमा फर्कनुअघि उहाँले आफ्ना चेलाहरुलाई सारा संसारमा गएर हरेक व्यक्तिलाई उहाँको सुसमाचार प्रचार गर भन्नुभएको थियो (१ कोरिन्थी १५ :१-४), र जसले विश्वास गर्छ र बप्तिस्मा लिनेछ उसले उद्धार पाउनेछ (मत्ती २८:१८-२०; मर्कूस १६:१५,१६) ।


निस्सन्देह, अन्तमा पावलले तिनीहरुलाई यो पनि बताएको हुनुपर्छ कि कसरी ख्रीष्ट अन्तिम दिनमा न्यायको निम्ति फर्केर आउनुहुनेछ, जब उहाँले आफ्नो वचन अनुसार सबै जातिका सबै मानिसहरुको न्याय गर्नुहुनेछ (प्रेरित १७:३०,३१; यूहन्ना १२:४८); कि परमप्रभुको त्यो दिनमा उहाँको महिमित शक्तिद्धारा सबैलाई जीवित पारिनेछ, र पृथ्वीमा उहाँको इच्छा अनुसार चल्नेहरुलाई आकाशमा उहाँलाई भेट्न बादलमा उचालिनेछ, र यसरी तिनीहरु सधैं उहाँको साथमा स्वर्गीय राज्यमा हुनेछन् (१ थेसलोनिकी ४:१३-१८) ।

पावल ख्रीष्टियान भएदेखि, उनले आफ्नो सम्पूर्ण जीवन परमेश्वरको राज्यको प्रचार गर्न र प्रभु येशू ख्रीष्टसँग सम्बन्धित कुराहरुमा समपर्ण गरेका थिए । किन? किनभने उनले विश्वास गर्थे कि परमेश्वरको राज्य सबैभन्दा अचम्मको आशिषित स्थान हो, र प्रभु येशू ख्रीष्ट नै त्यो स्वर्गीय स्थानमा प्रवेश गर्न सक्ने एउटै बाटो हुनुहुन्छ (फिलिप्पी ३:७-१४; यूहन्ना १४:६) ।

❁

# चोट लाग्दा पनि

– बबी व्हिट



"म उहाँको चर्चा गर्नेछैनँ, म फेरि कहिल्यै उहाँको नाउँमा बोल्नेछैनँ भनी यदि म भन्छु भने उहाँको वचन मेरो हृदयमा जलिरहेको र मेरा हड्डीहरुमा थुनिराखेको आगोजस्तो हुन्छ । त्यसलाई भित्र रोकिराख्दा म थकित हुन्छु, साँच्चै म त्यो थाम्नै सक्दिनँ" (यर्मिया २०:९) ।

हामी यर्मियालाई राम्रो कारणको लागि "रुने अगमवक्ता" भन्छौं । उनको जीवनकालमा रुनु पर्ने धेरै कुराहरु थिए । अविश्वास र अनैतिकता व्यापक रुपमा फैलिएको थियो । सामाजिक अन्याय यति सामान्य थियो कि जसलाई नदेखेजस्तो गरिन्थ्यो । सामाजिक वस्त्र, एक पटक दुढतापूर्वक परमेश्वर र प्रेमको आज्ञाकारिताद्धारा बुनिन्छ र उहाँको व्यवस्था द्रुतरुपमा खुलासा भइरहेको थियो । यरुशलेम एक पटक सुन्दर ठाउँ थियो अब यो त्यस्तो छैन्; परमेश्वर अब त्यहाँ बस्नु हुन्न् । थप रुपमा, चाँडै शहरभित्र पसेर सबै चीज नष्ट गर्न बेबिलोनीहरुले ढोका ढक्ढक्याउँदै थिए ।

यर्मियाका समस्याहरु तिनको अस्तित्वको "दोहोरो बन्धन" द्धारा मिश्रित भएका थिए । उनी परमेश्वरको अगमवक्ता थियो । उनी मानिसहरुलाई,

विशेष गरी यहूदाका अगुवाहरुलाई बताउन बाध्य थियो कि तिनीहरुमा ईश्वरीय जीवन नभएको कारण दण्ड आउँदैछ । तर मानिसहरु उनको वचन सुन्न चाहँदैन्थे; परमेश्वरले तिनीहरुलाई विगतमा छुटकारा दिनुभएको हुनाले तिनीहरु फेरि एक पटक बचाइनेछन् भन्ने कुरामा विश्वस्त थिए । परमप्रभुको मन्दिर तिनीहरुकै बीचमा थियो, तिनीहरुको धार्मिकता सुनिश्चित गरिएको थियो र यसैले, परमेश्वरले तिनीहरुलाई नष्ट हुन दिनुहुन्न् भनी तिनीहरुले तर्क गर्थे (यर्मिया ७) । यर्मिया अगमवक्ताले तिनीहरुलाई सत्यता बताउँदा तिनीहरुले उनलाई झ्यालखानामा हाले र उनलाई धम्की दिए ।

परमेश्वरको वचनका शिक्षकहरुको हैसियतमा, कहिलेकाहीँ हामी यस्तै परिस्थितिको सामना गर्छौं । हामी "शहर बाहिर" बाट आउन विरोधको अपेक्षा गर्दछौं । आफूलाई सुरक्षित ठान्नेहरुको विरोध, उनीहरुलाई सबै कुरा थाहा भए पनि वास्तवमा केही पनि थाहा नभएका र आफ्नो आत्मा गुमाउने खतरामा रहेकाहरुलाई सिकाउन गाह्रो हुने कुरा हो । आज मण्डलीमा यस्ता जनहरु छन, जसले पाप र न्यायको बारेमा बोलेको चाहँदैनन, तिनीहरुले विरोध गर्नेछन् र वचन बोल्ने जो कोहीलाई पनि खेदो गर्नेछन् ।

यहाँ यर्मियाको अवस्थाबाट हामीलाई आउने दुईवटा चेतावनीहरु छन् । पहिलो, श्रोताको रुपमा, "शहरमा" बस्नेहरुको रुपमा, हामीले कहिल्यै गुमाउन नसकिने किसिमको धार्मिकता पाएका छौं भनी सोचेर आफूलाई भ्रममा नपरौं । राज्यमा एउटा व्यक्तिको विगतको प्रवेशले पापपूर्ण व्यवहारलाई राम्रो बनाउँदैन् । आउनुहोस् हामी "अगमवक्ताहरुका" शिक्षा र चेतावनीहरुलाई सुनौं- जसले परमेश्वरको वचन बोल्दछन् र हामीलाई पापबाट पश्चात्ताप गर्न बोलाउँछन्- र हामीले तिनीहरुलाई तिनीहरुको काममा बाधा नदिऔं ।

दोस्रो, परमेश्वरको वचनका शिक्षकहरुको रुपमा (हामी सबै हुनुपर्छ!), हामीलाई परमेश्वरको वचनको "आगो" थाहा दिनुहोस् जुन बन्द गर्न वा रोक्न सकिदैन । हामी पापको विरुद्धमा बोलौं, सैद्धान्तिक त्रुटिको विरुद्धमा पनि, जहाँ हामीले यो भेट्टाउँछौं, हाम्रा आफ्नै भाइहरु, हाम्रा आफ्नै परिवारहरुले हाम्रो विरोध गर्छन् । पक्का हुनको लागि, हामीले "प्रेममा" सत्य बोल्नुपर्छ (एफिसी ४:१५), तर चोट लाग्दा पनि हामीले बोल्नैपर्छ ।

❀

# अरु कुनै शिक्षा होइन ।

– ओवेन डी ओल्ब्रिच



पावलले तिमोथीलाई एफिससमा छोडेर आइसकेपछि उनलाई पत्रमा यसो लेखेका थिए, “अरु शिक्षा सिकाउने मानिसहरुलाई त्यसो नगर्नू भनी कडा आज्ञा दिन सकोस्” (१ तिमोथी १:३) । उनले यो पत्रलाई अर्को पत्रको साथ पछयाउँदै लेखेका थिए, “धेरै साक्षीहरुका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरुलाई सुम्पिदेऊ” (२ तिमोथी २:२) । सकारात्मक रुपमा, पावलबाट सिकेका कुराहरु तिमोथीले अरुलाई सिकाउनु पर्‍थ्यो र नकारात्मक रुपमा, उनले अरुलाई अरु कुनै सिद्धान्त नसिकाउनु भनी आज्ञा दिनु पर्‍थ्यो ।

## पावल र भर्माउने शिक्षा

पावल आफ्नो तेस्रो मिसनरी यात्रामा एफिससका एल्डरहरुसँग थिए । पावलले तिमोथीलाई त्यहाँ छोड्दा मण्डलीका अगुवाहरु तिनीहरु नै थिए । उनी ती एल्डरहरुसँग हुँदा उनले तिनीहरुलाई भनेको थियो, “किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरु तपाईहरुका माझमा

पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैनन् । तपाईहरुकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरु उठ्नेछन्, जसले चेलाहरुलाई आफ्ना पछि लैजानेछन्" (प्रेरित २०:२९,३०) ।

पछि पावलले तिमोथीलाई आफ्नो पत्रमा यसो लेख्दछ, "पवित्र आत्मा प्रष्टै भन्नुहुन्छ, कि पछि आउने समयमा कोही विश्वासबाट तर्किजानेछन्" (१ तिमोथी ४:१) । आफ्नो दोस्रो पत्रमा पावलले राम्रो शिक्षा सुन्न नचाहने मानिसहरुको बारेमा लेख्दछ, "किनकि यस्तो समय आउँदैछ, जब तिनीहरु ठीक शिक्षालाई नसहने हुनेछन्....सत्य कुरा सुन्नदेखि तर्किजानेछन्, दन्त्यकथाहरुतिर बरालिनेछन्" (२ तिमोथी ४:३,४) ।

पावलको पहिलो मिसनरी यात्रामा, सर्गियस पौलुसले उनलाई र बारनाबासलाई बोलाए ताकि उनले परमेश्वरको वचन सुन्न सकून् । एलुमासले सुसमाचार प्रचारको विरोध गर्दा, पावलले उनलाई भने, "तँ दियाबलसको छोरो, सारा धार्मिकताको शत्रु, सम्पूर्ण छल र दुष्टताले भरिएको! के तँ प्रभुको सोझो मार्ग बङ्ग्याउन छोड्दैनस्?" (प्रेरित १३:१०) । मण्डलीका अगुवाहरुले येशूको सन्देश विपरित हुने कुराहरु सिकाउनेछन् भन्ने कुरामा पावल चिन्तित थियो ।

## किन अरु शिक्षा सिकाउने होइन् ।

परमेश्वरको वचन पछ्याउनेहरुलाई अनन्त जीवन मिल्नेछ, जसरी येशूले सिकाउनुभयो (यूहन्ना १२:४९,५०) । अर्कोतर्फ, झुटा सिद्धान्त पछ्याउनेहरुलाई दोषी ठहराइनेछ (२ थेसलोनिकी २:१२; २ पत्रुस २:१,२) । पापबाट छुटकारा पाउन र शुद्ध हुनको लागि, हामीले पवित्र आत्मा (यूहन्ना १६:१३) मार्फत प्रभुद्धारा (यूहन्ना ८:३१,३२; १ पत्रुस १:२२) प्रकट गरिएको सत्यतालाई पछयाउनु पर्छ । येशू सत्यताले भरिपूर्ण हुनुहुन्छ (यूहन्ना १:१४); सत्यता उहाँमार्फत आयो (यूहन्ना १:१७), र उहाँ सत्य हुनुहुन्छ; यसरी उहाँद्धारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैनन् (यूहन्ना १४:६) ।

हामी सबै मानव जातिले मुक्ति चाहन्छौं भने, हामीले येशूको वचनलाई सुन्नैपर्छ (मत्ती १७:५) र उहाँको आज्ञापालन गर्नुपर्छ (हिब्रू ५:९) । उहाँ मार्फत आएको कुरा बाहेक हामीले अरु कुनै सिद्धान्तलाई विश्वास गर्दैनौं वा सिकाउँदैनौं भन्ने कुरामा हामी पक्का हुनुपर्छ ।

❀

# अधिकार

– जो सी. मागी




अधिकार भन्नाले दिइएको, मानिएको वा कब्जा गरिएको बुझिन्छ । जब हामी एक जना व्यक्तिलाई राजनीतिक पदमा चुन्छौं, हामी उनलाई सरकारी मामिलामा हाम्रो प्रतिनिधित्व गर्ने अधिकार दिन्छौं । अधिकार नदिएको ठाउँमा कहिलेकाहीँ अनुमान गरिन्छ न्यायकर्त्ताहरुको पुस्तक एउटा उदाहरण हो । "हरेक मानिसले आफ्नो दृष्टिमा जे ठीक लाग्यो त्यही गर्दथ्यो" भन्ने शब्दहरुद्धारा पुस्तकको अन्त्य हुन्छ । प्रायः राजनीतिक उथलपुथलको समयमा, अधिकार पकडिन्छ । यसको एउटा उदाहरण क्यास्ट्रोले क्युवाली सरकारमाथि कब्जा गर्नु हो ।

अधिकार सधै एक वा अर्को रुपमा उपस्थित हुन्छ । तथापि, त्यहाँ कुनै वास्तविक अधिकार छैन भनेर जोड दिनेहरु पनि छन् । यो कुनै पनि धर्मको दायरा भन्दा बढी प्रचलित छ । तिनीहरुले कहाँबाट अधिकार पायो भनेर भन्नको निम्ति "कुनै अधिकार छैन्? भनी भन्दछ ।

सडक र द्रूतमार्गमा सवारी चलाउँदा अधिकारको कुनै वास्ता नगर्नेहरुका धेरै उदाहरणहरु म देख्छु । तिनीहरुले गति सीमालाई बेवास्ता गर्नेछन्, निषेधित क्षेत्रहरुमा प्रवेश गर्नेछन्, रोक भनिएको चिन्हहरुमा रोक्दैनन् आदि । तिनीहरुले प्रायः आफ्नो र अरुको जीवनलाई खतरामा पार्नेछन् । मैले सहायता त गर्न सक्दिनँ तर यी मानिसहरुले अधिकारको बारेमा के सोच्छन् भनी आश्चर्यचकित हुन्छु । जब मैले यी मनोवृत्तिहरु स्पष्ट रुपमा प्रदर्शन भएको देख्छु, तब धर्मको मामिलामा यति धेरै फरक विचारहरु छन् भनेर मलाई अचम्म लाग्दैन ।

बाइबलको सबैभन्दा प्रचलित विशेषता भनेको अधिकार हो । जब परमेश्वरले आदम र हव्वालाई अदनको बगैचामा राख्नुभयो तब उहाँले

आफ्नो अधिकार स्थापित गर्नुभयो । जब तिनीहरुले आज्ञा उलंघन गरे, तब उहाँले तिनीहरुलाई आफ्नो अधिकारद्धारा बगैंचाबाट निकालिदिनुभयो । परमेश्वरको अधिकारद्धारा, नोआलाई दिइएको निर्देशन अनुसार जहाज बनाए । उहाँको अधिकारद्धारा, ठूलो जलप्रलयमा आठ आत्मा बाहेक, सबै मानिस नष्ट भए । समयको प्रगतिसँगै, परमेश्वरले कल्दीहरुको ऊरबाट एक जना मानिसलाई इतिहासको गति पथ परिवर्तन गर्ने योजना बनाउनको लागि छान्नुभयो । अब्राहामले त्यो अधिकारलाई मान्यता र सम्मान गर्दै, आफूलाई आफ्नो मातृभूमिबाट अलग गरेर केही थाहा नभएको भूमिमा गए । तर उनले विश्वास गरेर परमेश्वरलाई सम्मान गऱ्यो । उनले परमेश्वरको अधिकारलाई स्वीकार गऱ्यो ।

पछिको इतिहासमा, हामी परमेश्वरले मोशालाई दिनुभएको शक्तिद्धारा मिश्रको फारोमाथि आफ्नो अधिकार स्थापित गरेको पाउँछौं । यी महान अगुवाले इतिहासमा आफ्नो भूमिकालाई अनिच्छुकतासाथ स्वीकार गरे, तर उनले परमेश्वरको अधिकारमाथि कहिल्यै प्रश्न गरेनन् । उनको भूमिका यस्तो थियो कि हामीले “मोशाको व्यवस्था” लाई उल्लेख गर्छौं, जुन वास्तवमा मोशाद्धारा घोषणा गरिएको परमेश्वरको व्यवस्था थियो ।

येशू मोशाको व्यवस्था अन्तर्गत जिउनुभयो र मर्नुभयो । उहाँको जीवन परमेश्वरको अधिकारलाई सम्मान गर्ने सिद्ध उदाहरण थियोः “उहाँ पुत्र हुनुहुन्थ्यो, तापनि आफूले भोग्नुभएको कष्टद्धारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो” (हिब्रू ५:८) । ठूलो परीक्षाको सामना गर्दा पनि, उहाँले बिना हिचकिचाहट भन्न सक्नुभयो, “यो लेखिएको छ ।” हिब्रू पुस्तकलाई निरन्तरता दिँदै “सिद्ध तुल्याइएर उहाँको आज्ञापालन गर्नेहरु सबैका निम्ति उहाँ अनन्त मुक्तिको स्रोत बन्नुभयो” (हिब्रू ५:९) ।

हामीले आशा गर्न सकौं भनेर येशू क्रूसमा जानुहुँदा त्यो निर्दोष रगत बगाइमा अधिकार मिसिएको थियो । ख्रीष्टको पुनरुत्थान र उहाँ सिंहासनमा उक्लनु अघि, उहाँले “महान आज्ञा” दिनुभयो, जुन “स्वर्ग र पृथ्वीमा सबै अधिकार मलाई दिइएको छ” (मत्ती २८:१८) भन्नेबाट सुरु भयो ।

मानिसहरुले येशूको प्रेमको बारेमा कुरा गर्न सक्छन्- साथै तिनीहरुले गर्नुपर्छ- तर जबसम्म तिनीहरुले उहाँको अधिकारलाई चिन्दैनन्, स्वीकार गर्दैनन् र सम्मान गर्दैनन, तिनीहरुले येशूको लागि आफ्नो प्रेमको कुरा गरेको अर्थ हुँदैन् । ❀

# प्रेममा सत्य बोल्दै

**– शान ज्याक्सन**



यदि यो लेखमा अझै ठाउँ उपलब्ध भएको भए, म हाम्रो पढाइको लागि एफिसी चार अध्यायको सम्पूर्ण कुराहरु उल्लेख गर्नेछु । मण्डलीको लागि परमेश्वरको इच्छा बारे पावलले लेखेका अचम्मका भावनाहरुलाई प्रस्तुत गर्नेछु । सुरुदेखि नै, उनले परमेश्वरको इच्छा “शान्तिको बन्धनमा आत्माको एकता” को लागि हो भन्ने कुरा उल्लेख गर्दछ । यद्यपि, यस्तो एकतालाई सुरक्षित राख्न, उनले उदाहरण दिन्छ कि जो धार्मिक सिद्धान्तको प्रत्येक बतासले र मानिसहरुका जालझेलले उडाएका हामी बालकहरुजस्ता नहोऔं । तसर्थ, यस्तो एकताको लागि प्रयास गर्ने ख्रीष्टियान अपरिपक्व बच्चाहरु जस्तो हुनु हुँदैन्, तर आत्मिक परिपक्वतामा विकास गर्नुपर्छ ।

आत्मिक परिपक्वताको एउटा चिन्ह सैद्धान्तिक स्थिरता हो । परिपक्वता बिना, हामी हाम्रो विश्वासमा चंचल हुन सक्छौं । यद्यपि, सुधारद्धारा प्रदान गरिएको दृढताले हाम्रो विश्वास स्थिर हुन्छ । बालकहरुजस्ता नहोऔं जो सधैंभरि आफ्नो मन परिवर्तन गरिरहन्छन् । हामी हाम्रो विश्वासको जगमा बलियो हुनुपर्छ । ध्यान दिनुहोस् कि यो स्थिरता केवल जिद्दी होइन्, र निश्चित रुपमा सापेक्षवादीलाई कुनै सान्तवना दिइँदैन जसले आफ्नो मन परिवर्तन गर्न अस्वीकर गर्दछ उसलाई लाग्छ कि यसले कुनै विश्वासमा फरक पर्दैन् । एफिसी ४ अध्यायको जग स्पष्ट छः (१) त्यहाँ सत्य

भन्ने कुरा छ, (२) सत्यतालाई बुझ्न सकिन्छ, र (३) बुझिसकेपछि, सत्यलाई सुरक्षित राखेर व्यवहारिकरुपमा उपयोग गर्नसकिन्छ।

सत्य अनिवार्य रुपमा महत्वपूर्ण छ। हामीले सत्यलाई बुझेर अभ्यास गरौं वा नगरौं, सत्य सत्य नै हो र यो महत्वपूर्ण छ। हाम्रो युगको प्रचलित दर्शनको विपरित, जसले प्रायः सत्यलाई व्यक्तिपूरकको रुपमा व्याख्या गर्दछ, नयाँ नियमले सत्यको वास्तविकता र अखण्डतालाई निरन्तरता दिन्छ। हामी सत्य जान्न सक्छौं र सत्यले हामीलाई स्वतन्त्र बनाउँछ भनी येशूले सिकाउनुभयो (यूहन्ना ८:३२)। सत्यलाई प्रेम नगर्ने व्यक्तिहरु सधैंभरि हराउनेछन् (२ थेसलोनिकी २:१०)। यो केवल एउटा तथ्य हो कि सत्य एउटा आधार हो जसमा परमेश्वरसँगको संगतिमा आनन्द लिन सकिन्छ।

यसबाहेक, सत्यता केवल परमेश्वरको संगतिभन्दा बाहिरकाहरुको लागि मात्र महत्वपूर्ण होइनन्। ख्रीष्टसँगको सम्बन्ध स्थापित भइसकेपछि पनि, यदि हामीले सत्यलाई त्याग्यौं भने हामीले त्यो सम्बन्ध गुमाउन सक्छौं। यूहन्नाले स्पष्ट रुपमा लेखेका छन् कि जो कोहीले आज्ञा उलंघन गर्छन् र ख्रीष्टको सिद्धान्तलाई पालना गर्दैन- उसँग परमेश्वर हुनुहुन्न् (२ यूहन्ना ९)। प्रष्ट छ कि मानिसले सोचकोभन्दा पनि सत्यता धेरै महत्वपूर्ण छ।

तथापि, सत्यताको महत्वको लागि दृढ भई खडा हुनु मात्र महत्वपूर्ण कुरा होइन्। जब यो सुसमाचारको विषयमा आउँछ, हामीले सत्यलाई, विश्वासी र अविश्वासीहरुमाझ, पावलले भनेझै प्रेमको सन्दर्भमा सञ्चार गर्नुपर्छ। हामीले सत्यलाई प्रेम गर्नुपर्छ र त्यसलाई यसरी प्रस्तुत गर्नुपर्छ, "...बरु प्रेमसित सत्य बोल्दै, हरेक कुरामा हामी उहाँमा बढ्दैजाऔं" (पद १५)।

सुन्नमा यो जति अतार्किक छ, सत्यलाई अनैतिक र असुहाउँदो रुपमा पनि प्रयोग गर्न सकिन्छ। पावल लेख्दछ, "प्रभुको सेवक झगडालु हुनुहुँदैन, तर हरेकको लागि दयालु, योग्य शिक्षक, सहनशील, र नम्रतासाथ आफ्ना विरोधीहरुलाई सुधार्ने हुनुपर्दछ, र शायद परमेश्वरले तिनीहरुलाई पश्चात्ताप गर्ने, सत्यतालाई बुझ्ने मन दिनुहुनेछ" (२ तिमोथी २:२४,२५)।

दाजुभाइहरु, हामीले परमेश्वरको सल्लाहलाई हाम्रो जीवनमा प्रयोग गर्नुपर्छ। हामीले सत्य बोल्नु पर्छ। हामीले ख्रीष्टसँग मिल्दो जुल्दो रुपमा सत्य बोल्नुपर्छ।

❀

# खमीर फैलिन्छ

- रिक कनिङ्घम

"अलिकति खमीरले जम्मै ढिकालाई खमीरा बनाइहाल्छ भन्ने के तिमीहरुलाई थाहा छैन्?" (१ कोरिन्थी ५:६) ।

खमीर एक-कोष ढुसी हो जुन चिनीको घोलमा हुन्छ, रक्सी र कार्बन डाइसक्साइड बनाउनको लागि चिनीलाई उत्कण्ठित गर्दछ । यो अन्य चीजहरुमा जस्तै पाउरोटी बनाउन प्रयोग गरिन्छ ।

के पावलले खमीरको बारेमा लेख्दा कोरिन्थका ख्रीष्टियानहरुलाई रोटी पोल्ने पाठ दिइरहेको थियो? होइन । यसको सन्दर्भमा पाठ पापको बारेमा थियो (१ कोरिन्थी ५:१-१२) । आफ्नो बुबाकी पत्नीसँग अनैतिक जीवन बिताउने मानिसहरुलाई स्वीकार गरेकोमा कोरिन्थी मण्डलीलाई गर्व लागेथ्यो । पावलले तिनीहरुलाई त्यस मानिसप्रति तिनीहरुको मनोवृत्तिको लागि हप्काइरहेका थिए । तिनीहरुले उनको व्यवहारको मौन अनुमोदन दिइरहेका थिए, जसले थप रुपमा अरु धेरै पाप निम्त्याउने थियो । खमीर जस्तै, यो पापले सम्पूर्ण मण्डलीलाई असर गर्न सक्छ ।

मण्डलीको कामको अंश पवित्रतालाई बढावा दिनु हो । पापको निम्ति पश्चात्ताप गर्नुपर्छ, सहेर प्रोत्साहन दिने कुरा होइन् । व्यक्तिगत पापहरु निजी रुपमा सम्हाल्न सकिन्छ । तर सार्वजनिक पापहरु, कोरिन्थको जस्तै, सार्वजनिक रुपमा सम्बोधन गर्नुपर्दछ, ताकि मण्डलीले मौन भएर स्वीकार गरेको जस्तै नदेखोस् ।

आज यो सिद्धान्त कोहीले बुझेका छन भने कोहीले नबुझेका छन् भन्ने कुराले मलाई सताउँछ । "थोरै खमीरले पिठोको सम्पूर्ण डल्लोमा काम गर्छ" भनी बुझ्नेकाहरुलाई थाहा छ कि प्रभुले आफ्ना जनहरु पवित्र भएको आशा गर्नुहुन्छ । तथापि, पापको निम्ति पश्चात्तापको सट्टा पापलाई सहेर बस्नुपर्छ भनी सिकाउने मण्डलीहरु आफैलाई अधिक पापी बन्न तर्फ प्रेरित भइरहेका छन् ।

खमीर प्रशस्त छ । यो हावामा पनि पाइन्छ । पाप पनि हामी माझ सामान्य छ । तर पापप्रतिको हाम्रो मनोवृत्तिले पश्चात्ताप गर्ने, यसलाई हानिरहित बनाउने वा सहने, यसलाई खमीरजस्तै फैलाउने वा सहन गर्ने हो कि भनेर निर्धारण गर्नेछ ।

के तपाईलाई थाहा छैन कि थोरै खमीरले पिठोको सम्पूर्ण भागमा काम गर्दछ?

❀

# तपाईं कसरी नाप्नुहुन्छ ?

३३ कि रुखलाई असल बनाओ, र त्यसको
फल असल हुनेछ । कि रुखलाई खराब
बनाओ र त्यसको फल पनि खराद हुनेछ ।
किनभने फलबाट नै रुख चिनिन्छ ।
३४ ए सर्पका बच्चा हो! तिमीहरु आफै
दुष्ट छौ, असल कुरा कसरी बोल्न सक्छौ?
किनभने हृदयमा भरिएका कुराहरु नै
मुखबाट निस्कन्छन् । ३५ असल मानिसले
आफूभित्र भरिएका असल थोकबाट
असलै निकाल्छ, तर दुष्ट मानिसले
आफूमा भरिएको दुष्टताबाट दुष्ट
थोक नै निकाल्छ ।
३६ म तिमीलाई भन्दछु, हरेक व्यर्थको
कुरा जो मानिसहरु बोल्दछन्, न्यायको
दिनमा तिनीहरुले त्यसको लेखा
दिनुपर्नेछ । ३७ किनकि तिम्रा वचनहरुले
तिमी निदोष ठहरिनेछौ, र तिम्रा
वचनहरुले तिमी दोषी ठहरिनेछौं ।

(मत्ती १२:३३-३७)

# मार्था वा मरियम

- बोनी रशमोर



के तपाई मार्था हुनुहुन्छ वा मरियम हुनुहुन्छ? लूका १०:३८-४२ मा मार्थाको घरमा येशूको भ्रमणको विवरणबारे अभिलेख गर्दछ । यो अवसरमा मार्था आफ्ना पाहुनाहरुको सेवामा व्यस्त थिइन् । उनकी बहिनी मरियम येशूको वचन सुनिरहेकी थिइन् । मार्थाले सबै काम गरिरहेकी छिन् भनी गुनासो गर्दै येशूकहाँ गइन् र येशूले मरियमलाई उनीकहाँ मद्दत गर्न पठाउन अनुरोध गरिन् । येशूले मरियमलाई खानाको तयारी र सेवामा सहयोग गर्न पठाउनुको सट्टा उहाँले मार्थालाई उनको गलत प्राथमिकताहरुको निम्ति नम्रतापूर्वक गाली गर्नुभयो । येशूले भन्नुभयो, "मार्था, मार्था, तिमी धेरै कुराको विषयमा चिन्ता गर्छ्यौ र व्याकुल हुन्छ्यौ । तर आवश्यकता एउटै कुराको छ, त्यही असल कुरा मरियमले छानेकी छे, जो तिनीबाट खोसिनेछैन" (लूका १०:४१,४२) । मार्था भौतिक कुरामा चिन्तित् थिइन् भने मरियम आत्मिक कुरामा केन्द्रित थिइन् । येशूले मरियमलाई आत्मिक विषयमा चासो देखाएकोमा प्रशंसा गर्नुभयो र जीवनका भौतिक पक्षहरुमा ध्यान

केन्द्रित गरेकोमा मार्थालाई नम्रतापूर्वक गाली गर्नुभयो ।

बाइबलका अन्य खण्डहरुमा येशू ख्रीष्टले मानवजातिको भौतिक कल्याणमा चासो राख्नुभएको थियो भनी देखाउँछ । येशूले बिरामीहरुलाई निको पार्नुभएको र भोकाहरुलाई खुवाउनुभएको अनगिन्ती उदाहरणहरु सुसमाचारका पुस्तकहरुमा अभिलेख गरेका छन् (मत्ती ८:१-४; १४:१५; लूका ६:१७-१८; मर्कूस ६:३५-४४; यूहन्ना ४:४६-५४ आदि) । येशूले गर्नुभएका आश्चर्यकर्महरुमा धेरै व्यक्तिहरुले उहाँमा विश्वास गरे (यूहन्ना २:१४) । येशूले यी आश्चर्यकर्म घटनाहरु गर्नुको कारण यूहन्ना २०:३०,३१ दिन्छः "येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरुलाई जीवन प्राप्त होस् ।" उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भनी प्रमाणित गर्ने उद्देश्यले ख्रीष्टले बिरामीहरुलाई निको पार्नुभयो र भोकाएकाहरुलाई खुवाउनुभयो । बिरामीहरुलाई निको पार्ने र भूतहरु निकाल्ने शक्ति पनि येशूले प्रेरितहरुलाई दिनुभयो (मत्ती १० :१,८) । यसबाहेक, खाँचोमा परेकाहरुलाई मद्दत गर्न असफल भएकाहरु उहाँका चेलाहरु होइनन् भनी उहाँले भन्नुभयो (मत्ती २५:३४-५६) ।

दीन दुःखीहरुको हेरचाह गर्नु पर्छ भनी परमेश्वरको वचनले अर्ती दिन्छ । याकूब भन्दछ, "परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही हो: अनाथ र विधवाहरुलाई तिनीहरुको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु" (याकूब १:२७) । यो पदमा "हेरचाह गर्नु" भन्ने शब्द "नमस्ते" भन्नु भन्दा पनि ठूलो हो । आवश्यकता र अवसरहरु पाउँदा विश्वासी ख्रीष्टियानहरुले अनाथ र विधवाहरुको हेरचाह गर्नेछन् ।

पावलले तिमोथीलाई १ तिमोथी ५:३-१३ मा विधवाहरुको हेरचाह गर्न निर्देशन दिएका छन् । यदि तिनीहरुले आफूलाई परमेश्वरको विश्वासयोग्य सेवकको रुपमा साबित गरेका छन र जसको हेरचाह गर्ने परिवार छैन भने मण्डलीले वृद्ध विधवाहरुको हेरचाह गर्ने जिम्मेवारी लिन्छन् ।

ख्रीष्टियानहरुले खाँचोमा परेकाहरुलाई सहायता गरेका यी केही नयाँ नियमका उदाहरणहरु मात्र हुन् । यद्यपि, बाइबलमा भएका प्रत्येक उदाहरणहरु मध्ये दुःखीहरुलाई दया देखाउने कुरा ख्रीष्टियान जीवनको उत्पादन हो, हाम्रो ख्रीष्टियान जीवनको उद्देश्य होइन् । यूहन्नाले येशूको आश्चर्यकर्मको उद्देश्य यूहन्ना २०:३०,३१; २:२४ मा अभिलेख गरेजस्तै,

अरुको हेरचाह गर्ने हाम्रो उद्देश्य भनेको हामीले भौतिक शरीरको लागि प्रदान गर्ने आत्माको लागि हाम्रो प्रेम र चासोलाई प्रमाणित गर्नु हो ।

उहाँ हराएकाहरुलाई खोज्न र बचाउन आउनुभएको हो भनी येशूले भन्नुभयो (लूका १९:१०) । उहाँको स्वर्गारोहण अघि, वचनलाई पुष्टि गर्न आश्चर्यकर्मको शक्ति प्रयोग गरेको (मर्कूस १६:२०), ख्रीष्टले प्रेरितहरुलाई चेला बनाउन निर्देशन दिनुभएको थियो (मत्ती २८:१९,२०; मर्कूस १६:१५,१६) । भौतिक शरीरको हेरचाह गरेर अरुको सामु पुग्नु आश्चर्यकर्मको उद्देश्य थिएन्; हराएका मानिसहरुलाई मुक्तिको बाटो सिकाउनु तिनीहरुको सेवाकाई थियो । भोकाहरुलाई खुवाउनु र बिरामीहरुलाई निको पार्नु यस पृश्वीमा तिनीहरुको कामको फल थिए ।

येशूले प्रेरितहरुलाई दिनुभएको सेवाकाई आज पनि सबै ख्रीष्टियानहरु माझ छन् (भूत, वर्तमान र भविष्य, २ तिमोथी २:२) । हाम्रो पहिलो प्राथमिकता हराएकाहरुलाई खोज्नु र बचाउनु हो । हामीले भौतिक शरीरको भन्दा पनि हराएका आत्माहरुको बारेमा बढी चिन्तित हुनु पर्छ ।

परोपकार र सुसमाचार सँगसँगै जान सक्छ । यद्यपि, हामीले हाम्रो मनोवृत्तिलाई जगाउनु पर्छ र हामी अनाथ, भोका, घरबारविहिन र प्राकृति प्रकोपबाट हुने विनाशको तत्काल भौतिक आवश्यकताहरुको हेरचाह गर्नु भन्दा हराएको आत्माप्रति बढी चिन्तित छौं भन्ने कुरामा सुनिश्चित हुनुपर्छ । मार्था भौतिक शरीरलाई खुवाउने विषयमा चिन्तित थिइन् (ठीक छ) । मरियम आत्मिक शरीरलाई खुवाउने कुरामा चिन्तित थिइन् । ख्रीष्टियानहरुले परमेश्वरको सेवा गर्दा दुवैको स्थान छ । म सबै ख्रीष्टियानहरुलाई यस विषयमा आफैलाई जाँच्न प्रोत्साहन दिन्छु । के तपाई अब्राहामको काखमा हुँदा फोहोर, भोकाएको बालक जो भोलि मर्दैछ त्यसको कल्पना गर्नु हुन्छ कि आत्मा बचाउनको निम्ति आत्मिक भोजन दिन नसकेर एउटा जवान मानिसको आत्मा अनन्त नरकमा गएको कुराप्रति बढी चित्रण गर्नुहुन्छ? के तपाई मार्था हुनुहुन्छ वा मरियम हुनुहुन्छ?

❀

*येशूले भन्नुभयो, "मार्था, मार्था, तिमी धेरै कुराको विषयमा चिन्ता गर्छौ र व्याकुल हुन्छ्यौ । तर आवश्यकता एउटै कुराको छ, त्यही असल कुरा मरियमले छानेकी छे, जो तिनीबाट खोसिनेछैन" (लूका १०:४१,४२)*

# सेवाको कामको निम्ति सुसज्जित होऊन्

– वेन ब्यारियर



संसारमा भएका प्रत्येक मानिसहरुलाई ख्रीष्टको सुसमाचार (मर्कूस १६:१५,१६) लिएर जानु मण्डलीको प्रमुख काम हो जुन आज धेरैले गर्न सकिरहेको छैनन् । हरेक महिना संसारभरि लाखौं मानिसहरुको मृत्यु भइरहेका छन् जसले मुक्तिको सन्देश कहिल्यै सुनेका छैनन् । मण्डली किन यो काम गर्न असफल भइरहेका छन्? त्यहाँ धेरै कारणहरु हुन सक्छ, तर एउटा जुन सम्भवत: सूचीको नजिक छ कि हामी यस्तै कार्यको लागि सुसज्जित छैनौं । हामीले कसरी परिस्थितिलाई परिवर्तन गर्न सक्छौं? एफिसी ४:११-१६ मा सिकाएका अवधारणाहरुलाई विचार गर्नुहोस् जहाँ भनिएको यसो छ, "अनि उहाँका वरदानहरुचाहिँ यी नै थिए, कि कोही प्रेरितहरु, कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पास्टरहरु र कोही शिक्षकहरु बनून्, कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरु सुसज्जित होऊन्, जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको नापसम्म पुग्दैनौं । यसरी हामी छाललले अगि-पछि हुत्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरुका जालभेल, धूर्तता र फटचाइँले यताउता उडाइएका बालकहरुजस्ता नओऔं । बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ । उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्धारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ ।"

यो खण्डले सिकाउँछ कि प्रत्येक खीष्टियान “सेवाको काम” मा संलग्न हुनुपर्छ जसले फलस्वरुप मण्डलीलाई बलियो बनाउँछ, सुधार गर्छ र वृद्धि गराउँछ। स्पष्ट रुपमा, यसले प्रचारको सेवकाईलाई मात्र संकेत गर्दैन। धेरै खीष्टियानहरुले प्रचार गर्न सक्दैनन्। सेवकाईको कामले अरुलाई सुसमाचार सिकाउने माध्यमको रुपमा व्यक्तिगत खीष्टियानहरुले चयन गरेको कुनै पनि गतिविधि (काम) लाई जनाउँछ। हामीसँग विभिन्न शक्ति, गुण, विशेषता र अवसरहरु छन्। प्रत्येकले रोजेको कामको क्षेत्रमा आफ्नो व्यक्तिगत प्रभावकारितालाई अधिकतम बनाउन सिक्नुपर्छ।

यो किन हुन सकेको छैन? यदि प्रत्येक खीष्टियान “सेवाको काम” मा उत्पादनशील रुपमा संलग्न भएको भए, आज संसारका हरेक व्यक्तिलाई सुसमाचार सिकाइएको हुन्थ्यो। धर्मशास्त्रले भन्दछ कि यो कामको लागि सन्तहरु सुसज्जित हुनुपर्छ। सुसज्जित हुने कुरा प्रचारकहरु, एल्डरहरु र शिक्षकहरुले गर्नुपर्छ। प्रेरितहरु र अगमवक्ताहरुले के सिकाए भनेर थाहा पाउनुको परिणामले सुसज्जित हुन्छ। दाजुभाइहरु राम्ररी सुसज्जित भएका छैनन्, र तिनीहरु आफ्नो सेवाको काममा प्रभावकारी हुनुभएको छैनन्। हामीले यस सरल, बाइबलीय नमुनाहरु पछयाउन र आवश्यकता अनुसार समायोजन गर्न हाम्रा प्रयासहरु जाँच गर्नुपर्छ। प्रत्येक मण्डली भित्र, हरेक सदस्यलाई उसको कामको लागि सुसज्जित गर्ने गम्भीर, निरन्तर, बाइबलमा आधारित प्रक्रियाहरु बनाउनुपर्छ। यदि यसो गरियो भने, मण्डलीको निर्माण हुनेछ र बढ्नेछ। ❁

## अरू ख्रीष्टियानप्रति ख्रीष्टियानहरूका जिम्मेवारीहरू

- प्रेम गर्नुहोस् (१ पत्रुस १:२२)
- आत्मिक सुदृढ गर्नुहोस् (एफिसी ४:१६)
- हौसला दिनुहोस् (हिब्रू १०:२४)
- सिकाउनुहोस् र चेतावनी दिनुहोस् (कलस्सी ३:१६)
- भार बोक्नुहोस् (गलाती ६:२)
- सान्त्वना दिनुहोस् (१ थेसलोनिकी ४:१८)
- क्षमा गर्नुहोस् (एफिसी ४:३२; मत्ती ६:१४,१५)
- सँगै काम गर्नुहोस् (फिलिप्पी १:२७)।

# चुपचाप कष्ट सहनु

– रोनी कोकर



जब हाम्रा मण्डलीका एकजना सदस्यलाई हृदयघात भएको छ तब हामी प्रार्थनाको निम्ति हाम्रो मण्डलीको सुचनामा प्रकाशित गर्छौं । हाम्रो आइतबार सेवाहरुमा, हामीले क्यान्सर निदान भएको व्यक्तिको लागि प्रार्थना गर्नुहोस् भनी सन्देश फैलाउँछौं । अरु थप प्रार्थनाहरु गरिदिनुहोस् भनी बुधबार राती हामी मण्डलीलाई जानकारी गराउँछौं । यस्तो अवस्थामा मण्डलीले भेटघाट गर्नु, सहायता गर्नु र आर्थिक सहयोगका काममा हात बढाएको देख्नु ठूलो कुरा हो । “यदि एउटा अङ्गलाई कष्ट भयो भने सबै अङ्गहरुले सँगै कष्ट भोग्छन्...” (१ कोरिन्थी १२:२६) ।

जे होस्, त्यहाँ यस्ता प्रार्थनाहरु पनि छन् जुन हामीले मण्डलीको प्रवचन मंचबाट कहिल्यै भन्दैनौं । कोही-कोही मण्डलीका सदस्यहरुलाई तिनीहरुको अवस्था मण्डली माझ प्रकट गर्नु धेरै लाजमर्दो कुरा पनि हुन सक्छन् । यी ख्रीष्टमा दाजुभाइ दिदीबहिनीहरुले महिनौंदेखि वा वर्षौंदेखि चुपचाप पीडा भोगिरहेका हुन सक्छन् । तिनीहरु आराधनामा हरेक आइतबार हामीसँगै

सभामा भेला हुन्छन् । तैपनि, हामी कहिल्यै तिनीहरुका रोदन सुन्दैनौं ।

ख्रीष्टको मण्डली बुलेभार्डले शहरमा सञ्चालन गरेको कुलत रोकथाम कार्यक्रमको निर्देशकको रुपमा जिम्मा लियो । मलाई देशभरीका ख्रीष्टियानहरुबाट फोनहरु आइरहेको थियो । लागु औषधी दुर्व्यसनी र मदिरा सेवन गर्ने दाजुभाइ, दिदी बहिनीहरु, आमा, बुवा र हजुरबुबा र हजुर आमाहरुको रोदन मैले सुनेको छु । वर्षौंदेखि तिनीहरुले गोप्य रुपमा जवाफको लागि प्रार्थना गर्दै र समाधानहरु खोज्दै थिए । यी दाजुभाइहरु कुलतबाट बाहिर निस्कनको निम्ति चुपचाप कष्ट भोगिरहेको देख्नु निकै दुःखद कुरा हो ।

एउटा अवसरमा, म ख्रीष्टका मण्डलीका विभिन्न भु-भागहरुमा लागूपदार्थ र मदिराको कुलत बारेमा कुरा गर्दछु । लगभग हरेक पटक, अन्तमा, मण्डलीको एक जना सदस्य जो मसँग आँसु बगाएर कुरा गर्न आउँछन्, जुन कुरा उहाँहरुले मण्डलीसँग बाँड्न लाज मान्छन् ।

दाजुभाइहरु, आइतबार बिहान तपाईको छेउमा बसेको आत्मालाई ध्यान दिनुहोस् । तिनी आफूले प्रेम गरेको व्यक्तिको बारेमा चुपचाप कष्ट भोगिरहेका हुन सक्छन् । त्यसो छन् भने मण्डलीलाई जानकारी गराउनुहोस् । लागूपदार्थ र मदिरा लतको बारेमा मण्डलीसँग कुरा गर्नको लागि त्यो व्यक्तिसँग समय लिनुहोस् । यसरी पनि तपाईले "ख्रीष्टको व्यवस्था पूरा" गर्न सक्नुहुन्छ ।

"भाइ हो, यदि कुनै मानिस अपराधमा पकाउ पर्‍यो भने तिमीहरु जो आत्मिक छौं, तिमीहरुले नै नम्रतापूर्वक तिनको सुधार गर र आफ्नै पनि विचार राख, नत्रता तिमीहरु पनि परीक्षामा पर्नेछौं" (गलाती ६:१,२) ।

"यदि एउटा अङ्गलाई कष्ट भयो भने सबै अङ्गहरुले सँगै कष्ट भोग्छन्..." (१ कोरिन्थी १२:२६) । ❁

**"हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु । मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्नो आत्मामा विश्राम पाउनेछौ । किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ" (मत्ती ११:२८-३०) ।**




# पाँच मिनेट बाइबल अध्ययन

## करूणा

(१) तर............................करुणा आफ्ना भक्तहरुमाथि र उहाँको ................................तिनीहरुका छोरा-नातिमाथि अनन्तदेखि अनन्तसम्म रहन्छ (भजनसंग्रह १०३:१७) ।

(२) किनकि तपाईको करुणा स्वर्गसम्म........................छ, र तपाईको..........................आकाशै छुन्छ (भजनसंग्रह ५७:१०) ।

(३) हे परमेश्वर, तपाईको अचुक.....................अनुसार ममाथि कृपा गर्नुहोस्, तपाईको अपार अनुकम्पामा मेरा....................... मेटिदिनुहोस् (भजनसंग्रह ५१:१) ।

(४) तिमीहरुका..................................कृपालु हुनुभए झैं, तिमीहरु पनि................................होओ (लूका ६:३६) ।

(५) तर गएर यसको अर्थ के हो तिमीहरु सिकः म बलिदान होइन, ...............................चाहन्छु । किनकि म धर्मीलाई होइन, तर .....................बोलाउन आएँ (मत्ती ९:१३) ।

(६) यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरुजस्तै बनाइनुपर्‍यो, र .......................पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ..............र विश्वस्त..................बन्नुभयो (हिब्रू २:१७) ।

**(यसको उत्तर पुस्तकको पछाडीको पानामा छ ।)**

# के एक जना व्यक्ति आफै आराधना गर्नु धर्मशास्त्र अनुसार हो? त्यहाँ कम्तिमा दुई वा तीन हुनु पर्दैन? (मत्ती १८:२०)


जहाँ दुई वा बढी ख्रीष्टको नाममा भेला हुन्छन्, उहाँ तिनीहरुसँग आराधनामा उपस्थित हुनुहुन्छ भनेर धेरैले मत्ती १८:२० लाई दुरुपयोग गर्दै सिकाउँछन् । म विश्वास गर्छु कि येशू हामीसँग आराधनामा उपस्थित हुनुहुन्छ, तर यो पदले आराधनाको लागि दुई वा बढी व्यक्तिहरु उपस्थित हुनु आवश्यक छ भनेर सिकाउँछ। सन्दर्भमा, जब पश्चात्ताप नगर्ने भाइहरुलाई मण्डलीबाट बहिष्कार गरिन्छ तब यसले ख्रीष्टको उपस्थिति र अधिकारलाई सिकाउँछ । एक जना व्यक्ति आफै आराधना गर्न सक्छन् भनी निम्न पद खण्डहरुले देखाउँछ ।

- उत्पति २४:२६,४८,५२ मा जहाँ अब्राहामका सेवकले दुईवटा अवसरमा एक्लै आराधना गरे (पद २६, ४८, ५२) ।
- प्रस्थान ४:३१ मा इस्राएलका मानिसहरुलाई सामुहिक रुपमा आराधना गर्न भनिएको छ । मैले यो उल्लेख गरेको छु, किनभने हिब्रू शब्द "आराधना गरिएको" अनुवाद गर्दा दुवै अवस्थामा एउटै हिब्रू शब्द प्रयोग हुन्छ (साचाह-उच्चारण गरिएको शा-खा) । दुवै अनुवाद पनि सेप्टोजेन्टमा "प्रोसक्यून्यू" छन् । प्रोसक्यून्यू नयाँ नियममा आराधनाको लागि प्रयोग गरिएको प्राथमिक ग्रीक शब्द हो ।
- प्रस्थान ३४:८- मोशाले पर्वतमा एक्लै आराधना गरे ।
- न्यायकर्त्ता ७:१५- गिदोनले एक्लै आराधना गरे ।
- १ शमूएल १५:३१- शाउलले एक्लै आराधना गरे भन्ने कुरा उल्लेख गर्दछ ।
- २ शमूएल १२:२०; १५:३२- दाऊदले एक्लै आराधना गरे (उनका सेवकहरु आश्चर्य र भ्रममा पऱ्यो होला ।)
- नयाँ नियममा येशूको आराधना गर्ने व्यक्तिहरुको धेरै विवरणहरु छन् । कुष्ठरोगीले येशूका आराधना गरे (मत्ती ८:२), जसरी याइरसले गरे (मत्ती ९:१८; १५:२५; यूहन्ना ९:३८) ।

सामान्य ज्ञानले हामीलाई बताउँछ कि यो राम्रो विषय हो । हामीलाई प्रभुको दिनमा परमेश्वरको आराधना गर्न आज्ञा दिइएको छ । यदि म एक्लै यात्रा गरिरहेको थिएँ र प्रभुको दिनमा परमेश्वरका जनहरुको मण्डलीबाट टाढा थिएँ भने, म त्यस दिन परमेश्वरको आराधना गर्ने मेरो दायित्वबाट मुक्त हुँदिन । ❁

# किन मानिसहरूले भेटी दिनुपर्छ?

– जेरी ए जेनकिन्स



धेरै मानिसहरुले भेटी दिन्छन् किनभने यो सकारात्मक वा नैतिक कुरा हो । कसै-कसैले आत्म-केन्द्रित गर्ने उद्देश्यले भेटी दिन्छन । अरुहरु कसैको कल्याणको लागि निःस्वार्थ भावनाले अभिप्रेरित भएर दिन्छन् । मण्डलीको लिखित सुचनामा वा कार्यक्रममा तिनीहरुको नाम छापिएको छ भने वा यदि तिनीहरुको उपहारको केही सार्वजनिक मान्यता छन् भने मानिसहरुले दिने गर्दछन् । त्यस्ता दिनेहरुले अरुको पीडा भन्दा आफ्नो पीडा कम गर्छन् । सामान्यतया, प्रत्येक आइतबार भेटी सङ्कलन भाडोमा पैसा मात्र राख्नेहरु होइनन्, तर कुनै विशेष अवसरमा आफूलाई ध्यान आकर्षण गराउनको लागि पनि दिन्छन् ।

अनुसन्धान अनुसार, धेरैले भेटी दिएर आर्थिक लाभहरुको प्रस्ताव खोज्छन् । यी लाभहरुमा कर लाभहरु समावेश हुन्छन्, वा केही तरिकामा जीवनचर्या वृद्धि गराउने सम्भावनाहरु हुन्छन् । प्रायः यस प्रेरणामा सार्वजनिक पहिचानहरु, इसाराबाट अपेक्षा फिर्ता गर्ने, आफ्नै भलाइको सन्तुष्टिमा कृतज्ञता हुने, आत्म-सम्मान, आफ्नो बारे राम्रो महसुस गर्ने, अपराध र दायित्वको भावनाबाट मुक्त हुने कुरा हुन्छन् ।

परोपकारिताबाट उत्प्रेरित, वा अरुको हितको लागि निस्वार्थ चिन्ता, अरुको भावना बुझ्ने र बाँड्ने, र पीडितको तनाव कम गर्ने इच्छा हुन्छ । यस्तो प्रकारको उपहारको इनाम भनेको सही र राम्रो कामको सन्तुष्टि पनि हो ।

आम्दानी भएका केही व्यक्तिहरुले भेटी सङ्कलन गर्न आउँदा नदिने निर्णय गर्छन् । किन कोही मानिसहरुले दिदैनन्? वास्तवमा, मानिसहरु किन भेटी दिन असफल हुन्छन् भन्ने बारेमा थोरै बुझाइ छ । एउटा अध्ययनले देखाउँछ कि भेटी नदिने व्यक्तिलाई भेटी दिनमा धेरै अवरोधहरु पहिचान गरेको कुरा उल्लेख गर्दछ । भेटीको कोषलाई कसरी प्रयोग गर्छन भनी विश्वास नगरेर कसैले सामान्यरुपमा दिदैनन् । भेटीको कोषलाई दुरुपयोग गरेको देखेर कसै-कसैले अप्ठ्यारो महसुस गर्न सक्छन्, वा खर्चको बारेमा तिनीहरुसँग पर्याप्त जानकारी नहुन सक्छन् । मण्डलीले अधिक पारदर्शिता र जवाफदेहिता मार्फत विश्वास दिलाउनु आवश्यक छ ।

कसैले दिँदैनन् किनभने तिनीहरुले दिनैपर्छ भन्ने दबाबको महसुस गर्छन् । परमेश्वरले आफ्ना छोराछोरीहरुलाई बलिदान गर्न आज्ञा दिनुहुन्छ, तर हामीले उहाँलाई दिनै पर्छ भनी जबरजस्ती गर्नुहुन्न् । उहाँले आज्ञा गर्नुहुन्छ कि हरेक हप्ताको पहिलो दिन आ-आफ्नो कमाइ अनुसार केही अंश दिओस् (१ कोरिन्थी १६:१,२) ।


हरेक आइतबार सङ्कलन गरेको भेटी थैलीमा पैसा राख्ने अन्य नकारात्मक मनोवृत्तिहरु समावेश छन्: (१) जिम्मेवारी अस्वीकार गर्नु । कसै-कसैले तर्क गर्छन् कि तिनीहरु परमेश्वरको काममा मद्दत गर्न व्यक्तिगत रुपमा जिम्मेवार छैनन्, किनभने “मसँग दिने पैसा छैन ।” (२) आवश्यकताको इन्कार गर्नु । “मसँग भएका सबै दिँदा पनि कुनै फरक परेको छैन र मैले निरन्तररुपमा दिनु पर्छ भन्ने आवश्यकता देख्दिनँ भन्ने मनोवृत्ति हो । (३) उच्च इमान्दारलाई अपील गर्नुहोस्, “मेरो प्राथमिकता मेरो परिवारको हेरचाह गर्नु हो । परोपकार घरबाट सुरु हुन्छ ।”

म प्रत्येक पाठकलाई नदिने बहानाहरु मार्फत सोच्न र दिएर आनन्द हुने जीवनलाई सही रुपमा विचार गर्न आग्रह गर्दछु । ❁

**“अनि हरेक मानिसले आफ्नो मनमा संकल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन्, न त करकापमा परेर । किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ” (२ कोरिन्थी ९:७)**

# किन बाइबलको मण्डली प्रत्येक आइतबार प्रभुभोजमा सहभागी हुन्छ ?

- एलेन वेबस्टर



येशूले आफ्नो मृत्युको पूर्वसन्ध्या एउटा स्मरणको भोज स्थापना गर्नुभयो (मत्ती २६:१७-२९; मर्कूस १४:२२-२५; लूका २२:७-२०) । उहाँलाई पछ्याउनेहरुलाई, रोटीले उहाँको बलिदानको शरीर र कचौराले उहाँको उद्धार गर्ने रगतलाई प्रतिनिधित्व गर्दछ (१ कोरिन्थी १०:१६; ११:२०-२४) । व्यवहारिक रुपमा सबै मण्डलीहरुले प्रभु भोज लिन्छन्, तर कति पटक लिने भन्ने कुरामा भिन्नता छ । (१) कोही साप्ताहित रुपमा भाग लिन्छन्; अरुले मासिक रुपमा; धेरैले त्रैमासिक रुपमा; र कसैले कहिलेकाहीँ वार्षिक रुपमा लिने गर्दछन् । कुन सही हो? के यसले कुनै फरक पार्छन्?

कोही-कोहीले पावलको भनाइको व्याख्या गर्छन्: "किनभने जहिले-जहिले तिमीहरु यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउन्जेल तिमीहरु प्रभुका मृत्युको घोषणा गर्दछौ" (१ कोरिन्थी ११:२६) । यसको मतलब ख्रीष्टियानहरुले चाहेको बेला प्रभु भोजमा सहभागी हुन सक्छन् । के परमेश्वरले आफ्नो पुत्रको सम्झना जस्तो महत्वपूर्ण कुरालाई विचारको दायरामा राख्नुहुनेछ? (कलस्सी ३:१७) । आउनुहोस्, सम्बन्धित धर्मशास्त्रलाई खोजी गरौं । प्रभुको मण्डलीले प्रत्येक आइतबारको दिन प्रभु भोज लिनुको निम्न कारणहरु छन् :-

**(१) प्रभु भोजले प्रदान गरेको शक्ति प्राप्त गर्न ।**

प्रभु भोजलाई दुरुपयोग गर्नेहरु आत्मिक रुपमा कमजोर भएर गए (१ कोरिन्थी ११:२९-३०) । यसको विपरीत, इमान्दारीपूर्वक र उचित रुपमा भाग लिनेहरु बलियो हुन्छन् । परमेश्वरले आफ्ना छोराछोरीहरुको विश्वासलाई कायम राख्न र बलियो बनाउनको लागि माध्यम प्रदान गर्नुभएको छ (२ कोरिन्थी १२:९; फिलिप्पी ४:१३) । ख्रीष्टियानहरुलाई बलियो बनाउने प्राथमिक माध्यम प्रभु भोज हो । जसरी खानाको टेबलले शरीरलाई बलियो बनाउँछ; त्यसरी नै प्रभुको टेबलले आत्मालाई ताजा र बलियो बनाउँछ ।

ख्रीष्ट हाम्रो हृदयमा बास गर्नुहुन्छ भनी हामी विश्वास गर्छौं, यसले भित्री मनुष्यत्वलाई बलियो बनाउँछ (एफिसी ३:१६-१७; २ तिमोथी ४:१७) । यो विश्वास प्रभु भोजको समयमा पनि संलग्न हुन्छ र विकसित हुन्छ ।

- येशू हामीसँग प्रभु भोजको टेबलमा बस्नुहुन्छ भनी हामी विश्वास गर्छौं (लूका २२:१६-१८; २४:३२) । कसरी कोही ख्रीष्टसँग खाना खान सक्छ?
- विश्वासद्धारा हामी कलवरीका घटनाहरु देख्छौं । कसरी एकजना व्यक्तिले आफ्नो दिमागलाई क्रूसमा स्थिर गर्न सक्छ र मुक्तिदाताको निम्ति बाँच्न अझ बढी संकल्प नगर्न सक्छ? (२ कोरिन्थी ५:१४-१५) ।
- विश्वासद्धारा हामी आइतबार र उहाँको पुनरुत्थान बीचको ऐतिहासिक सम्बन्धलाई सम्झन्छौं- एउटा सम्बन्ध जुन अन्य कुनै दिनमा गर्न सक्दैनौं (मत्ती २८:१) ।
- प्रभु भोजको समयमा प्रार्थना (कलस्सी १:९-११) र विश्वासद्धारा ख्रीष्टियानहरु धर्मशास्त्रलाई मनन गरेर बलियो हुन्छन् (भजनसंग्रह १:३) ।

उसलाई प्रभुको बलिदानको सम्झना गराइरहनु पर्दैन भनी भन्न सक्ने को हो? (२ पत्रुस १:१३; ३:१) । परमेश्वरले प्रदान गर्नुभएको सुरक्षाको बाबजुद शैतानका परीक्षाहरुलाई सामना गर्न धेरैलाई गाह्रो भएकोले, प्रत्येक आइतबारको प्रभु भोज बलियो मण्डलीको लागि महत्वपूर्ण छ ।

**(२) ख्रीष्टले पाउनुपर्ने योग्यको महिमा दिन (१ कोरिन्थी ११:२०-२९) ।**

आइतबारको प्रवचनको केन्द्रविन्दु येशू नहुन सक्छ । कुनै भजनले कलवरी क्रूसको बारेमा उल्लेख नगरेको हुन सक्छ । प्रार्थना अगुवाई गर्ने व्यक्तिले त्यस दिन पुत्रको सट्टा पिताको प्रशंसा गर्नमा ध्यान केन्द्रित गर्न सक्छन् । तर प्रभु भोजको समयमा केन्द्रबिन्दु सधैं येशू र उहाँले कलवरीमा के गर्नुभयो भन्ने कुरामा हुन्छ । पावलले प्रभु भोजको बारेमा

छलफल गर्दा "प्रभु" लाई जोड दिन्छ :-

- यो प्रभुको भोज हो (१ कोरिन्थी ११:२०) ।
- जसले प्रभुको मृत्युलाई केन्द्रित गर्छ (११:२६) ।
- यो प्रभुको रोटी हो (११:२७) ।
- यो प्रभुको कचौरा हो (११:२७) ।
- जसले हामीलाई प्रभुको शरीरको सम्झना दिलाउँछ (११:२९) ।

यदि हामी प्रभु भोजमा सहभागी हुन छोडयौं भने, हामीले उहाँलाई सम्मान गर्ने अवसर गुमाउँछौं । किन उहाँलाई वर्षमा चार पटक मात्र महिमा गर्ने जब हामी उहाँलाई वर्षको बाउन्न पटक महिमा गर्न सक्छौं ।

**(३) अखीष्टियानहरुलाई सुसमाचार सिक्नको लागि अवसरहरु बढाउन ।**

प्रत्येक चोटी जब हामी प्रभु भोजमा सहभागी हुन्छौं, तब हामीले सुसमाचारको घोषणा गरिरहेका हुन्छौं । रोटी र अंगुरको रसले "उहाँ नआउञ्जेल तिमीहरु प्रभुका मृत्युको घोषणा गर्दछौ" (१ कोरिन्थी ११:२६) । प्रभु भोजले खीष्टियानहरुलाई उहाँको बलिदानबारे सिकाउँछ र दुलहीलाई लिन आउँदै गरेको विवाहको लागि शुद्ध रहन याद गराउँछ ।

जब कि पुरानो नियमको आराधना शारीरिक र दृश्य थियो भने नयाँ नियमको आराधना अधिक आत्मिक र मस्तिकिय छ । अपवाद भनेको रात्रीभोज हो । यो भजन गाउनु र भेटी हाल्नुभन्दा पनि बढी सहभागी हुनु हो । एउटा दृश्य उमेर- विशेष गरी बच्चाहरु र अविश्वासीहरु- यो सबै भन्दा देखिने आराधना कार्यबाट लाभ उठाउँछन् । प्रभु भोजलाई हेर्ने एउटा अविश्वासीले प्रभुको बारेमा जान्दछ ।

के आधुनिक सेवाहरु क्रूसको लागि कुनै अर्थपूर्ण सन्दर्भबाट सुधार रहित छन्? सुसमाचारमा केन्द्रित भएको खीष्ट निर्धारित आराधनाको केन्द्रिबिन्दुको लागि रात्रिभोजमा लिएर जाऔं । प्रभुको भोज कुनै साइड शो होइन तर विश्वासीहरुको सम्पूर्ण जीवनको लागि आराधनाको केन्द्रिय हिस्सा हो ।

प्रसिद्धताले अवहेलना पैदा गर्छ, कसै-कसैले भन्दछ कि कोरिन्थीहरुले साप्ताहिक रुपमा प्रभु भोज लिएर दुरुपयोग गरेको छ, त्यसकारण प्रभुभोज तिनीहरुले कम मात्रामा लिनुपर्छ भन्ने तर्क गर्दछन् तर पावलले यसरी तर्क गर्दैनन् । बरु उनले तिनीहरुको ध्यान प्रभु येशूले स्थापना गर्नु भएको प्रभु भोजको प्रतिनिधित्व गर्दै गम्भीर तथ्यहरु थप स्पष्ट रुपमा केन्द्रित



गर्छ । उनले तिनीहरुलाई अझै उत्तम तवरले गर्नुपर्छ भन्दछ ।

## अन्तिम नोटहरु



- रोमन क्याथोलिक र एपिस्कोपालियनहरु दैनिक “मास” अवलोकन गरिन्छ । सामान्यतया “खीष्टको रगतको अनन्त बलिदान” को रुपमा लिन्छन्, जसलाई “होली युकेरिस्ट” भनिन्छ । क्याथोलिकहरुका लागि रोटी खीष्टको वास्तविक शरीर र दाखमद्य उहाँको वास्तविक रगतमा परिणत हुने कुरा हो भनी ठान्दछन् । यसलाई “ट्रान्ससबस्टेन्सिएसन” भनिन्छ । “मासको” हिस्सा हुंदा पाप क्षमा हुने कुरामा विश्वास गरिन्छ (प्रेरित २:३८; १ यूहन्ना १:७-२:१-४) ।
- प्रभुको भोजमा लुथरनको शिक्षा, “कन्सस्टेन्टिएशन” विशिष्ट छ । जब लुथरन पूजाहारीले रोटीलाई आशीर्वाद दिन्छन्, लुथरनहरुले विश्वास गर्छन् कि खीष्टको साँचो शरीर र रगत, रोटी र दाखमद्यको मुनि हुन्छ ।
- मेथोडिस्टहरुले तीन महिनाको एकचोटी प्रभु भोज लिने गर्छन ।
- ब्याप्टिस्टहरुले प्रत्येक हप्ताको पहिलो दिनमा प्रभु भोज प्रस्ताव गर्दैनन् । उनीहरुले बन्द प्रभुभोजमा पनि विश्वास गर्छन, जसको मतलब मण्डलीमा चुनाव भएकाहरु मात्र प्रभु भोजमा भाग लिन सक्छन् ।

- प्रेस्बाइटेरियनहरुले प्रायः प्रत्येक चौथाईमा प्रभु भोज लिन्छन् । गरिबहरुलाई पनि प्रभु भोजमा सम्लग्न गराएका हुन्छन् ।
- यहोवाका साक्षीहरुले ख्रीष्टको मृत्यु भएको वर्षको “ठीक दिन” सूर्यास्त पछि वर्षको एक पटक प्रभु भोज लिन्छन् । अखमिरी रोटी र दाखरस प्रभु भोजको लागि प्रयोग गरिन्छ, र केवल “स्वर्गीय चुनिएकाहरु” (१४४,०००) ले प्रभु भोजमा सहभागी हुन सक्छन् ।
- मोर्मन्सले आइतबारको आराधनामा प्रभु भोज साप्ताहिक रुपमा लिने गर्दछन् । तिनीहरु अखमिरी रोटी र अंगुरको रसको सट्टा रोटी र पानी प्रयोग गर्छन् ।
- सेभन्थ-डे एडभेन्टिस्टले आराधना सेवाहरु सबाथ दिन आयोजना गरिन्छ, जुन शुक्रबार सूर्यास्तमा सुरु भएर शनिबार सूर्यास्तसम्म रहन्छ । प्रभु भोज सामान्यतया एक चौथाईमा एक पटक सधै खुट्टा धोएर मनाइन्छ ।
- नाजरेन्स सेवकहरुले “साँचो पश्चात्ताप गरेर आफ्ना पापहरु त्यागेका र मुक्तिको लागि ख्रीष्टमा विश्वास गरेका सबैलाई” प्रभु भोजमा सहभागी हुन आमन्त्रित गर्दछन् ।
- पेन्टिकोस्टल्सहरुलाई अन्य धार्मिक निकायहरुबाट अलग गर्ने अनौठो शिक्षा भनेको तिनीहरुले प्रभुको भोज खाँदा ईश्वरीय चंगाई हुन्छ भनी सिकाउँछन् । तिनीहरु विश्वास गर्छन् कि ख्रीष्टको जीवनले तिनीहरुलाई छिटो निको पार्न सहायता गर्दछन् ।
- ख्रीष्टियान विज्ञानले प्रभु भोजलाई तिनीहरुको आराधनाबाट हटाएको छ । तिनीहरुले शाखा सेवाहरुमा वर्षमा दुई पटक “प्रभु भोजको सेवाकाई” राख्छन्, तर यी अवसरहरुमा, न त रोटी न ता दाखमद्य नै प्रयोग गरिन्छ । यो मूलतः एक प्रकारको ध्यान हो भनी ठान्छन् ।

❁

**“हप्ताको पहिलो दिनमा जब हामी रोटी भाँच्नलाई जम्मा भयौं, तब पावलले चाहिँ भोलिपल्ट जाने इच्छा गरेका हुनाले, तिनीहरुसँग मध्यरातमा बातचीत गरिरहे” (प्रेरित २०:७) ।**

# प्रसन्न हृदय असल औषधी हो- हितोपदेश १७:२२

आमा : छोरी तिमीलाई कहिले मण्डली जान मन लाग्छ?
छोरी : सन्डे स्कूलको दिन आमा ।
आमा : किन र छोरी?
छोरी : दुई घण्टा मज्जाले सुत्न पाइन्छ, त्यसैले... ।

.............................................

(बाल संगतीमा शिक्षक र विद्यार्थी)
शिक्षक: (विद्यार्थीसँग) आज तिमी किन ढिलो आएको हँ?
विद्यार्थी : सर, घरमा बुबा आमा झगडा गर्दै हुनुहुन्थ्यो, त्यसैले ढिला भयो ।
शिक्षक : अनि तिमी किन त्यही बसिरहेको त?
विद्यार्थी : न बसेर के गर्नु त सर, बाल संगतीमा आउँदा लगाउने एउटा जुत्ता बुबाले र अर्को जुत्ता आमाले हातमा लिइराख्नुभएको थियो ।

.............................................

बुबा : छोरा आज बाल संगतीमा केही बदमास गरिनस्?
छोरा : गरिन बुबा, कान समातेर मण्डलीको कुनामा उभिइ मात्र रहे... ।

(एक जना विश्वासीले मण्डलीको अगुवालाई बिहानै खोज्दै)
विश्वासी : पास्टर बुबा घरमा हुनुहुन्छ?
व्यक्तिले : डिनर गर्दै हुनुहुन्छ ।
विश्वासी : डिनर त रातको खानालाई पो भनिन्छ होइन् र?
व्यक्ति : उहाँ राती उब्रेको (बासी भात) खाँदै हुनुहुन्छ, त्यसैले...।

.............................................

(यूहन्नालाई बाल संगतीमा शिक्षकले कराउँदै)
शिक्षक : यूहन्ना तिमीले मेरो टाउको दुखाई सक्यो पछि तिम्रो बुबालाई बोलाउ बुझ्यौ ।
यूहन्ना : सर, बुबा भन्दा त मेरो मामालाई बोलाउन पाए बेस हुन्थ्यो?
शिक्षक : किन र?
यूहन्ना : किनकि मेरो मामा डाक्टर हुनुहुन्छ ।

.............................................

अगुवा : पत्रुस, जवान संगतीमा किन ढिलो आएको हँ?
पत्रुस : बाटोमा मोटर बाइक बिग्रिएर हो पास्टर बुबा ।
अगुवा : बसमा आउन सक्दैन थियो त?
पत्रुस : म त आउने थिएँ पास्टर बुबा, तर तपाईकी छोरी बसमा आउन मानिनन् ।

# महत्वपूर्ण पदहरूका छिटो टिप्पणी

**(यशैया ४९:१५,१६)**

के कुनै आमाले आफ्नो दुधे बालकलाई बिर्सन सक्छे र? आफूले जन्माएको बालकलाई के त्यसले टिठ्याउँदिनँ र? त्यसले बिर्सन पनि सक्छे, तर म त तँलाई बिर्सन सक्दिनँ ।

हेर, मैले तँलाई मेरो हत्केलामा खोपेको छु । तेरा पर्खालहरु निरन्तर मेरै सामुन्ने छन् ।

यो सुन्दर खण्डमा आमाको जन्मजात बच्चाको पालनपोषण र संरक्षण गर्न परमेश्वर अपील गर्नुहुन्छ । तापनि, उहाँ महसुस गर्नुहुन्छ कि यस्तो समय पनि हुनेछ, जब महिला कुनै बिन्दुमा बरालिन्छ र तिनीहरु असफल हुनेछ ।

धर्मशास्त्रमा परमेश्वरले बारम्बार आफूलाई परिचित मानव सम्बन्धहरुसँग तुलना गर्नुहुन्छ, ताकि हामीले उहँलाई अझ राम्रोसँग बुझ्न सकौं । परमेश्वरका भावना अभिव्यक्त गरिएको छ; वास्तवमा, हाम्रा मानविय भावनाहरु उहाँका आफ्नै सानो नाप हुन्, जसरी धर्मशास्त्रमा बारम्बार देखाएको छ, जहाँ हामीलाई उहाँले प्रेम गर्नुहुन्छ (१ यूहन्ना ४:८), आनन्दित हुनुहुन्छ (सपन्याह ३:१७), शोकित हुनुहुन्छ (भजनसंग्रह ७८:४०,४१) ।

यी शब्दहरु भन्दा कति धेरै आश्वस्त र सान्त्वनादायी हुन सक्छ? जब हामी आफ्नो हातको हत्केलामा केही लेख्छौं, त्यो सधैं हाम्रो अगाडि हुन्छ, निरन्तर सम्झना दिन्छ । परमेश्वर भन्नुहुन्छ कि हाम्रा पर्खालहरु- हाम्रा सुरक्षात्मक सीमाहरु- उहाँको दर्शनमा निरन्तर छन्, जस्तै हाम्रो नाम पनि उहाँको हातको हत्केलामा लेखिएको छ । यदि यी शब्दहरुद्वारा आश्वस्त भएनौं भने, हामीलाई कुनै कुराले पनि मद्दत गर्न सक्दैनन् ।

# कठिनाइहरु सामान्य अस्तित्वका हिस्सा हुन् ।

**- रोनाल्ड डी ब्रायन्ट**



जीवन गुलाब जस्तै जहिले नि सुन्दर हुँदैन् । तपाईलाई थाहा भएका कुराहरु तपाईले सबै गर्न सक्नुहुन्छ र तपाईले सोच्नु भएका सबै कुराहरु पूरा भएको होस् भनी ठान्नुहुन्छ । अभै पनि जीवनमा कठिनाइहरु हुनेछन् । केही समस्याहरु अरुले गरेको वा बनाएका छनौटहरुको कारणले आउँछन् । केही समस्याहरु हामीले गर्ने वा विगतमा गरेका छनौटहरुको परिणामको रुपमा आउँछन् । सिद्ध नभएको संसारमा बसेको कारणले गर्दा हामीमा समस्याहरु आउँछन् । हामी भित्र पनि समस्याहरु छन् । कहिले काहीँ हामी क्रोधित हुन्छौं, चिन्तित हुन्छौं, डराउँछौं, निरासा हुन्छौं, अनि संघर्ष गर्छौं । हाम्रा कठिनाइका बिन्दुहरु र तनावका स्तरहरु फरक-फरक हुन सक्छन् । तर हामी सबैका लागि ती कुराहरु समान हुन् ।

कठिनाइहरुका स्रोत परमेश्वर हुनुहुन्न्, तर उहाँले आफ्ना छोराछोरीहरुलाई ती अनुभव गर्न अनुमति दिनुहुन्छ । किन? दिन सक्ने जवाफहरु मध्ये, त्यहाँ एउटा सर्वोपरि छः हामी सोच्छौं कि हामी जिम्मेवार छौं र आत्मनिर्भर छौं । यद्यपि, जब हामी हाम्रो आवश्यकता र हाम्रो गरिबीको सामना गर्छौं तब मात्र हामीले आत्मनिर्भरताको मुखौटालाई पन्छाएर, "जीवन, सास र सबै थोक" दिनुहुने उहाँको खोजीमा आफूलाई समर्पित गर्नेछौं (प्रेरित १७:२५) ।

यो स्मरण गर्नु उत्तम कुरा हो कि ख्रीष्टियान जीवन समस्यामुक्त जीवन होइन्, तर जीवनका अप्ठ्यारोहरु, कठिनाइहरु, हाम्रा आफ्नै कमजोरीहरु र हाम्रा आफ्नै मूर्ख छनौटहरुसँग प्रभावकारी रुपमा बाँच्न सिक्नु पर्छ । यसमा पहिचानको बलियो भावना र उद्देश्यको स्पष्टतासाथ जीउने कुरा सम्लग्न हुन्छ । ख्रीष्टियानको पहिचानले परमेश्वरसँगको सम्बन्ध जोडिएको हुन्छ जुन परमेश्वरको शक्ति र जागरुकतामा बाँधिएको छ, कि उहाँ सर्वोच्चमा शासन गर्नुहुन्छ । ख्रीष्टियान जीवनको उद्देश्य भनेको जीवनका जुनसुकै विषयमा पनि सामना गर्न खोज्नु हो । जुनसुकै परिस्थिति र कठिनाइहरु आएता पनि परमेश्वरलाई चिनौं र उहाँलाई आदर गर्ने होऔं । ❁

# के म मण्डलीमा जानुपर्छ?

– स्टीव हिगिनबोथम




के तपाईलाई कहिल्यै यस्तो प्रकारको प्रश्नहरु सोधिएको छ? वर्षभरि मैले अक्सर मानिसहरुले यो प्रश्न सोध्ने गरेको पाइयो, "के म मण्डलीको सबै सेवाहरुमा जानुपर्छ? मेरो मतलब, म आइतबार राती वा बुधबार राती नगए के हुन्छ? यदि म आइतबार बिहान इमान्दारीपूर्वक जान्छु भने के म मण्डलीका अरु संगतीमा जानुपर्छ? ठीक छ, मलाई आफ्नो केही प्रश्नहरुका साथ त्यो प्रश्नको जवाफ दिन अनुमति दिनुहोस् ।

- के तपाईले आफ्ना साना बच्चाहरुलाई अँगालो हाल्नु र माया गर्नुपर्छ?
- के तपाइले आफ्नो श्रीमतीको जन्मदिन सम्झनु पर्छ?
- के तपाई कामबाट घर आउन ढिलो हुँदा घरमा फोन गर्नुपर्छ?
- के तपाईले आफ्नो परिवारको लागि उपहारहरु किन्नुपर्छ?
- के तपाई आफ्ना बच्चाहरु संलग्न भएको खेलकुद र संगीत समारोहहरुमा उपस्थित हुनुपर्छ?
- के तपाई नजिकको साथी वा प्रियजनको अन्त्येष्टिमा सहभागी हुनुपर्छ?
- के तपाईले कसैलाई माया गर्दा "म तिमीलाई माया गर्छु" भन्नुपर्छ?

मैले भन्न खोजेका कुरा तपाई बुझ्दै हुनुहुन्छ । कहिलेकाहीँ हामीले गलत प्रश्नहरु सोधेर दोषी भएका हुन्छौं । जीवनमा केही चीजहरु छन्, जुन हामीले गर्नु "हुँदैन्" तर हामी गर्न "पुग्छौं" । "के मैले गर्ने पर्छ...?" भन्ने प्रश्न अत्यन्तै अनुपयुक्त हुन्छ । जब मेरो परमेश्वरसँग मेरो सम्बन्धमा "मैले के गर्नु पर्छ" र "के गर्नु पर्दैन" मा आधारित हुन्छ, तब मैले त्यो सम्बन्धलाई लामो समयसम्म हेर्नु राम्रो हुन्छ । ❁

# मण्डली वृद्धिको निम्ति मैले के सहायता गर्न सक्छु?



जर्ज बर्नाले स्थानीय मण्डलीमा जाने मानिसहरुको सर्वेक्षण गरेका थिए । सो अध्ययन पश्चात उनले निम्न कुराहरु पत्ता लगाए :-

- ७८% ले सेवाको अन्त्यमा आफ्नो वरपर बसेका व्यक्तिहरुले अभिवादन गर्न मन पराए ।
- ७२% सेवाका क्रममा बस्न चाहेनन् र सेवाकाईको मान्यता पाउन चाहेनन् ।
- ७०% ले मण्डलीको बारेमा जानकारी पाउन रुचाए ।
- ६५% ले मण्डलीको नाउँ अंगाल्न चाहेनन् ।
- ६४% ले आफ्नो घरमा प्रचारक आएको चाहेनन् ।

हामीलाई थाहा छ कि त्यहाँ संख्यात्मक भन्दा पनि मण्डलीको वृद्धि हुनुपर्ने कुरा धेरै छन् । यद्यपि जब हामी प्रेरितको कथालाई विचार गर्छौं, तब पवित्र आत्माले प्रभुको मण्डलीको संख्यात्मक वृद्धि भएको अभिलेख गर्न लूकालाई अभिप्रेरित गर्नुभयो (प्रेरित ४:४; ५:१४; ६:१; ९:३१) । त्यसो भए तपाईले आफ्नो स्थानीय मण्डलीलाई वृद्धि विकास गराउन कसरी सहायता गर्न सक्नुहुन्छ?




(१) आगन्तुकहरुले आफ्ना सवारी साधनहरु नजिकै राख्न सकोस् भनेर तपाईले आफ्नो सवारी साधन मण्डली भवनभन्दा केही टाढा पार्क गर्नुहोस् । ताकि पाहुनाहरुलाई सहज होस् ।

(२) तपाईको नजिकै बस्ने पाहुनाहरुलाई आफ्नो परिचय दिनुहोस् । यदि ७८% पाहुनाहरुले अभिवादन गरेको मन पराउनुहुन्छ भने, सबैले सबैलाई खुल्ला मनले अभिवादन गरौं ।

(३) मानिसहरुलाई बाइबल कक्षामा आउन निम्तो दिनुहोस् । यदि तपाईका साथीहरुको बाल बच्चाहरु छन् भने तिनीहरुलाई आफूसँगै कक्षा कोठामा लिएर आउनको निम्ति अनुरोध गर्नुहोस् ।

(४) अतिथिहरुलाई अन्य संगतीहरु जस्तै घरेलु संगती वा तपाईको घरमा हुने संगतीमा सहभागी हुनको निम्ति अनुरोध गर्नुहोस् ।

(५) जब हामी अरुलाई देखेर मुस्कुराउँछौं तब त्यसको परिणाम के हुन्छ त्यो अविश्वनीय छ ।

(६) पाहुनाहरुलाई कहिलेकाहीँ घरमा खाना खान निम्तो दिनुहोस् । यसरी तपाई अनौपचारिक रुपमा पारिवारिक भ्रमण गर्न सक्नुहुन्छ र उहाँहरुलाई राम्रोसँग चिन्ने मौका पाउनुहुन्छ ।

(७) सेवा आराधनाको समयमा अतिथिहरुलाई तपाईसँगै बस्नको लागि अनुरोध गर्नुहोस् ।

(८) आगन्तुकहरुको नाम जान्नुहोस् र उहाँहरुलाई तपाईले चिनेका व्यक्तिहरुसँग परिचय गराउनुहोस् । यो राम्रो अभ्यास र बाइबल अनुसार हो (३ यूहन्ना १:१४) ।

(९) सबैको मित्र बन्नुहोस् । मानिसहरुले मित्रताको व्यवहार गर्ने मण्डली खोजिरहेका हुन्छन् ।

(१०) तिनीहरुको निम्ति नाम लिएर प्रार्थना गर्नुहोस् । ❀

# विवेकहीन सुन्दरी स्त्री

- केन टायलर



हितोपदेश ११:२२ एउटा प्रहार गर्ने अनुच्छेद हो । सोलोमनको कुरा सुन्नुहोस्, "सुँगुरको नाकमा सुनको नत्थ भएझैं एक विवेकहीन सुन्दरी स्त्री पनि हो ।" सुँगुरको थुतुनोमा सुनको गहना असुहाउँदो हुन्छ । सुँगुर फोहोर हुन्छ; त्यो हिलो माटो भित्र पस्न मन पराँउछ । सुनको मूल्य धेरै छ र त्यो बहुमूल्य हुन्छ । सुँगुरको थुतुनोमा सुनको गहना राख्ने भन्ने कुरा कसैले पनि सोच्न सक्दैनन् ।

विवेकहीन स्त्रीको सुन्दरता पनि त्यस्तै छ । वेबस्टर शब्दकोषले विवेक शब्दलाई "कसैले भनेको र गरेको कुरामा होशियारी हुनु" भनी परिभाषित गर्दछ । आफूले भनेको र गरेको कुरामा वास्ता नगर्ने सुन्दरी स्त्रीलाई देख्दा निकै दुःख लाग्छ ।

यसको मतलब के हो भनी म तपाईलाई केही उदाहरणहरु दिन चाहन्छु: (१) विवेकहीन महिलाले आफ्नो मुखबाट फोहोर वचन बोल्छ; (२) विवेकहीन स्त्रीको हातमा रक्सीको गिलास हुन्छ; (३) विवेकहीन स्त्री कुनै पनि मानिस वा हरेक मानिससँग सम्बन्ध राख्छन् र गर्भपतन गर्ने बारे केही सोच्दैनन् (४) विवेकहीन स्त्रीले अश्लील फोटोहरु प्रर्दशन गर्दछन् र अश्लील चलचित्रहरुमा खेल्छन् ।

हो, त्यस्ता स्त्रीहरु सुँगुरको थुतुनोमा राखेको सुनका गहना जस्तै हुन् । सौन्दर्य र त्यस्तो प्रकारका व्यवहारहरुसँगै जाँदैनन् । विवेकहीन सुन्दर स्त्री फोहोरी र अश्लील हुन्छ । उनलाई यस्तो तरिकाले हेर्नु पनि दुःखको कुरा हो ।

तपाई कस्तो प्रकारको स्त्री हुनुहुन्छ? १ पत्रुस ३:१-६ मा यसो भन्दछ, “पत्नी हो, तिमीहरु पनि आफ्ना पतिका अधीनमा रहो, र यसरी तिनीहरुले वचन पालन नगरे तापनि आफ्ना पत्नीहरुको आचरणले गर्दा शब्दविना पनि तिनीहरुका मनको परिवर्तन हुन सक्छ । तिमीहरुका जीवनको शुद्धता र श्रद्धा देख्दा तिनीहरुको परिवर्तन हुनेछ । केशको सिङ्गार, सुनको गहनापात र दामी वस्त्र तिमीहरुको बाहिरी सिङ्गारपटार नहोस् । तिमीहरुका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनाशी रत्नले सजाओ, जो परमेश्वरको दृष्टिमा साह्रै मूल्यवान छ । किनकि यही किसिमले अघिअघि परमेश्वरमा आशा राख्ने पवित्र स्त्रीहरुले पनि सिङ्गार गर्थे, र आफ्ना पतिका अधीनमा बस्थे । साराले जस्तै, जसले अब्राहामलाई स्वामी भनेर तिनको आज्ञापालन गर्थिन, यदि तिमीहरुले उचित काम गऱ्यौ र कुनै कुरामा भयभीत भएनौ भने तिमीहरु उनकै छोरीहरु ठहरिनेछौ ।” यी पदहरुमा व्यवहारलाई महत्वपूर्ण स्थान दिएको कुरालाई ध्यान दिनुहोस् । “शुद्धता” र “पवित्र” जस्ता शब्दहरु देखा परेका छ । त्यसपछि “सदगुण स्त्री” को बारेमा हितोपदेश ३१ अध्याय पढ्नुहोस् । हामीलाई भनिएको छ कि “...तिनी मानिकभन्दा पनि अति नै बढी मूल्यकी हुन्छिन्” (पद १०) ।

उनको बारेमा भनेका यी भनाइहरुलाई ध्यान दिनुहोस्, “तिनी बुद्धिसँग बोल्छिन्, र तिनको जिब्रोमा विश्वास योग्य उपदेश हुन्छ । तिनी आफ्नो परिवारका कारोबारको रेखदेख गर्छिन्, र आलस्यको रोटी खाँदिनन् । तिनका छोरा- छोरीहरु खडा भएर तिनलाई धन्य भन्छन्, तिनका पतिले पनि तिनको प्रशंसा गर्छन्” (पद २६-२८) ।

हामी सबैले यो महसुस गरौं कि संसारमा आत्माको सुन्दरता नै सबै भन्दा ठूलो सुन्दरता हो । म स्त्रीहरुको निम्ति प्रार्थना गर्दछु कि तपाईहरु आफैले आफैलाई यस्तो सुन्दरतामा सजाउनुहोस्, जसद्वारा परमेश्वरको महिमा होस् । ❁

*किनकि यही किसिमले अघिअघि परमेश्वरमा आशा राख्ने पवित्र स्त्रीहरुले पनि सिँगार गर्थे, र आफ्ना पतिका अधीनमा बस्थे । (१ पत्रुस ३:५)*

# एउटा उदाहरण हुनु

- जे.सी चोएटस्



हामी उदाहरण हौं । चाहे हामीले यो महसुस गरौं वा नगरौं, चाहे हामीले मन पराऔं वा नपराऔं, चाहे हामीले जिम्मेवारी स्वीकार गरौं वा नगरौं, हामी हरेक हाम्रो वरवरका मानिसहरुका लागि राम्रो वा नराम्रोको लागि उदाहरण भइरहेका हुन्छौं ।

उदाहरण के हो? यो एउटा ढाँचा हो, यो कसैको जीवनको खाकाको उदाहरण हो । अरुले हाम्रो जीवन देख्न सक्छन्, तिनीहरुले हाम्रो बोली सुन्न सक्छन्, हाम्रो सम्बन्धहरु हेर्न सक्छन् । तिनीहरुले मानिसहरु र चीजहरुप्रति हाम्रो मनोवृत्ति र प्रतिकियाहरु अवलोकन गर्न सक्छन् । तिनीहरुले देखेका र सुनेका कुराहरुबाट राम्रो वा नराम्रोको लागि प्रभावित हुन्छन् । दर्शकहरु, त्यसोभए, हामीले गरेको काम कुराहरुबाट प्रायः केही हदसम्म प्रभावित हुनेछन् । जब हामी यसबारे सोच्दछौं, तब हामीले स्थापना गरिरहेको उदाहरणको ठूलो र अनन्त महत्व देख्न सक्छौं ।

यदि हामी अरुको निम्ति असल उदाहरण बन्न चाहन्छौं भने, हामी आफैले आफैलाई पछ्याउनको लागि राम्रो उदाहरण चाहिन्छ । अनि हाम्रो नजिकका मानिसहरुलाई हामीले बलियो प्रभाव पर्ने सम्भावना हुन्छ । हाम्रो जीवनलाई सार्थक बनाउने हो भने, हामी खराब संगतबाट टाढा रहनुपर्छ । तर हामीले हाम्रो जीवनको लागि राम्रो नमुना कसलाई हेर्न सक्छौं? त्यो प्रश्नको जवाफ दिनको लागि, यदि हामी धर्मशास्त्रसँग परिचित छौं भने, हामी येशूलाई मेरो लागि, तपाईको लागि, र सबै मानिसहरुको लागि सबै भन्दा राम्रो र उत्कृष्ट उदाहरणको रुपमा औंल्याउँछौं । प्रेरित पत्रुस भन्दछ, “किनकि यसैको निम्ति तिमीहरु बोलाइएका हौ । ख्रीष्टले पनि तिमीहरुका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरुका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरु उहाँकै पाइलामा हिँड्नुपर्छ” (१ पत्रुस २:२१) । ख्रीष्ट परमेश्वरबाट आउनुभयो, तर हामी जस्तै सबै प्रलोभनको

अधीनमा रहनुभयो, तापनि उहाँले पाप गर्नुभएन् । उहाँको बारेमा बोल्दै, हिब्रू लेखक लेख्दछ, "किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न् । तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो" (हिब्रू ४:१५) । ख्रीष्ट ईश्वरीय, शुद्ध, निःस्वार्थ, नम्र, धैर्यवान हुनुहुन्थ्यो, आफ्नो पिताको सेवा गर्दै सबै मानिसहरुलाई प्रेम गर्नुभयो ।

हाम्रो जीवनको कुनै पनि समयमा हामीले के गर्ने भन्ने बारे हामी निश्चित नभएको बेला, येशूले के गर्नु भयो भनेर सोध्नु राम्रो हुन्छ । यदि हामीले त्यो प्रश्न सोध्छौं र त्यस बिन्दुमा उहाँको उदाहरणलाई पछ्याँउछौं भने, हामीले पक्कै सही कुरा गर्नेछौं ।

हामी आफैले आफैलाई "ख्रीष्टियान" भन्छौं । त्यो नामको अर्थ, "ख्रीष्ट जस्तै" हुनु हो । २ कोरिन्थी ५:२० अनुसार, हामी यस संसारमा ख्रीष्टको प्रतिनिधिको रुपमा बाँचिरहेका छौं: "यसकारण हामी ख्रीष्टका राजदूतहरु हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ । ख्रीष्टकै पक्षमा हामी तिमीहरुलाई बिन्ती गर्दछौं, कि तिमीहरु परमेश्वरसँग मिलापमा आओ ।"

यदि मैले कसैलाई मेरो नाममा मिसनमा पठाएँ भने, म त्यो व्यक्तिले कुनै पनि परिस्थितिमा मैले गरे जस्तै कुरा गर्ने, सोच्ने, र व्यवहार गर्ने अपेक्षा गर्छु । यदि, यसको सट्टा, त्यो व्यक्तिले मेरो नाममा झुट बोल्यो, मेरो नाममा धोका दियो र मेरो नाममा मैले गरेको कुरासँग नमिल्ने व्यवहार गऱ्यो भने मैले धोका दिएको महसुस गर्दछु ।

हाम्रा प्रभुले हामीलाई उहाँको नाम अंगाल्नु भनिएको छ, एउटा यस्तो नाम जसमा पाप र दुष्टता कहिल्यै मिसाएको छैन् । उहाँलाई पछ्याउँछौं भनी हामी ख्रीष्टियानहरु सबैको उत्कृष्ट उदाहरण हुनुपर्दछ । हामीले के भन्छौं र के गर्छौं भनी मानिसहरुले हेरिरहेका हुन्छन् । तिनीहरुले आफू र अरुप्रति हाम्रो मनोवृत्ति जोख्छन् । यसबाट उनीहरुले ख्रीष्टियान धर्मलाई कसरी परिभाषित गर्ने भनेर राम्ररी निर्धारण गर्न सक्छ । हामी तिनीहरुलाई ख्रीष्टमा ल्याउन सक्छौं, वा हामी तिनीहरुलाई "ख्रीष्ट-जस्तै" परिभाषित गर्न सक्छौं ।

हामी ख्रीष्टियान हौं भनी भन्न सक्छौं, र हामी हाम्रो वरपरका मानिसहरुलाई हतार-हतार प्रचार गर्न सक्छौं, तर तिनीहरु हामीले बोलेका कुराले भन्दा हाम्रो जीवन शैलाबाट बढी प्रभावित हुनेछन् । के हामीले प्रचार गरेको कुरालाई हामीले अभ्यास गरिरहेका छौं? याद गर्नुहोस्, हामीसँग हरेक दिन दर्शकहरु हुन्छन् । संसारका मानिसहरु, हाम्रा साथीभाइ, आफन्त, हाम्रा

आफ्नै सन्तान पनि छन् । हामीमा तिनीहरुलाई प्रभाव पार्ने ख्रीष्टका कुराहरु के–के छन्? के तिनीहरुले हामीलाई इमान्दार र निष्कपट भएको देख्छन्, हामीले भन्दै गरेको ख्रीष्टियान पाउँछन्?

वा के तिनीहरुले हामीलाई नक्कली, कपटी, अभिनेता, ढोंगको रुपमा हेर्छन्? त्यहाँ मण्डलीका सदस्यहरु छन्, जो कहिल्यै सेवा आराधनामा उपस्थित हुँदैनन् । कतिपयले आफ्ना छोराछोरीलाई बाइबल अध्ययनमा ल्याउँदैनन्, वा तिनीहरुसित घरमा बाइबल अध्ययन गर्दैनन् । अझै अरुसँग आफ्नो लागि पैसा छ तर प्रभुको लागि कहिल्यै केही छैन । यदि तपाई त्यस्ता कुराहरुका लागि दोषी हुनुहुन्छ भने, के तपाईलाई लाग्छ कि तपाईका छोराछोरीहरु हुर्कदै जाँदा प्रभुमा चासो राख्नेछन्, र उहाँको आज्ञापालन गर्नेछन्, र उहाँप्रति वफादार हुनेछन? यदि तपाई त्यसो सोच्नुहुन्छ भने, तपाई दुःखद रुपमा गलत हुनुहुन्छ ।

यस्तो उदाहरण ख्रीष्टको नामको विश्वासघात हो, र यसले मानिसहरुलाई उहाँतिर लैजाँदैन्, तर उहाँबाट टाढा लैजान्छन् । तपाईले के गरिरहनु भएको छ भन्ने बारे गम्भीरतापूर्वक सोच्नुहोस् । तपाई र तपाईलाई हेर्नेहरुका लागि धेरै ढिलो हुनु अघि आवश्यक सुधारहरु गर्नुहोस् । पावलले जवान प्रचारक तिमोथीलाई यसो भन्दछ, “जवान छौं भन्दैमा कसैले तिमीलाई तुच्छ नठानोस् । तर विश्वासीहरुका अगि बोलीवचन, आचरण र प्रेममा, विश्वासमा र शुद्धतामा तिमी एक उदाहरण बन” (१ तिमोथी ४:१२) । पावल भन्दछन् कि एउटा जवान मानिसको रुपमा, र विशेष गरी एउटा जवान विश्वासीको रुपमा, तिमोथीले आफ्नो जीवन यसरी चलाउनु पर्छ कि उसको उमेरको आधारमा कसैले पनि उनमा दोष लगाउन नपाओस् । पावलले विचार गर्नुपर्ने विशेष क्षेत्रहरु उल्लेख गरेका छन्, जुन क्षेत्रहरुमा जवानहरु अक्सर समस्यामा पर्छन् । उनी भन्दछन् कि तिमोथी प्रभुको वचनलाई सही तरिकाले सम्हाल्नको लागि गम्भीर हुनुपर्छ । उसले आफ्नो बोलीको रक्षा गर्नुपर्छ, ताकि उसले आफ्नो प्रेम, नम्रता र विश्वास व्यक्त गर्न आफ्नो जीवन शैलीबारे सचेत हुन सकोस् । जवान पुरुष र महिलाहरुको जीवनमा यी सकारात्मक गुणहरु भएमा तिनीहरुका युवा साथीहरु र पुराना पुस्ताहरुमा पनि राम्रो प्रभाव पार्न सक्छन् । यस्तो उहाहरणले अरुमा राम्रो प्रभाव पार्ने मात्र होइन, कि यस संसारमा समेत धेरै प्रशस्त इनामहरु ल्याउनेछ ।

हामी परमेश्वरका छोराछोरीहरुको रुपमा उहाँको नाउँ अंगाल्न पाउँदा आशिषित हुन्छौं । इस्राएलीहरुले उहाँको नाउँ अँगाल्दा, परमेश्वरले

तिनीहरुको बारेमा भन्नुभयो, "अनि जब तिनीहरु ती जातिहरुका बीचमा गए, तब तिनीहरुले मेरो पवित्र नाउँलाई अपवित्र पारे, किनकि तिनीहरुका विषयमा यसो भनिएको थियो, यिनीहरु त परमप्रभुको प्रजा हो, तापनि देशलाई तिनीहरुले छोडनुपर्‍यो । म मेरो महान् नाउँको पवित्रता देखाउनेछु, जो ती जातिहरुका बीचमा अपवित्र भएको छ, जुन नाउँ तिमीहरुले तिनीहरुका बीचमा अपवित्र पारेका छौं । जब म आफैलाई तिमीहरुद्वारा तिनीहरुका अगि पवित्र प्रकट गर्नेछु, तब जाति-जातिहरुले जान्नेछन्, कि म नै परमप्रभु हुँ, परमप्रभु परमेश्वर भन्नुहुन्छ" (इजकिएल ३६:२०,२३) ।

हामीसँग त्यही मौका र त्यही जिम्मेवारी छ भन्ने कुरा हामीले सम्भन्नुपर्छ । ख्रीष्टियान जीवन जस्तो अरु कुनै जीवन छैन । उहाँ संसारको ज्योति हुनुहुन्छ भनी ख्रीष्टले भन्नुभयो (यूहन्ना ८:१२), तर उहाँले आफ्ना चेलाहरुका बारेमा पनि भन्नुभयो कि तिनीहरु संसारका ज्योति हुन् (मत्ती ५:१४) । अर्थात, तिनीहरुले ख्रीष्टको ज्योतिलाई चम्काउनु पर्छ, र तिनीहरुले उहाँलाई र उहाँको उदाहरणलाई पछ्याएर मात्र गर्न सक्छन् ।

तिनीहरु लुक्न नसकिने डाँडामा राखिएको शहरका ज्योतिहरु जस्तै छन् भनी येशूले कसैको ज्योतिको महत्वलाई उदाहरण देखाउनुभयो । मैनबत्तीको उद्देश्य उत्यालो दिनु हो, त्यसलाई केही मुनि राखेर लुकाउनु नपर्ने कुरा पनि उहाँले दर्शाउनु भयो । त्यसैगरी, ख्रीष्ट आफ्नो जीवन हो भनेर देखाउन कोही व्यक्ति ख्रीष्टियान हुन्छ, आफैलाई पाप र असुहाउँदो स्वभावमा लुकाएर होइन् । त्यसपछि येशूले भन्नुभयो, "यसरी नै तिमीहरुको ज्योति मानिसहरुका सामुन्ने चम्कोस् र तिनीहरुले तिमीहरुका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरुका पिताको महिमा गरुन्" (मत्ती ५:१६) । कसैको असल कामहरु उसको आफ्नै महिमाको लागि होइन्, बरु अरुले उसको जीवन देखून र यो ख्रीष्टलाई पछ्याएको परिणामबाट आएको हो भनी जान्नको लागि हो, ताकि प्रभु स्वयंको सम्मान र महिमा होस् ।

तपाई कस्तो उदाहरण प्रस्तुत गर्दै हुनुहुन्छ? के यो उदाहरण राम्रो छ या नराम्रो छ? यदि तपाईले येशू ख्रीष्टको सबै भन्दा महान उदाहरणलाई पछ्याउनुहुन्छ भने यो उत्तम हुन सक्छ । तपाईका साथीहरु र प्रियजनहरुका लागि अनन्त मुक्ति सुनिश्चित गर्न मद्दत गर्ने खालको जीवन जिउन यस संसारमा तपाईले के राम्रो काम गर्न सक्नुहुन्छ?

❀

# म को हुँ?

**– रिबेका रशमोर**

के तपाई मलाई चिन्न सक्नुहुन्छ? प्रत्येक सुराग पढ्नुहोस् र ध्यानपूर्वक सोच्नुहोस् । यदि तपाईले पहिलो संकेतमै मेरो नाम अनुमान गर्नुहुन्छ भने आफैलाई १०० अंक प्राप्तांक दिनुहोस् । यदि तपाईलाई पाँचौं संकेत पछि मात्र म को हुँ भनेर थाहा पाउनुभयो भने तपाईको प्राप्तांक ६० हुनेछ । जब तपाई मेरो पहिचानमा निश्चित हुनुहुन्छ, परमेश्वरको वचनबाट तथ्यहरु प्रमाणित गर्न प्रत्येक संकेत पछि धर्मशास्त्रका अंशहरु हेर्नुहोस् ।

(१) मेरो श्रीमान धनी हुनुहुन्थ्यो (१ शमूएल २५:२) ।
(२) म सुन्दरी र बुद्धिमति थिएँ, तर मेरो श्रीमान कठोर र दुष्ट थिए (१ शमूएल २५:३) ।
(३) मेरो श्रीमानले कर्मेलको नजिक आफ्ना भेडा र बाख्राहरु राख्नुभयो (१ शमूएल २५:२) ।
(४) दाऊद मेरो श्रीमानको बगाल नजिकै बसे र तिनका मानिस तिनीबाट केही पनि नलिई तिनीहरुको सुरक्षा गरे (१ शमूएल २५:७, १५,१६) ।
(५) जब दाऊदले आफ्ना मानिसहरुलाई प्रवन्ध माग्न नोकरहरु पठाए, मेरो पति धेरै अशिष्ट थियो र मद्दत गर्न अस्वीकार गऱ्यो (१ शमूएल २५:९-११) ।
(६) मेरो श्रीमानले अतिथि सत्कार गर्न अस्वीकार गरेकोमा दाऊद रिसाए र बदला लिने योजना बनाए (१ शमूएल २५:१३,२१,२२) ।
(७) मेरो एक जना सेवकले मलाई गोप्य रुपमा दाऊदलाई मेरो पतिको असभ्यताको बारेमा बताए (१ शमूएल २५:१४-१७) ।
(८) मेरो पतिलाई मार्न जाँदै गर्दा मैले दाऊदलाई रोकें । मैले उनलाई प्रवधान दिएँ र उनलाई मेरो पतिलाई हानि नगर्न बिन्ती गरें (१ शमूएल २५:१८-२०, २३-३१) ।
(९) मेरो श्रीमानको नाम नाबाल थियो (१ शमूएल २५:३) ।
(१०) दाऊदसँग भेट भएको लगभग एघार दिन पछि, परमप्रभुले मेरो श्रीमानलाई प्रहार गर्नुभयो । त्यसपछि दाऊदले मलाई आफ्नी पत्नीको रुपमा लिए (१ शमूएल २५:३६-४२) ।

(यसको जवाफ किताबको पछाडि छ) **मेरो प्राप्तांक**..................

# म कहाँ छु?

**– रिबेका रशमोर**

के तपाई मलाई चिन्न सक्नुहुन्छ? प्रत्येक सुराग पढ्नुहोस् र ध्यानपूर्वक सोच्नुहोस् । यदि तपाई पहिलो संकेतमै मेरो नाम अनुमान गर्नुहुन्छ भने आफैलाई १०० अंक प्राप्तांक दिनुहोस् । यदि तपाईलाई पाँचौं संकेत पछि मात्र म को हुँ भनेर थाहा भयो भने तपाईको प्राप्तांक ६० हुनेछ । जब तपाई मेरो पहिचानमा निश्चित हुनुहुन्छ, परमेश्वरको वचनबाट तथ्यहरु प्रमाणित गर्न प्रत्येक संकेत पछि धर्मशास्त्रका अंशहरु हेर्नुहोस् ।

(१) म बाइबल देशहरुमा एउटा प्रसिद्ध नदी हुँ ।
(२) मेरो स्रोत उत्तरमा छ र मेरो मुख दक्षिणमा छ ।
(३) मेरो चौडाई अस्सी फिट देखि एक सय अस्सी फिट सम्मको छ ।
(४) मेरो गहिराई पाँच देखि बाह्र फिट सम्मको छ ।
(५) जसरी काग उड्छ, मेरो लम्बाइ १२० माइल हुन्छ, तर तिमीले पानीको बाटो पछ्यायौ भने मेरो लम्बाइ २०० माइलको छ ।
(६) मेरो उचाइ कुलको लागि औसत २२ फिट प्रति माइल झर्छ करिब तीन हजार फिट उचाइमा खस्छ ।
(७) कुष्ठरोगको मानिसलाई निको पार्न परमेश्वरले मेरो पानी प्रयोग गर्नुभयो (२ राजा ५:१०) ।
(८) मेरो इस्राएलीहरुले मलाई प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गर्न सुक्खा जमिनबाट पार गरे (यहोशू १:२; ३:१७) ।
(९) यूहन्नाले मलाई ख्रीष्टको बप्तिस्मा लगायत धेरैको बप्तिस्माको लागि प्रयोग गरे (मत्ती ३:१३) ।
(१०) मेरो स्रोतहरु मध्ये एउटा हर्मोनको पहाड हो र मेरो मुख मृत सागरमा छ ।

(यसको जवाफ किताबको पछाडि छ) **मेरो प्राप्तांक**..................

# सकारात्मकरूपमा प्रशिक्षण

- बेट्टी बर्टन चोएटस्



**"बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालीम देऊ, वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन" (हितोपदेश २२:६) ।**

घरमा पति-पत्नीको मिलन, हजुरबुबा हजुरआमा र अन्य आफन्तहरु, सुन्दर, बुद्धिमान र मनमोहक सन्तानहरु भन्दा बढी मूल्यवान अरु केही छैन । परमेश्वरले घरलाई न्यानोपन, सुरक्षा र प्रेमको स्थान बनाउन चाहनुहुन्छ । परमेश्वरको इच्छा पूरा गर्नु आमाबाबुको जिम्मेवारी हो ।

सबैलाई अँगालो, अनुमोदन र प्रोत्साहनका शब्दहरु चाहिन्छ । बच्चाहरु, विशेष गरी, तिनीहरुको प्रारम्भिक वर्षहरुमा, तिनीहरुको आमा र बुबाबाट यस प्रकारको सम्बन्ध चाहन्छन् जुन यहाँ मलाई केही सुझाव गर्न दिनुहोस्:

(१) **अभिभावकहरुको हात हुनुहोस् ।** हो, त्यहाँ कहिलेकाहीँ तपाईको हातहरु नराम्रो व्यवहारको निम्ति सजायको लागि प्रयोग गर्नुपर्नेछ, तर यदि तपाईका हातहरु ९९% समय अँगालो हाल्न, सुस्तरी हिर्काएर अनुमोदन गर्न र मायाको लागि प्रयोग गरिन्छ भने तपाईले आधारभूत सम्बन्धको लागि आफ्नो बच्चाहरुसँग सकारात्मक ध्वनि निर्माण गर्दै हुनुहुन्छ । यो महत्वपूर्ण अवयवलाई बेवास्ता नगर्नुहोस् ।

(२) **आफ्नो छोराछोरीहरुसँग कुरा गर्नुहोस्,** उनीहरुका अगाडी आफ्ना विचारहरु राख्नुहोस् ताकि उनीहरुले तपाईको उदाहरणद्वारा आफ्नो तर्क र निष्कर्षहरुद्वारा तपाईलाई पछ्याउन सकोस् ।

(३) **तिनीहरुले के भनिरहेका छन् वा गरिरहेका छन् भनेर तपाईको अनुमोदनको बारेमा मुखर हुनुहोस्,** तर सन्तुलित पनि हुनुहोस् । आफ्ना छोराछोरीहरु संसारको केन्द्रविन्दु हुन् र उनीहरुले जे गरिरहेका छन् त्यो सबै महत्वपूर्ण छ भन्ने छाप छोडनु आमाबाबुको गल्ती हो । आजको समाजमा आफैलाई केन्द्रित गर्नु ठूलो समस्याहरु मध्ये एक

हो, र यो प्रायः बाल्यकालबाट सुरु हुन्छ । यद्यपि, यो आत्मविश्वासको कम प्रोत्साहन र अनुमोदनको अभावबाट बढ्छ । लक्ष्यमा पुग्न नसके पनि, प्रयासको प्रशंसा गर्नुहोस्, अर्को पटक कसरी अझ राम्रो प्रयास गर्न सकिन्छ भनेर बच्चालाई इमानदारीपूर्वक हेर्नुहोस् । अरुसँगको कुराकानीमा, तपाईको बच्चाको सुनुवाइमा, उसले भनेको वा गरेको कुराहरुको बारेमा- घमण्डी नगरी- अनुमोदन गर्दै टिप्पणी गर्नुहोस् । कसैको सुनुवाइमा एकजनाको बारेमा भनिएको कुराले प्रायः खाँचोमा परेको भावनाहरु प्रोत्साहनको वजन बन्न जान्छ ।

(४) **आफ्ना बच्चाहरुको योग्यता, प्राथमिकता र चुनौतीहरुको ख्याल राख्नुहोस् ।** तिनीहरुलाई के कुरामा बढी चासो छ भन्ने कुरा ख्याल गर्नुहोस् । यदि तिनीहरु कुनै विशेष खेल वा गतिविधिमा राम्रो गर्न चाहन्छन् भने, उनीहरुलाई लक्ष्य निर्धारण गर्न मद्दत गर्नुहोस् । यदि तिनीहरुका इच्छा निश्चत छन्, र यदि तालिम वा उपकरणको मद्दतले तपाईलाई अभिभावकको रुपमा प्रदान गर्नु आवश्यक छ भने, तपाईले सक्नुहुन्छ । कहिलेकाहीँ यो राम्रो हुन सक्छ कि जुन अधिक मात्रामा प्राप्त गर्न सकिन्छ, बच्चाहरुलाई एउटा लक्ष्यमा पुनः केन्द्रित गर्न प्रोत्साहन दिनुहोस्, ताकि उसलाई असफलताबाट विनाश नहोस् । उसलाई चुनौतीबाट जोगाउने प्रयास नगर्नुहोस्, र लक्ष्यमा पुग्नको लागि तीव्र संघर्ष गर्न चरित्रको मांशपेशीहरुको प्रयास बिना विकसित हुन सक्दैन् ।

(५) **आफ्ना बच्चाहरुसँग पढ्नुहोस् ।** आमाबुबा र बालबालिकाको सम्बन्धका केही प्रिय सम्झनाहरु पुस्तकहरुको साझेदारी मार्फत बनाइन्छ । तर संगीत, खेलहरु, विशेष चलचित्रहरु, टिभी, कार यात्राहरु, क्याम्पिङ अनुभवहरु, क्लब गतिविधिहरु- दैनिक जीवनका क्रियाकलाप बनाउन सक्ने सबै अदभुत विकल्पहरु पनि बाँड्नुहोस् ।

(६) **आफ्ना छोराछोरीलाई जिम्मेवारी बनाउन सानै उमेरबाट प्रशिक्षण दिन थाल्नुहोस् ।** उनीहरुलाई काम गर्न दिनुहोस् जसले उनीहरुलाई परिवारको कामकाजको एउटा आवश्यक भाग हो भन्ने महसुस गराउनेछ । सायद फ्रिजमा वा तिनीहरुको ढोकामा पोष्ट गर्ने तालिका बनाउनुहोस् । ताकि तिनीहरुले प्रत्येक काम पूरा गरेर चिन्ह लगाउन सकून् । सावधानपूर्वक सिकाउनुहोस् कि उनीहरुले खेलौनाहरु टाढा राखेर घरलाई सफा सुग्घर राख्न मद्दत गर्न सक्छन् किनकि

उनीहरु तिनीहरुसँग खेल्छन् । तिनीहरुलाई आफू पछाडिका कुराहरु हेर्न सिकाउनुहोस् ।

(७) **तिनीहरुलाई नम्र हुन सिकाउनुहोस्:** कोठामा आउने वयस्कहरुसँग कुरा गर्न, "जादुई शब्दहरु", "कृपया" र "धन्यवाद" भन्न, वार्तालापहरुको बीचमा रोकावट नगरौं भन्ने कुरा सिकाउनुहोस् ।

(८) **बच्चाहरु परिपक्व भएपछि,** उनीहरुसँग खाना पकाउने, सरसफाइ गर्ने, लुगा धुने, आँगन मर्मत सम्भार र अन्य काममा अनुभवहरु बाँड्नुहोस्, ताकि उनीहरुले यो स्वतन्त्र संसारमा कसरी काम गर्ने भनेर केही ज्ञानको साथ वयस्कतामा जान सकून् । तिनीहरुलाई पैसा व्यवस्थापन गर्नमा मद्दत गर्नु धेरै महत्वपूर्ण छ- बुद्धिमानीपूर्वक किनमेल गर्न, क्रेडिट कार्डहरु प्रबन्ध गर्न (असफल नभइकन तिनीहरुलाई हरेक महिना भुक्तान गर्ने), र कुनै पनि चीजहरु आबेगमा नकिन्ने र सावधानीपूर्वक मूल्यांङ्कन नगर्दा ऋणमा पर्न जान्छ ।

(९) **सम्पूर्ण धर्मशास्त्रमा सिकाइए झैं, तपाईको कुराकानी, अवलोकन र निर्देशनहरुलाई धर्मशास्त्र र तिनीहरुले बाइबलबाट सिकेका पाठहरुबाट लागू हुने घटनाहरुमा** उपयुक्त सन्दर्भहरु समावेश गर्नुहोस् । थप रुपमा, पारिवारिक भक्ति, भजन गाउन, प्रार्थना गर्न, साना बच्चाहरुसँग बाइबल कथा, र ठूला बच्चाहरुसँग गहिरो बाइबल अध्ययनको लागि समय दिनुहोस् ।

(१०) **सामुहिक आराधना समयमा साना बच्चाहरुलाई व्यस्त राख्न बाइबलका पुस्तकहरु लिएर शान्त गतिविधिहरु बनाउनुहोस् ।** ठूलाहरुका लागि उनीहरुलाई भनिएको र गरेको कुरामा ध्यान दिन, भजनमा भाग लिन र तिनीहरुको आम्दानीको तोकिएको अंश परमेश्वरलाई दिन सिकाउनुहोस् । परमेश्वर वास्तविक हुनुहुन्छ, उहाँ तिनीहरुका पिता हुनुहुन्छ, र उहाँले चाहनुहुने मानिसहरु वृद्धि गर्न आवश्यक प्रेम र मार्गदर्शन प्रदान गर्नको लागि पारिवारिक इकाई उहाँको सृष्टि हो भन्ने अनूभूतिलाई तिनीहरुको सोचाइमा सम्मिलित गर्नुहोस् । "बाल्यकाल" बाट स्नातक हुनु भनेको आमाबाबुलाई हेर्नु भन्दा पहिले परमेश्वरलाई हेर्नु हो । तिनीहरु त्यहाँ सम्म पुग्नु नै परमेश्वरको उद्देश्य र हाम्रो लक्ष्य हो ।

❁

# आफ्ना बच्चाहरुलाई माया गर्नुहोस् ।

– भान्स हटन




अरु धेरै कुराहरुको बीचमा आफ्ना बालबच्चाहरुलाई प्रेम गर्न, जवान युवतीहरुलाई सिकाउन वृद्ध महिलाहरुलाई चुनौती दिइन्छ (तीतस २:४,५) । बुबाहरुले निश्चयनै आफ्ना छोराछोरीलाई माया गर्ने जिम्मेवारी बाँड्नुहोस् । अभिभावकहरु मूतिकारहरु जस्तै हुन् जसले एउटा उत्कृष्ट आकृति सृजना गर्दछ । तिनीहरुले स-साना औजारहरुले कुँदेर केही वयस्कहरुको प्रकार दिन्छन । आमाबाबु हुनु शौभाग्यको कुरा हो, उहाँहरुमा अदभूत जिम्मेवारी हुन्छन् । “छोरा परमप्रभुले दिनुभएको उत्तराधिकार हुन्, छोराछोरीहरु उहाँका इनाम हुन् । योद्धाको हातमा भएका काँडहरुझैं युवावस्थामा जन्मेका छोराहरु हुन्छन्, त्यो मानिस धन्यको हो, जसको ठोको काँडहरुले भरिएको हुन्छ । मूल ढोकामा आफ्ना शत्रुहरुको सामना गर्नुपर्दा तिनीहरु शर्ममा पर्नेछैनन्” (भजन संग्रह १२७:३-५) । हामी हाम्रा बच्चाहरुलाई माया गर्दा स्वाभाविक रुपमा संलग्न हुने केही यस्ता कुराहरुलाई ध्यान दिनुहोस् ।

**(१) तिनीहरुको अगाडि असल उदाहरण हुन तिनीहरुलाई पर्याप्त मात्रामा**



**प्रेम गर्नुहोस् ।** आमाबाबुले गरेका कुराहरु अनुकरण गर्न योग्यको हुनुपर्छ। धेरै आमाबाबुले यसो भन्ने गर्दछन्, "मैले भनेको जस्तै गर र मैले गरेभैंm नगर ।" येशूले लामो समयदेखि यसको निन्दा गर्नुभयो (मत्ती २३:३) । आफ्ना छोराछोरीहरुले उनलाई पछ्याउन अब्राहामले आज्ञा दिए (उत्पति १८:१९) । यहोशू प्रभुको निम्ति जिए र आफ्नो परिवारलाई त्यही दिशामा अगुवाइ गरे (यहोशू २४:१५) । येशूको शारीरिक आमाबाबुको रुपमा परमेश्वरले एउटा ईश्वरीय जोडीलाई चुन्नुभयो (मत्ती १; लूका २) । यूहन्नाको जन्म हुनुभन्दा अगाडि जकरिया र एलिशिबाले सबै परमप्रभुका आज्ञाहरु पालन गरेर निदोष भई हिडें (लूका १:६) । तिमोथीमा भएको विश्वासको चरित्र उनकी आमा र हजुरआमा पनि थियो (२ तिमोथी २:५) ।

(२) **तिनीहरुलाई माया गरेर सिकाउनुहोस् ।** व्यवस्था ६:७ ले केटाकेटीहरुलाई प्रभुका वचनहरु र आज्ञाहरु लगनशीलताका साथ सिकाउने र घरमा बस्दा, बाटोमा हिँड्दा, सुत्दा र उठ्दा तिनीहरुको बारेमा कुरा गर्ने बारे बताउँछ। व्यवस्था ३१:१२,१३ ले बच्चाहरुलाई परमेश्वरको डर मान्न र व्यवस्थाका सबै वचनहरुप्रति आज्ञाकारी हुने कुरा सिकाउँछ । हितोपदेश २२:६ ले बच्चालाई तालिम दिने कुरा गर्दछन् । एफिसी ६:४ ले आज्ञा दिन्छ कि बच्चाहरुलाई प्रभुको पालनपोषण र सल्लाहमा हुर्काइयोस्। बाल्यकालदेखि नै, तिमोथीलाई

पवित्र धर्मशास्त्रमा निर्देशन दिइएको थियो (२ तिमोथी ३:१४,१५) । बालबच्चारुलाई सिकाउने दायित्व हाम्रो हो । अरु कसैले गर्नेछन् भन्ने आशा नगर्नुहोस्; त्यो बोझ अरुलाई नदिनुहोस् । तिनीहरुलाई परमेश्वर, प्रभु येशू, मण्डली, शुद्धता, स्वर्ग इत्यादि बारे सिकाउनुहोस् ।

(३) **तिनीहरुलाई अनुशासनमा डोऱ्याउन पर्याप्त माया गर्नुहोस् ।** “छडी नचलाउने बुबाले आफ्नो छोरालाई घृणा गर्छ, तर त्यसलाई प्रेम गर्ने बुबाले होशियारीसाथ त्यसलाई अनुशासन दिन्छ” (हितोपदेश १३:२४) । “जतिलाई म माया गर्छु, म तिनीहरुलाई हप्काउँछु, र ताडना दिन्छु” (प्रकाश ३:१९) । “जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ त्यसैलाई ताड्ना दिनुहुन्छ” (हिब्रू १२:६) । असल बुबाहरुले आफ्ना छोराछोरीहरुलाई सच्याउँछन्, र ईश्वरीय आमाबाबुको लागि आदर सृजना गर्दछन् (हिब्रू १२:९) । अनुशासनले धार्मिकताको शान्तिमय फल ल्याउँछ (हिब्रू १२:११) । अभिभावकहरु आफ्ना छोराछोरीको अनुशासनमा एकताबद्ध र एकरुप हुनुपर्छ । यदि तपाई तिनीहरुलाई माया गर्नुहुन्छ भने, तपाई त्यसलाई निरन्तर दिने प्रयास गर्नुहोस् ।


(४) **तिनीहरुलाई उचित समयमा आफ्नै खुट्टामा उभिने मौका दिनुहोस् ।** धेरै अवसरहरुमा, बाइबलले छोरोछोरीले बुबा र आमालाई छोडेर आफ्ना जोडीहरुसँग जोडिएको कुरा गर्छ (उत्पति २; मत्ती १९; एफिसी ५) । बच्चाहरुलाई त्यो केन्द्रक र नयाँ परिवारको इमान्दारी बनाउन अनुमति दिन असफल हुनु भनेको समस्याहरुको पोको निम्त्याउनु हो । ती केटाकेटीहरुसँग अब आफ्ना जोडीहरुप्रति नयाँ र महत्वपूर्ण दायित्वहरु हुन्छन् । आमाबाबुलाई भन्दा जोडीलाई बढी निष्ठा दिनुपर्छ । छोराछोरीले सधैं आफ्नो आमाबाबुको आदर गर्नुपर्छ, तर नयाँ सम्बन्ध इमान्दारी र भरोसाले बाँधेको हुन्छ । बच्चाहरुलाई महान परिवारहरु बन्न, परिपक्व ख्रीष्टियान बन्न, असल नागरिक, परमेश्वर र अरुको सेवकहरु बन्न अनुमति दिनुहोस् ।

आफ्ना बच्चाहरुलाई माया गर्नुहोस् । समय चाँडै बितेर जान्छ । उनीहरुको अगाडि राम्रो उदाहरण बन्न, सिकाउन, अनुशासन दिन, र उनीहरुलाई बिना हस्तक्षेप आफ्नै परिवार निर्माणको निम्ति अनुमति दिन पर्याप्त माया गर्नुहोस् । आमाबुबा धेरै आशिषित हुनुहुन्छ ।

❁

# पहिलो तिमोथी ४:१

– ग्लेन कोली




पावलको राम्रो पुस्तकमा पीडादायी वास्तविकताहरु मध्ये यो पनि एउटा हो । कोही विश्वासबाट टाढा हुनेछन् । यो दुःखदायक छ किनभने तिनीहरु नयाँ नियममा सिकाइएको साँचो धर्मको निश्चित विश्वासबाट टाढा हुँदैछ । यो कुनै अचम्मको कुरा होइन कि एउटा सिद्धान्त जसले मानिसहरुलाई विश्वासबाट टाढा लैजान्छ, त्यो भूतहरुबाट उत्पन्न हुन्छ । यो पक्कै पनि राम्रो कुराबाट आउँदैन् ।

कसैले पनि विश्वास नछोडनू भन्ने म चाहन्छु । अन्तिम परिणाम विनाशकारी हुन्छ । यो “तिनीहरुलाई दिइएको पवित्र आज्ञा जानिकन पनि पछि हट्नुभन्दा त बरु तिनीहरुलाई धार्मिकताको मार्ग कहिल्यै थाहै नभएको भए असल हुनेथियो” (२ पत्रुस २:२१) । पत्रुसको भनाइ अनुसार तिनीहरु कुकुर जस्तै छन् जो आफ्नो बान्तामा फर्केर जान्छ । आफ्नो विश्वासलाई त्यागेर हराएको अवस्थामा फर्केर जाने मानिसहरु पनि त्यस्तै हुन्छन् ।

तर सुन्नुहोस्- यो वास्तविकताले हामी खीष्टियानहरुलाई नयाँ साथीहरु माझ सुसमाचार लिएर जाने कुराबाट निरुत्साहित गराउँदैनन् । सिकाउनु र खीष्टमा कसैलाई रुपान्तरण गर्नुको पीडा, केवल उसले आफ्नो विश्वासलाई त्यागेर अन्य सिद्धान्तहरु पछ्याएको देख्नु डरलाग्दो कुरा हो र यसले तपाईलाई मानिसहरुमाझ सत्य शिक्षा दिन उत्साहित गराउँदैन् । तपाई निरुत्साहित हुन सक्नुहुन्छ र विश्वास गर्नुहुन्छ कि यस पुस्ताका मानिसहरु धेरै समयसम्म विश्वासलाई थामिराख्दैनन् । तापनि, त्यो सत्य होइन्, र यो पदले हामीलाई देखाउँछ कि विश्वासबाट अलग हुने मानिसहरुको समस्या मण्डलीको बाल्यकालदेखि नै रहेको छ । वास्तवमा, के तपाईले याद गर्नु भएको छ कि त्यहाँ येशूका चेलाहरु थिए जो उहाँको शिक्षा सुनेर धेरै जना पछि हटे, र उहाँसँग हिँड्न छोडे (यूहन्ना ६:६६)?

जब उहाँले बीउ छर्नेको दृष्टान्त सिकाउनुभयो तब येशूले हामीलाई खीष्टियानहरु भूतहरुको सिद्धान्तमा हराउन सक्छन् भनी भन्नुभयो (मत्ती १३:१८-२३) । बीउ परमेश्वरको वचन हो, र बीउ छर्ने व्यक्ति वचनको शिक्षक हो । भूमिले सुन्नेहरुको विभिन्न हृदयलाई प्रतिनिधित्व गर्दछ । येशू भन्नुहुन्छ कि कसैले सत्यलाई छोड्नेछन् किनभने तिनीहरुले साँचो सुसमाचारप्रति पूर्वाग्रह राखेका छन्, अरुले अझै धेरै गर्न बाँकी छ, अझै अरु केवल खीष्टियान जीवनका चुनौतीहरुको सामना गर्न इच्छुक छैनन् । कोही-कोही असल भूमि जस्तै हुनेछन् र खीष्टियान भएर बढ्नेछन् र समृद्ध हुनेछन् भनी प्रभुले अन्त्य भन्नुभयो ।

यो सानो लेखको समापन गलाती ६:९ लाई हेरेर गर्नेछौं, "भलाई गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं ।"

❀

*"तिनीहरुले भनेका थिए, आखिरी समयमा आफ्नै भक्तिहीन वासनाको पछि लागेर गिल्ला गर्नेहरु हुनेछन् । फूट ल्याउनेहरु, सांसारिक मानिसहरु र पवित्र आत्मा नभएका मानिसहरु यिनै हुन्" (यहूदा १:१८)*

*"त्यसपछि उहाँका चेलाहरुमध्ये धेरै जना पछि हटे, र उहाँसँग हिँड्न छोडे" (यूहन्ना ६:६६) ।*

# पवित्र आत्मासित बप्तिस्मा

- रोयस फ्रेडरिक



पवित्र आत्माको बप्तिस्मा नयाँ नियममा दुई पटक भएको अभिलेख छ (प्रेरित २ र १०; हेर्नुहोस् ११:१५) । कोही मानिसले कसैलाई पवित्र आत्माको बप्तिस्मा दिन सक्दैनन् । एउटा मानिसले अर्को व्यक्तिलाई पानीमा डुबाएर बप्तिस्मा दिन सक्छन् । तर पवित्र आत्माको बप्तिस्मा दिने शक्ति भएको व्यक्ति येशू मात्र हुनुहुन्छ (मत्ती ३:११; प्रेरित १:५) ।

पवित्र आत्माको बप्तिस्माले मानिसहरुलाई "प्रेरित" बनाउँदैनन् । प्रेरित २ अध्याय भन्दा पहिले, येशूले बाह्र जना चेलाहरुलाई प्रेरितहरुको रुपमा नियुक्त गर्नुभयो (लूका ६:१३-१६) । पवित्र आत्माको बप्तिस्माद्धारा परमेश्वरले मानिसहरुको पाप क्षमा गर्नुहुन्न् । प्रेरितको पुस्तक १० अध्यायमा भएको समूहले पवित्र आत्माको बप्तिस्मा पाएपछि, पत्रुसले "तिनीहरुलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनू भनी आज्ञा गरे"

(प्रेरित १०:४८) । यो बप्तिस्मा पाप क्षमाको लागि "पानी" (१०:४७) मा लिएको थियो जुन प्रेरितको पुस्तक २ अध्यायमा पत्रुसले व्याख्या गरेको उही उद्देश्य, "...तिमीहरुका पाप क्षमाको निम्ति प्रत्येकले बप्तिस्मा लेऊ" भन्ने नै थियो (प्रेरित २:३८; ८:३५-३९; २२:१६; १ पत्रुस ३:२०,२१; रोमी ६:३,४,१७,१८) ।

पवित्र आत्माको बप्तिस्मा आज्ञा पालन गर्नको निम्ति दिएको थिएन् । येशूले प्रेरितहरुलाई पवित्र आत्माको बप्तिस्माको लागि पर्खने आज्ञा दिनुभयो (प्रेरित १:४-५) । पवित्र आत्माको बप्तिस्मा अच्चम तरिकाबाट आयो । प्रेरित २ अध्याय अनुसार प्रेरितहरुलाई थाहा थियो कि तिनीहरु पवित्र आत्माले बप्तिस्मा हुनेछन्, तर यो कहिले हुनेछ भन्ने समय थाहा थिएन् । त्यसरी नै प्रेरित १० अध्यायमा अन्यजातिहरुलाई पनि पवित्र आत्माको बप्तिस्मा हुनेछन् भन्ने कुरा थाहा थिएन् ।


पवित्र आत्माको बप्तिस्मा पूर्णरुपमा पवित्र आत्मासित डुबाइएको थियो । पवित्र आत्माको बप्तिस्मा पाएकाहरुलाई उहाँले चकित पार्नुभयो । प्रेरित २ अध्यायमा प्रेरितहरुले पवित्र आत्माको बप्तिस्मा पाएका थिए । यसले धेरै स्रोताहरुको हृदयमा रहेको येशू विरुद्धको पूर्वाग्रह हटायो । तिनीहरु छक्क परे अनि तिनीहरुले बुझे कि यो एउटा संकेत हो कि परमेश्वर वक्ताहरुसँग हुनुहुन्छ । प्रेरितहरुमार्फत मानिसहरुले परमेश्वरको वचन सुने; र तिनीहरुले सुसाचारको आज्ञा पालन गरे (प्रेरित २:६-८,३३,३८,४१) ।

प्रेरितको पुस्तक १० अध्यायमा वचन सुन्ने अन्यजातिले पनि पवित्र आत्माको बप्तिस्मा पाएका थिए । यहूदी जातिबाट आएका वक्ता र उनका साथीहरुका हृदयमा भएका विचारहरुलाई यसले अन्यजातिहरुको विरुद्धमा रहेको पूर्वाग्रह हटायो (प्रेरित १०:२८,४७; ११:१-४, १५-१८) । यो एउटा चिन्ह थियो कि परमेश्वरले अन्यजातिहरुलाई सुसमाचार पालन गर्न र उहाँको राज्यमा प्रवेश गर्न स्वागत गर्नुहुन्छ ।

पवित्र आत्माको बप्तिस्माले प्रेरितहरुलाई "स्वर्गको राज्यका साँचाहरु" (मत्ती १६:१९)- सुसमाचार (रोमी १:१६; ६:३-५,१७,१८; कलस्सी १:१३) प्रचार गर्ने बाटो खुला गर्‍यो । पहिले यहूदीहरु, त्यसपछि अन्यजातिहरुले सुसमाचार पालन गरेर राज्यमा प्रवेश गरे । यसरी, राज्य सबै जातिहरुका सबै मानिसहरुका लागि खुल्ला भयो । येशूले यो भविष्यवाणी गर्नुभएको थियो र आज्ञा गर्नुभयो (प्रेरित १:८; मत्ती २८:१९; मर्कूस १६:१५,१६) । ❁

# येशूले प्रेम गर्नुभएको चेला

- डेन आर ओवेन



जब्दीका छोरा यूहन्ना येशूको चेला थियो, जसलाई उहाँले प्रेम गर्नुभयो । चेला कस्तो हुनुपर्छ भन्ने विषयमा उनको जीवन हामी सबैको लागि एउटा उदाहरण भएको छ । उनी येशूको मनपर्ने चेलामा थियो । उनले हामीलाई अनुकरण गर्ने खालको आत्मिकी अगुवाइ प्रदान गरेको छ ।

जब्दी र सलोमीबाट जन्मेकोमा यूहन्ना मछुवाको कान्छो छोरा थिए । उनको परिवार कठोर परिश्रम गर्ने थियो, यसको साथै आरामदायी जीवन र विचारणीय मलतबमा पनि आनन्द गर्ने थियो । जवान यूहन्ना समुन्द्रमा हुर्केका थिए, बतास, डोरी, जाल कसरी प्रयोग गर्ने, मानिसले कसरी माछा पकने र त्यसबाट कसरी जीविको पार्जन गर्ने भन्ने कुरा जानेका थिए । तर एक दिन, जवान अगमवक्ता येशूले उनलाई उनको मछुवाको जालबाट बोलाउनुभयो र उनको जीवन परिवर्तन गर्नुभयो ।

येशलाई देखेर यूहन्ना छक्क पऱ्यो । उहाँका शिक्षाहरु, उहाँको व्यक्तित्वले युवा मछुवा यूहन्नालाई पूर्ण रुपमा मोहित बनायो । उनले अगमवक्तलाई पछ्याउँदै गर्दा, उनी चाँडै येशूको सबैभन्दा नजिकको साथी भयो । यो रुप परिवर्तनको पहाडबाट, गेथसमनी, क्रूससम्म, रित्तो चिहानसम्मको अविश्वसनीय यात्रा थियो । यसले यो युवालाई पूर्ण रुपमा परिवर्तन गरिदियो । उनी परमेश्वरसँग थियो । उनलाई यो थाहा थियो कि

उनले आफ्नो मालिकको आज्ञालाई पछ्याउनेछ र संसारलाई यसको बारेमा बताउनेछ ।

यूहन्नाले पवित्र आत्माको आगमन, पेन्तिकोसको दिनमा रुपान्तरणको लहर, र मण्डलीको प्रारम्भिक दिनहरुमा खीष्टियानिटीको विस्फोटनको अनुभव गरेका थिए । उनलाई परमेश्वरको साधनको रुपमा प्रयोग गरिएको थियो । उनलाई अदालतमा लगियो, प्रचार नगर्न चेतावनी दियो, कैदबाट छुटकारा गऱ्यो, फेरि पक्रियो, कैद गरियो, पिट्यो, र फेरि छुटायो । त्यस्तो हुँदा पनि प्रचार गर्ने कामलाई निरन्तरता दिइरहयो । टार्ससका शाऊलद्धारा मण्डलीको विनाश भएको कुरा उनले देखेको थियो, सतावटको कारणले मण्डली छरपष्ट भएको उनले देखे, र अन्ततः उनले शाऊल लगायत अन्य खीष्टियान दाजुभाइ, अन्यजाति र प्रेरितहरुसँगको संगतीमा हात बढाए ।

यूहन्ना यरुशलेममा आफ्ना जेठो दाजुको शहीदबाट ध्वस्त भएको थियो, र अन्ततः पवित्र आत्माले एफिससमा अगुवाइ गर्नुभयो । तानाशाह डोमिसयनको सतावटको समयमा, उनी धेरै वृद्ध भइसकेको थियो तापनि उनलाई पत्मोस टापुमा निर्वासन गरिएको थियो । त्यहाँ, प्रभु येशू उनीकहाँ आउनुभयो, उनलाई परमेश्वरको महान् उद्देश्यको व्याख्या गर्ने दर्शनहरु देखाउनुभयो, र तिनीहरुलाई लेख्न आज्ञा दिनुभयो । इं.सं. ९८ मा कमजोर प्रेरित यूहन्नालाई कैदबाट छुटकारा गरियो । उनी एसियमा फर्के । त्यहाँ उनले आफ्नो मृत्युको दिनसम्म मण्डलीहरुमा सेवा गरेका थिए ।


येशूलाई प्रेम गर्नुहुने चेलाले आफ्नो बुबाको डुङ्गा छोडेको दिनदेखि एफिससमा आफ्नो मृत्यु नहोउन्जेलसम्म कहिल्यै डगमगाएनन् । उनको जीवन ईश्वरीय हलोमा हात हालेर फर्केर नहेर्ने कथा जस्तो थियो । उनलाई थाहा थियो कि उनको मालिक को हो र अन्त्यसम्म उहाँको पछि लागे । चेला हुनुको अर्थ यही हो । ❀

**चेलामा हुनुपर्ने गुणहरू**

| | |
|---|---|
| **यूहन्ना ८:३२–** | **तिमीहरू मेरो वचनमा रहयौ भने तिमीहरू साँच्चै मेरा चेला हौं ।** |
| **यूहन्ना १३:३५–** | **यदि तिमीहरूले एक–अर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ ।** |
| **यूहन्ना १५:८–** | **तिमीहरू धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गऱ्यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ ।** |

# नयाँ नियमका केही महत्वपूर्ण व्यक्तिहरु

– ओवेन कोसग्रोभ



VIP (कहिलेकाहीँ V.I.P. को रुपमा लेखिएको) ले एउटा धेरै महत्वपूर्ण व्यक्तित्व मानिने मानिसलाई नियुक्त गर्दछ । यसले सबै प्रकारका मानसिक छविहरुलाई परिप्रेक्ष गर्दछ, कुनै राज्य प्रमुखदेखि लिएर फुटबल खेल हेर्न आउने हजारौं पैसा तिर्न इच्छुक भएका महत्वपूर्ण साथीहरुसम्म पर्छन् ।

नयाँ नियममा, हरेक मानिस एउटा महत्वपूर्ण व्यक्ति हो । यस अर्थमा कि उनमा संसारको सबैभन्दा मूल्यवान आत्मा छ । येशू हराएको आत्मा खोज्न र बचाउन आउनुभयो किनभने हरेक व्यक्ति परमेश्वरको नजरमा पृथक र बहुमूल्य छन् । सबैभन्दा अचम्मको कुरा यो हो कि जब हामी पापी थियौं, ख्रीष्ट अधर्मीहरुको लागि मर्नुभयो (रोमी ५:६,८) ।

नयाँ नियममा उल्लेख गरिएका केही महत्वपूर्ण व्यक्तिहरु छन् । यहूदीयाका रोमी राजा हेरोदलाई पोम्पीले प्यालेस्टाइनको धेरै भागमा शासन गर्न नियुक्त गरेका थिए । उनले आफ्नो नामको अघि “महान” जोडेको थियो । मानिसहरुलाई शान्त पार्न, उनले यहूदीहरुको मन्दिरलाई ठूलो वैभवका साथ पुर्ननिर्माण गरे । उनी शासक हुँदा उनले आफ्नो सिंहासन जोगाउन बेथलेहेम र त्यस वरपरका शिशुहरुलाई मारेका थिए । वास्तवमा उनी महत्वपूर्ण व्यक्ति थियो । प्रेरित १२ अध्ययामा यूहन्नाका भाइ

याकूबलाई तरवारले मार्ने उनको छोरा थियो, र उनको नाति हेरोद अग्रिपा द्वितीय, जसले प्रेरितको पुस्तक २६ अध्यायमा पावलको प्रतिरक्षाको वचन सुनेका थिए ।

नयाँ नियममा अन्य धेरै महत्वपूर्ण व्यक्तिहरु छन्: येशूलाई मार्न प्रयास गर्ने अगुवा प्रधान पूजाहारी, पोन्तस पिलातस, जसको डरले पक्रियालाई अघि बढाउन अनुमति दिएको थियो, साथै विभिन्न अगुवाहरु जसले प्रभुलाई फसाउन र लज्जित पार्न निरन्तर प्रयास गरिरहेका थिए, र उल्लेख नगरेका अरु महत्वपूर्ण व्यक्तिहरु पनि थिए जसले तिनीहरुको समाजलाई हल्लाउने र उचाल्ने काम गरेका थिए ।

नयाँ नियममा अरु महत्वपूर्ण व्यक्तिहरु पनि छन् जो मानव समाजको निम्ति काम नलाग्ने हुन सक्छन्, तर परमेश्वरको दृष्टिकोणमा धेरै महत्वपूर्ण व्यक्तिहरु थिए: लाजरस, जो धनी मानिसको ढोकामा बसेर टुक्रा-टुक्राको लागि भिख मागिरहेका थिए, पश्चात्ताप गर्दै बाटोमा हिँड्ने युवक, पापी स्त्री जसले प्रभुको खुट्टामा बहुमूल्य अत्तर घसेर अभिषेक गरिन् र आफ्नो कपालले नुहाइदिइन्, शंकास्पद नैतिकताको महिला जसले सुखार गाउँबाट बाहिर निस्केर प्रभुको वचन सुन्ने नेतृत्व गरिन्, गरीब विधवा जसले प्रभुको भेटी पात्रोमा दुई सिक्का दिइन् । सूची लामो नहुने गरी जान्छ: गरीब, अन्धा, लङ्गडा, बिरामी, समस्यामा परेका, दासहरु, निरुत्साहित, समाजले अस्वीकार गरेका- तिनीहरु सबैले येशूमा एउटा साथी पाए, र उहाँको लागि तिनीहरु सबै नै धेरै महत्वपूर्ण व्यक्तिहरु थिए ।

सायद धेरै मानिसहरुले आफूलाई उच्च मूल्याङ्कन गर्न नसक्नुको एउटा कारण यो हो कि एउटा राम्रो आत्म- छवि हो, किनभने तिनीहरुले आलोचकहरुलाई खीष्टको सट्टा आफ्नो मूल्य मूल्यांकन गर्न अनुमति दिएका छन् । सायद कोही-कोहीले आफू र समाजको लागि यति सस्तो "बिक्री" गर्नुको एउटा कारण यो हो कि उनीहरुले आफू कत्तिको महत्वपूर्ण छ र परमेश्वरको नजरमा पनि महत्वपूर्ण हुन सक्छन् भनेर बुझेका छैनन् ।

महत्वपूर्ण व्यक्तिहरुको संसारले साधारण मानिसहरुलाई कम मूल्य ठान्न सक्छन्, तर प्रभुले कहिल्यै त्यसो सोच्नुहुन्न् । परमेश्वरले अगमवक्ता शमूएललाई भन्नुभयो, "...परमप्रभुले मानिसले झैं हेर्नुहुन्न । मानिसले रुप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नुहुन्छ" (१ शमूएल १६:७) । परमेश्वरको नजरमा हरेक व्यक्ति महत्वपूर्ण छ । ❁

# मैले भेटी किन दिनुपर्छ?

– बबी डकरी



कहिलेकाहीँ मानिसहरुले मण्डलीलाई पैसामा धेरै जोड दिएको आरोप लगाउँछन् । कसै-कसैले "आत्मिक" कुराहरुको बारेमा कुरा गर्दा "पैसा" ल्याउनु कुनै न कुनै रुपमा अनुपयुक्त छ भन्ने विश्वास गरेको देखिन्छ । तर येशूले त्यसलाई विश्वास गर्न इन्कार गर्नुभयो । उहाँले बारम्बार पैसाको बारेमा कुरा गर्नुहुन्थ्यो । उहाँका दृष्टान्तहरुका दुई तिहाइमा पैसाको उचित प्रयोग गर्ने बारे उल्लेख गरेका छन् । उहाँले धर्मलाई दिने कुराबाट अलग गर्नु असम्भव छ भनेर जोड दिनुभयो (लूका ६:३८) । बाइबलमा दिने कुरालाई ७,००० पटक भन्दा बढी उल्लेख गरिएका छन् ।

हामी परमेश्वरको निम्ति जिउने कुरामा गम्भीर छौं भने, हामीले परमेश्वरलाई दिनेबारे कुरा गर्नुपर्छ । उहाँलाई दिनुको केही कारण यहाँ प्रस्तुत गरेको छ:

(१) **दिनु भनेको आराधनाको अभिव्यक्ति हो ।** नदिई परमेश्वरको आराधना गर्न असम्भव छ । बाइबलमा "आराधना" शब्द पहिलो पटक देखा पर्दा यो बलिदान दिने कार्यसँग घनिष्ट रुपमा जोडिएको छ (उत्पति २२:५) । आराधना भनेको श्रद्धा, आदर, सम्मान, सेवाको भाव देखाउनु हो । दिने कुरामा यी सबै विचार सम्लग्न हुन्छन् । वास्तवमा, हाम्रा कार्यहरु प्रायः हाम्रो पेशाहरु भन्दा ठूलो शब्दहरुमा बोल्छन् ।

(२) **दिनु चेलापनको अभिव्यक्ति हो ।** नदिई हामी ख्रीष्टको अनुयायी हुन सक्दैनौं । हामीलाई प्रेरित पावलले स्मरण गराएको छः “किनकि हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिनीहरुलाई थाहा छ, उहाँ धनी हुनुहुन्थ्यो, तरै पनि तिमीहरुका खातिर उहाँ गरीब हुनुभयो, ताकि उहाँको गरीबीबाट तिमीहरु धनी हुन सक” (२ कोरिन्थी ८:९) । येशू सबै कुरामा हाम्रो उदाहरण हुनुहुन्छ; हामी उहाँको हुन हामीले उहाँले जस्तै गर्नुपर्छ । उहाँ इतिहासको सबैभन्दा ठूलो दाता हुनुहुन्थ्यो । त्यो धनी युवक शासकमा दिने चाहने थिएन् जसले उनलाई चेला बन्नबाट रोकेको थियो । दिने बारेको कमजोर मनोवृत्तिले हामीलाई आज ख्रीष्टलाई पछ्याउने कुरामा पर राख्न सक्छ ।

(३) **दिनु प्रेमको अभिव्यक्ति हो ।** दिने कुराले हाम्रो प्रेमको वास्तविकता देखाउँछ । प्रेमले दिने कुरा प्रकट गर्छ (यूहन्ना ३:१६) । कोरिन्थीहरुलाई दिने कुरामा प्रोत्साहित गर्दै, पावल यस्तो लेख्दछ, “...तिमीहरुको प्रेम पनि साँचो हो भन्ने प्रमाणित गर्नलाई मैले यो भनेको हुँ” (२ कोरिन्थी ८:८) । प्रेमले दिन्छ । यो निकै सरल छ । पर्याप्त मात्रामा नदिनु अपरिपक्व वा निष्ठाहीन प्रेमको लक्षण हो ।


(४) **दिनु एकताको अभिव्यक्ति हो ।** एउटा अर्थमा, दिने कुरा व्यक्ति र परमेश्वरको बीचमा हुन्छ । तर अर्को अर्थमा, दिनु एउटा संगठित कार्य हो- अन्य ख्रीष्टियानहरुसँग संगतीमा गरिएको कुरा पनि हो । असल कामको निम्ति अरुसँग संगति गर्न सकून भनेर पावलले कोरिन्थीहरुलाई दिनको लागि अपील गरे (२ कोरिन्थी ८:१) । जब यो मण्डलीको कार्यको कुरामा आउँछ, हामी सबैले के गर्नु पर्छ भन्ने दृष्टिकोण हो जुन अरु सबैको भन्दा थोरै फरक छ । तर हामीले दिएर हामी सम्पूर्ण मण्डलीको भलाइको लागि काम गर्न व्यक्तिगत प्राथमिकताहरु पन्छाउन इच्छुक छौं भनेर देखाउँछौं । हाम्रो योगदानले हाम्रो साझा प्रतिक्रियालाई प्रतिनिधित्व गर्दछ, परिवारको रुपमा, परमेश्वरले हामीलाई दिनु भएको कामको रुपमा हामीले गर्नुपर्छ ।

वास्तवमा दिने कुरा आफैबाट सुरु हुन्छ (२ कोरिन्थी ८:५) । आफैले आफैलाई पहिला प्रभुमा दिनु पर्छ  आफैले आफूलाई दिनु सबैभन्दा गाह्रो चीज हो । तपाईले नदिनुभएसम्म, तपाईसँग वास्तवमा परमेश्वरले प्रयोग गर्न सक्ने अरु केही चिज छैन् । ❁

# के एउटा अर्को जत्तिकै राम्रो छ?

– वेन्डेल विंकलर






यदि तपाई डाक्टरलाई फोन गर्दै हुनुहुन्छ भने, के एउटा डाक्टर अर्को जत्तिकै राम्रो छ? यदि तपाई पत्नी खोज्दै हुनुहुन्छ भने, के एउटा अर्को जस्तै राम्रो छ? यदि तपाई औषधी सेवन गर्दै हुनुहुन्छ भने, के एउटा अर्को जत्तिकै राम्रो छ? त्यसो भए, किन भौतिक चीजहरुमा यति व्यापक हुन्छौं र आफ्नो आत्मिक कुराहरुमा फराकिलो र लापरवाही हुन्छौं? हामी प्रायः सुन्छौं कि "एउटै विश्वास, मार्ग, आराधना, धर्म, बप्तिस्मा, मण्डली, नाम वा सिद्धान्त" अर्को जत्तिकै राम्रो छ ।

**विश्वासः** के एउटा विश्वास अर्को विश्वास जत्तिकै राम्रो छ? यदि त्यसो हो भने, "एउटै प्रभु, एउटै विश्वास, एउटै बप्तिस्मा" (एफिसी ४:५) भनेर प्रेरितहरुले किन सिकाए? त्यसो हो भने, एउटा मृत विश्वास एउटा सक्रिय जत्तिकै राम्रो हुनेछ । बाइबलले दुवै प्रकारको कुरा गर्दछ (याकूब २:२६) ।

**मार्गः** के एउटा मार्ग अर्को मार्ग जत्तिकै राम्रो छ? यदि त्यसो हो भने, "बाटो म नै हुँ..." (यूहन्ना १४:६) भनी किन येशूले भन्नुभयो? यसबाहेक, हितोपदेश १४:१२ ले भन्छ, "कुनै बाटो मानिसको नजरमा ठीक देखिएला, तर अन्त्यमा त्यसले मृत्युमा पुऱ्याउँछ ।" के यो बाटो अनन्त जीवनमा पुऱ्याउने सीधा र साँघुरो जत्तिकै राम्रो छ (मत्ती ७:१३,१४)?

**आराधनाः** के एउटा आराधना अर्को आराधना जत्तिकै राम्रो छ? यदि

त्यसो हो भने, परमेश्वरले किन कयिनको आराधनालाई अस्वीकार गर्नुभयो र हाबिलको आराधनालाई स्वीकार गर्नुभयो (लेवी १०)? यदि एउटा आराधना अर्को जत्तिकै राम्रो छ भने, अज्ञानताको आराधना (प्रेरित १७:२३), व्यर्थको आराधना (मत्ती १५) र इच्छा अनुसारको आराधना (कलस्सी २:२३) पनि सत्यताको आराधना (यूहन्ना ४:२४) जत्तिकै राम्रो हुनेछ ।

**धर्मः** के एउटा धर्म अर्को धर्म जत्तिकै राम्रो छ? यदि त्यसो हो भने, किन प्रेरितको पुस्तकमा एउटा धर्मबाट अर्को धर्ममा रुपान्तरण भएका घटनाहरु अभिलेख गर्दछ? लगभग हरेक रुपान्तरणमा एउटा धार्मिक व्यक्तिको परिवर्तन भएको छ । एउटा धर्म अर्को जत्तिकै राम्रो हो भने परिवर्तन किन हुनु पर्‍यो? बाइबलले केवल एउटै शुद्ध धर्मको चर्चा गर्दछ (याकूब १:२७) ।

**बप्तिस्माः** यदि एउटा बप्तिस्मा अर्को बप्तिस्मा जत्तिकै राम्रो हो भने, यूहन्नाको बप्तिस्मा लिएकाहरुलाई किन प्रेरितको पुस्तक १९ अध्यायमा पुनः बप्तिस्मा गरियो? बप्तिस्माले मान्यता पाउनको लागि यो साँचो विश्वासमा (मर्कूस १६:१६), पापको श्चात्ताप (प्रेरित २:३८), र उचित स्वीकारको (प्रेरित ८:३६-३८) आधारमा हुनुपर्छ ।

**मण्डलीः** के एउटा मण्डली अर्को मण्डली जत्तिकै राम्रो छ? यदि त्यसो हो भने, मानिसद्वारा निर्मित र स्थापित मण्डलीहरु (मत्ती १५:१३; भजनसंग्रह १२७:१) प्रभुद्वारा स्थापित भएको मण्डली (मत्ती १६:१८) जत्तिकै राम्रो हुनेछ । तैपनि, मत्ती १५:१३ ले हामीलाई बताउँछ कि पिताले नरोप्नु भएको हरेक बोट जरादेखि उखेल्नेछ ।

**नामः** के एउटा नाम अर्को नाम जत्तिकै राम्रो छ? यदि त्यसो हो भने, किन प्रभुले केही नामहरु परिवर्तन गर्नुभयो- जस्तै अब्रामबाट अब्राहाम, सराईबाट सारा, याकूबबाट इस्राएल, इत्यादि? साथै, प्रभुले प्रेरित ४:१२ मा येशूको नाउँ बाहेक अरु कुनै नाममा मुक्ति छैन भनेर किन सिकाउनुभयो?

**शिक्षाः** यदि एउटा शिक्षा अर्को शिक्षा जत्तिकै राम्रो छ भने, "ख्रीष्टको सिद्धान्तमा स्थिर नबसेर त्यसको सीमादेखि बाहिर जाने मानिससँग परमेश्वर हुनुहुन्‍न् तर यस सिद्धान्तमा स्थिर रहनेसँग पिता र पुत्र दुवै हुनुहुन्छ" (२ यूहन्ना ९) भनी किन लेखेको होला?

निस्सन्देह, हामी स्पष्ट रुपमा देख्न सक्छौं कि एउटा अर्को जस्तो राम्रो छैन ।

❀

# "सुसमाचार पालना गर्नु" को अर्थ के हो?

- डेनिस गुजेल

प्रायः हामी "सुसमाचारको पालन गर" भन्ने अभिव्यक्ति प्रयोग गर्छौं । यसको मतलब के हो? के यो ख्रीष्टको मण्डलीहरुका लागि विशिष्ट छ? के बाइबलले यस्तो अवधारणा सिकाउँछ? यदि त्यसो हो भने, हामीले सुसमाचारलाई कसरी पालना गर्न सक्छौं?

हाम्रो पापको लागि येशूको मृत्यु, उहाँको गडाई र उहाँको पुनरुत्थान नै सुसमाचार हो (१ कोरिन्थी १५:१-३) । हामीले सुसमाचार कसरी पालन गर्न सक्छौं? पावल जवाफ दिन्छन्, "तर परमेश्वरलाई धन्यवाद होस्, कि तिमीहरु, जो एक पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको नमूनामा तिमीहरु सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ" (रोमी ६:१७) । यो आज्ञाकारिता विगतमा प्रदान गरिएको कुरा थियो जसले गर्दा तिनीहरुको राज्य पापका सेवकहरुबाट धार्मिकताका सेवकहरुमा परिवर्तन भयो (पद १८) । "धार्मिकताको सेवक" त्यो व्यक्ति हो जो बप्तिस्मामा ख्रीष्टसँग गाडिएको छ र नयाँ जीवनको निम्ति ख्रीष्टमा उठेको छ (रोमी ६:४-६) । यो हामीले पालन गर्ने "सिद्धान्तको रुप" नै सुसमाचार हो ।

सुसमाचारमा विगतको आज्ञाकारिता मात्र होइन, तर हामीले देखाउनु पर्ने निरन्तर आज्ञाकारिता पनि छ (१ यूहन्ना १:७) । हामीले जीवनभर सुसमाचारको आज्ञा पालना गरिरहनुपर्छ । पावल यस्तो लेख्दछ: "यसकारण शरीरका अभिलाषा अनुसार चल्नु नपरोस् भनी तिमीहरुका मरणशील शरीरलाई पापलाई राज्य गर्न नदेओ । आफ्ना शरीरका अङ्गहरु दुष्टताका साधनको रुपमा पाप गर्नलाई समर्पण नगर । तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरुजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरुलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर ।" त्यसकारण, सुसमाचारलाई निरन्तर रुपमा आज्ञा पालन गर्नु पर्छ । यो हामीले गर्ने र नगर्ने कामहरुमा देखिन्छ । ❀

**"किनभने न्याय परमेश्वरकै परिवारबाट सुरू हुने समय आएको छ, र यदि यो हामीबाट सुरू हुन्छ भनेता परमेश्वरको सुसमाचार नमान्नेहरूको अन्त्य कस्तो होला?" १ पत्रुस ४:१७)**

# जबसम्म आफ्ना पिताको राज्यमा तिमीहरूसँग नयाँ गरी पिउँदिनँ (मत्ती २६:२६)

**पहिलो,** येशूको कथन थियो कि उहाँले दाखको फलबाट तबसम्म पिउनुहुने छैन् जबसम्म आफ्ना पिताको राज्यमा तिनीहरुसँग नयाँ गरी पिउनुहुन्न् (मत्ती २६:२६-२९) । यो राज्यले स्वर्गलाई जनाउँदैन, बरु मण्डलीलाई जनाउँछ ।

बप्तिस्मा दिने यूहन्ना र येशूले राज्यलाई (नजिक, वा चाँडै आउने) "हातमा" छ भनी प्रचार गरिएको थियो (मत्ती ३:२; ४:१७) । जबसम्म तिनीहरुले राज्य शक्तिको साथ आएको देख्दैनन् तबसम्म त्यस समयमा बाँचिरहेका कोही-कोही मर्नेछैनन् भनी येशूले भन्नुभयो (मत्ती १६:२८; मर्कूस ९:१) ।

आफ्नो मण्डली स्थापित गर्नेछु भनी येशूले भन्नुभयो (मत्ती १६:१८) । अर्को पदमा उहाँले मण्डलीलाई स्वर्गको राज्यको रुपमा उल्लेख गर्नुभयो । यूहन्ना मार्फत मत्तीको पुस्तकमा राज्यको बारेमा गरिएका भनाइहरुले भविष्य कालको बारेमा बताउँछन् । राज्यको बारेमा भनाइ राखे पछि प्रेरितको पुस्तक २ अध्याय पश्चात्त राज्यलाई वर्तमान संस्थाको रुपमा उल्लेख गर्दछ (प्रेरित ८:१२; कलस्सी १:१३; हिब्रू १२:२८; प्रकाश १:९) । प्रेरित २ अध्यायमा के घटना घट्यो जसको कारणले गर्दा परिवर्तन भए? मण्डलीको स्थापना भयो ।

जब मण्डली प्रत्येक हप्ताको पहिलो दिन प्रभु भोजमा सम्लग्न हुन्छ, यद्यपि ख्रीष्ट शारीरिक रुपमा उपस्थित हुनुहुन्न् र प्रभु भोजमा हिस्सा लिनुहुन्न्, उहाँ हामीसँग आत्मिक संगतिमा उपस्थित हुनुहुन्छ, जुन हामीले प्रभुभोजलाई अवलोकन गर्दा हुन्छ ।

**दोस्रो,** विचाराधीन खण्डमा (मत्ती २६:२९), येशूले दाखको बोटको कुनै पनि प्रकारको फल (अंगुरको रस, दाखमद्य) पिउनुलाई उल्लेख गर्नुभएन्, तर विशेष गरी प्रभु भोज हो । ध्यान दिनुहोस् उहाँले भन्नुभयो, "म यो कचौरा पिउँदिन," विशेष गरी प्रभु भोजको कचौरालाई उल्लेख गर्दै हुनुहुन्छ ।

त्यसकारण, मत्ती २६:२९ को भनाइ र यूहन्ना १९:३० को येशूको कार्यमा कुनै विरोधाभास छैन । ❀

# सुसमाचार प्रचार अहिले र पछि

**– लोय मिचेल**

**परिचय:**

(१) प्राथमिकताहरु सधैं समस्या भएको छ (मत्ती ६:३३)।

(२) अहिले तपाईको प्रमुख काम के हो? शिक्षा लिनुहुन्छ? पैसा कमाउनुहुन्छ?

(३) शिक्षा महत्वपूर्ण छ र परमेश्वरको इच्छा पूरा गर्नु एउटा हिस्सा हो, तर हामी कहिले सुसमाचार प्रचार गर्न सक्छौं (१ तिमोथी ४:१६)?

**मूख्य भाग:**

**(क) हामीले आफैलाई ध्यान दिनु पर्छ।**

(१) के हाम्रो जीवन शुद्ध छ (१ तिमोथी ४:१२; ५:२२)?

(२) सुनेको कुराभन्दा देखेको कुराले बढी वजन बोक्छ।

(३) के अरुले हाम्रो नम्रता देख्न सक्छन् (याकूब ४:१०)?

(४) के अरुले हामीमा ख्रीष्टलाई देख्छन् (कलस्सी १:२७)?

**(ख) शिक्षा वा सिद्धान्तमा ध्यान दिनुहोस्।**

(१) हामीलाई थाहा नभएको कुरा हामीले सिकाउन सक्दैनौं (हिब्रू ५:१२-१४)।

(२) के हामी अत्याधिक बहावबाट सिकाउन सक्छौं?

(३) आगो कहाँ छ (यर्मिया २०:९)?

**(ग) तिमी र अरुलाई बचाउनेछ (१ तिमोथी ४:१६)।**

(१) परमेश्वरले प्रत्येकलाई अरुसँग सम्पर्कमा राख्नुहुन्छ।

(२) चाहे असल वा खराब सबै उदाहरणहरु हुन्।

(३) सम्लग्न हुनुहोस्।

**(घ) केही व्यवहारिक सुझावहरु।**

(१) अरुलाई उदाहरणद्धारा थाहा होस् कि तपाईको जीवनमा प्रार्थना र उहाँको वचन अध्ययनद्धारा परमेश्वर पहिलो स्थानमा हुनुहुन्छ।

(२) परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा याद गर्नुहोस्।

(३) आफ्नो बोलीवचनको भाषा हेर्नुहोस्।

(४) सकारात्मक हुनुहोस्।

**निष्कर्ष:**

(क) बुद्धि र मार्गदर्शनको लागि प्रार्थना गर्नुहोस्।

(ख) सर्प जस्तै चलाख र ढुकुर जस्तै सोझो हुनुहोस्।

❀

# भोजमा आउनुहोस् ।

- एन्डी जोस्टे

**परिचयः**

(१) धेरै देशका मानिसहरु सबै ठाउँमा खाना खान मन पराउँछन् ।

(२) भोजको निमन्त्रणा पाउँदा सबै खुशी हुन्छन् ।

**मूख्य भागः**

**(क) सबै चीजहरु तयार छन् ।**

(१) तयारीहरु ३,००० वर्ष पहिले सुरु भएको थियो (उत्पति १२:३) ।

(२) सबै जातिलाई स्वागत हुनेछ (उत्पति १२:३; लूका १३:२५) ।

(३) भविष्यवाणीहरु पूर्ण भएको छ (मत्ती २२:४; प्रेरित ३:१८-२५) ।

**(ख) टेबल फैलिएको छ ।**

(१) शत्रुहरुको बीचमा राखिएको छ (भजनसंग्रह २३:५) ।

(२) "सूप र स्याण्डउइच" भन्दा बढि प्रदान गरियो-मेरो कप पोखियो ।

(३) व्यंजन सूचीः

(क) जीवित, तिर्खा मेटाउने पानी (यूहन्ना ४:१०,१३,१४) ।

(ख) बाँच्ने, भोक तृप्त गर्ने रोटी (यूहन्ना ६:३५) ।

(ग) अनन्तसम्म शक्तिदिने पोषण (यूहन्ना ११:२५,२६) ।

**(ग) निम्तेदारहरु कडाइका साथ प्रवेश गर्ने ।**

(१) कुनै लुकेर बस्ने ठाउँ छैन । पुग्ने अर्को ढोका पनि छैन (मत्ती २२:१२) ।

(२) को फर्किनेछ, आश्चर्यचकित हुनेछ (मत्ती ७:२१-२३) ।

(३) एउटै मात्र स्वीकार योग्य प्रवेश हुनेछ (यूहन्ना १४:६) ।

**निष्कर्षः**

(क) के प्रवेश निःशुल्क उपहार हो?

(ख) मुक्तिको उच्च लागत (यूहन्ना ३:१६) । येशूले सबै तिर्नुभयो ।

(ग) उपहार प्राप्त गर्नुहोस् र प्रयोग गर्नुहोस् (यूहन्ना १:११,१२; प्रेरित २:३६-४१) ।

❀

## पदको खोजी
**(पाना नं. २४)**

**उत्तरहरु:**


(१) ख्रीष्ट येशूमा भएकाहरुलाई
(२) शरीर, आत्मा
(३) पाप र मृत्युबाट मुक्त पार्न सकेन
(४) पापलाई शरीरमा दण्ड दिन
(५) मृत्यु, जीवन, शान्ति
(६) पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो ।
(७) परमेश्वरको आत्मा
(८) शरीरले हामीलाई मृत्युदेखि छुटाएन
(९) आत्मा अनुसार जिउनुपर्छ
(१०) परमेश्वरका सन्तान
(११) दासत्वको आत्मा, धर्मपुत्र हुने
(१२) अब्बा, पिता
(१३) परमेश्वरको आत्मा र हाम्रो आत्मा
(१४) उत्तराधिकारी, साझे-उत्तराधिकारी

## ५ मिनेट बाइबल अध्ययन
**(पाना नं. ५६)**

**उत्तरहरु:**
(१) परमप्रभुको, धार्मिकता
(२) महान्, विश्वसनीयताले
(३) करुणा, अपराधहरु
(४) पिता, कृपालु
(५) दया, पापीहरुलाई
(६) मानिसहरुका,कृपालु, प्रधान पूजाहारी

**म को हुँ?** (पेज नं. ७७)
उत्तर: अविगेल

**म कहाँ छु?** (पेज नं. ७८)
उत्तर: यर्दन नदी



**सत्यवाणी नेपाल लगायत अन्य ख्रीष्टियान पुस्तिकाहरू प्राप्त गर्नको लागि तलको ठेगानामा सम्पर्क गर्नुहोस् ।**
**पो.ब.नं. २५९९९**
**इमेल: <votinepal@gmail.com>**



Ready Reference
For Growing Christians
तयारी सन्दर्भ
घर-घरमा हृदय-हृदयमा
नयाँ नियमलाई
१२ पदहरुमा बुझ्दै
Fundamental Truths of Christianity
खीष्टियानिटिका आधारभूत सत्यताहरु
मुक्तिको निम्ति हाम्रो जग
बाइबलको मण्डली
The Church of the Bible
By J.C. Choate
ख्रीष्टको सुसमाचार
The Gospel of Christ
GOSPEL SHARE 4 FIELDS DISCIPLESHIP
Nepali– Nepal
प्रशिक्षण पुस्तिका
THE VOICE OF TRUTH INTERNATIONAL
सत्यवाणी
नेपाल
ख्रीष्टियान स्त्रीहरु
डाँडाको उपदेश
Sermon on the Mount
बाइबल कसरी अध्ययन गर्ने?
जे.सी चोएट्स
HOLY BIBLE
येशू ख्रीष्ट अनन्तको बलिदान
खुशीको कुञ्जी
परमेश्वर को हुनुहुन्छ?
आउने इन्साफ
नियम पूर्व प्रार्थना
बाइबलको एउटै सत्य मण्डली
ख्रीष्टियान को हो?